
धर्म-आलोक

धर्मसापेक्षतामा हिन्दूधर्म



...व गोरक्षनाथ

भगवान् बुद्ध

38.4
T5LOET



हिन्दूराष्ट्र जागरण अभियान



©International Forum Press, Anamnagar, Shantipath, Kathmandu, Tel: 220713, 254195

न्यायसंस्थापनार्थं च सुखशान्त्यर्थमेव च ।
लोके धर्मविचारस्याऽऽवश्यकत्वमिति स्थितिः ॥

धर्म-आलोक

(धर्मसापेक्षतामा हिन्दूराष्ट्र)

सम्पादन समिति

दीनबन्धु अर्याल
भरतराज पीडित
योगी बलभद्रनाथ
कृष्णमुरारि गौतम'चट्याङमास्टर'
पुण्यप्रसाद अर्याल
मोहन पाण्डे

प्रकाशक :
हिन्दूराष्ट्र जागरण अभियानका लागि
गोरक्ष जागरण अभियानद्वारा प्रकाशित
अनामनगर, शान्तिगल्ली-१, १५९/१५, काठमाडौं
फोन नं. : ४-२२०७१३, ४-२५४१९४

पुस्तकको नाम : धर्म-आलोक
(Dharma -Aalok)

प्रकाशक : हिन्दूराष्ट्र जागरण अभियानका लागि
गोरक्ष जागरण अभियानद्वारा प्रकाशित

सर्वाधिकार : प्रकाशकमा

सल्लाहकार : एम.वी. पाण्डे, नवराजोपाध्याय
व्यवस्थापन : रामकुमार अधिकारी
कम्प्यूटर सेटिङ : नीता ढुंगेल (पौडेल)
टाइप : सरस्वती दाहाल
प्रकाशन वर्ष : २०६३ विजयादशमी
प्रकाशित संख्या : १०,०००

मुद्रण :
अन्तर्राष्ट्रिय मञ्च छापाखाना
अनामनगर, शान्तिगल्ली-१, १५९/१५
पो.ब.नं. ३१३, काठमाडौं
फोन नं. : ४-२२०७१३, ४-२५४१९४
ई-मेल : intforum@infoclub.com.np

ISBN :

सहयोग राशि : रु. ५१।-

ACC NO
15031

298.5

भगवद्गीतामा कृष्णजी भन्नुहुन्छ

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥

धर्मयुद्धमा मारियौ भने स्वर्ग पाउँनेछौ, जित्यौ भने पृथ्वीको भोग गर्नेछौ । त्यसकारण हे नेपालीहरू हो ! धर्मयुद्धको निम्ति निश्चय गरेर उठ र विजय प्राप्त गर । *- हिन्दूराष्ट्र जागरण अभियान ।*

विषय-सूची

परिशिष्ट

प्रकाशकीय

नेपाललाई धर्मसापेक्ष गोरक्षक हिन्दूराष्ट्र घोषणा गर !

स्वतन्त्र राष्ट्र नेपाल आफ्नो उत्पत्तिकालदेखि नै धर्ममूलक राष्ट्र रहँदै आएको छ। नेपाली जीवनपद्धतिको कणकणमा धार्मिक प्रभाव छ। जसरी रक्तहीन शरीरको कल्पना गर्न सकिन्न, त्यसरी नै नेपाललाई 'धर्मनिरपेक्ष राष्ट्र'को रुपमा कल्पना गर्न सकिन्न। सामाजिक, राजनीतिक, आर्थिक वा व्यक्तिगत प्रत्येक क्षेत्र धर्म भावनाले ओतप्रोत भएको मूलुक नेपाल हो। धर्म जीवनको लक्ष्य हो भने राजनीति साधन हो। धर्म विचार हो भने राजनीति क्रिया हो। राष्ट्रमा न्यायको स्थापना गर्न र सुख, शान्ति र सम्पन्ताका लागि धर्ममा आधारित राजनीतिवाट मात्र सम्भव हुन्छ।

विश्वका सवै धर्मको आधारकारूपमा रही मानव जातिको उत्पत्तिदेखि आजसम्म अखण्ड धारमा निरन्तर चल्दै आएको सनातन, वैदिक, गोरक्षक हिन्दू धर्मसापेक्ष नेपाल राष्ट्रलाई जनआन्दोलनवाट पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ गतेका दिन धर्मनिरपेक्षराष्ट्र घोषणा गर्नु नेपालको राष्ट्रिय स्वतन्त्रता, अस्तित्व, ऐतिहासिक गौरव, एकता, अखण्डता, शान्ति र उन्नतिको लागि नै घातक भएको छ। नेपाललाई धर्मनिरपेक्षराष्ट्र घोषणा गर्ने निर्णयभन्दा पनि घातक अप्रत्यासितरुपले यो निर्णय गरिनुको पछाडीको नियत, षडयन्त्र, चक्रव्यूहलाई मान्न सकिन्छ। यो राष्ट्रघाति निर्णयको माध्यम वनाएर नेपाल र नेपाली विरुद्ध अव प्रत्येक क्षण दूरगामि षडयन्त्र जारी रहने निश्चित भै सकेको छ। जनमत संग्रह वा अन्य कुनै उपयुक्त प्रजातान्त्रिक प्रकृया विना अस्तित्वमा आएको एक अवैधानिक संसदले अप्रत्यासितरुपले नेपाललाई धर्मनिरपेक्षराष्ट्र घोषणा गर्नु गराउनु भनेको हामी नेपाली माथि विधर्मी, राष्ट्रघाति, विखण्डनवादी, विस्तारवादी, साम्राज्यवादी र नव-उपनिवेशवादीहरुले खुलारुपमा चौतर्फी युद्ध घोषणा गरी नेपालको स्वतन्त्र अस्तित्वमाथि नै वलात्कार गरेको हो। यस प्रकारको घोषणाले आज नेपालमा जनमत संग्रह वा अन्य कुनै उपयुक्त प्रजातान्त्रिक प्रकृया विना सञ्चालित हुदै आएको जुन सरकार छ यो तिनै विधर्मी र राष्ट्रघातिहरुको इशारामा नेपालमाथि लादिएको हो भन्ने स्पष्ट हुन्छ। यदि यो सरकार राष्ट्रघातिहरुद्वारा सञ्चालित होइन भने यो र अन्य राष्ट्र र धर्म विरोधी निर्णयलाई तुरुन्तै फिर्ता लिन नेपाल सरकार, प्रतिनिधिसभा र सम्पूर्ण राजनीतिक दलहरूसँग हार्दिक अनुरोध गर्दछौं। यो राष्ट्रघाति र मानवधर्म विरोधी निर्णयलाई फिर्ता नलिएसम्म शान्ति र सहिष्णुतालाई आधार मानेर चल्दै आएका हामी सनातनीहरू यथोचित धर्मयुद्धमा होमिन वाध्य भएको पनि घोषणा गर्दछौं।

नेपाल राष्ट्र र राष्ट्रिय धर्मको रक्षाका लागि धर्मयुद्धमा ऐक्यवद्धता जनाऔं। नेपालका प्रत्येक नागरिक, व्यक्ति, सन्त, महन्त, साधु-सन्यासी, गुरू-पुरोहित, भिक्षु, धामी-झाँक्री, घर परिवार, समाज, धार्मिक संघ-संस्था, मठ-मन्दिर, गुम्वा, विहार, पर्व, अनुष्ठान सवै क्षेत्रमा प्रत्येक दिन संघर्षको उदघोष निरन्तररूपले गर्न गराउन हार्दिक अनुरोध गर्दछौं।

यो **धर्म-आलोक** नामक पुस्तक यसै हिन्दुराष्ट्र जागरण अभियानको सिलसिलामा गोरक्ष जागरण अभियानद्वारा प्रकाशित भएको हो। यस प्रकारका पुस्तकहरु हामी निरन्तररुपले प्रकाशित गर्दै जाने छौं। यो **धर्म-आलोक**को प्रकाशनमा आर्थिक र अन्य सहयोग गर्ने देशभक्त नेपालीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौ। यो **धर्म-आलोक** खरीद गरी आफु पनि पढने अन्यलाई पढन-पढाउन सल्लाह दिई हिन्दुराष्ट्र जागरण अभियानमा संलग्न हुनु नेपाल भित्र र वाहिर रहेका सम्पूर्ण नेपालीहरुको परम कर्तव्य हो।

सम्पादकीय

मानवमात्रका लागि शान्ति, न्याय र समृद्धिका लागि महर्षि र तत्वदर्शीले धर्मचिन्तनको व्यवस्थित शृंखला कायम हुँदै आएको कुरा निर्विवाद सिद्ध भएको छ । सामाजिक सद्भाव र सद्गुणको लक्षण वोकेको धर्मलाई सनातनधर्म भनियो, श्रुति-स्मृति पुराणहरूको धर्म भनियो, वर्णाश्रमधर्म पनि भनियो र ॐकार परिवारको धर्म स्वीकारियो । आत्माको प्रकाशमा अन्तस्करणले ग्रहण गरेको यो धर्म प्राकृतिक, स्वाभाविक या ईश्वरप्रेरित धर्मलाई शुरुमा वेदको आधार प्राप्त भएकोमा मन्त्रद्रष्टा ऋषिहरूको योगदानले युगानुकूल जीवनदृष्टि अपनाउन समर्थ यो धर्मलाई कालान्तरसम्म कसैले हिन्दूधर्मको नाम राखिदियो । नेपालका ऋषिमहर्षिहरूले नेपालमा रहेका व्राम्हण, क्षेत्री, वैश्य, शुद्र र अन्त्यज कही कतै अर्को ठाउँवाट आएका नभई नेपालकै स्थानीय र रैथानी भएको दावी गर्ने हुँदा नेपालका हिन्दूको सम्वन्धमा सिन्धुनदीका वरपर रहने सिन्धुवासीवाट हिन्दू वन्दै आएको भनाइभन्दा वढी 'हिम+इन्दु'को योग युक्तियुक्त लाग्न सक्छ । अहिले हिन्दूधर्मले ओगटेको क्षेत्र, त्यसको मर्म एवं प्रचलन व्यवहारले दिने भावसँग हामी नेपाली जनताको रहेको आत्मीय सम्वन्ध, आस्था, भक्ति र विश्वासले ॐकार परिवारका सवै सदस्य हिन्दू हौं भन्ने सोच राख्नेहरू पनि नेपालमा प्रशस्त छन् । वुद्ध भगवान् विष्णुको अवतार हुन् भन्ने भनाइ ग्रहण गरेका वैष्णवजन र वुद्ध अवतार होइनन् भन्ने वुद्ध शिक्षाग्रहण गरेका केही भिक्षु भन्तेहरूका भनाइमा अन्तर परेजस्तो देखिए तापनि 'अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् । दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रचापलम्' भन्ने गीतामृतवाक्यसँग महात्मा गौतमवुद्धले दिएका शिक्षासारको भाव ठ्याम्मै मिल्छन् । कर्मको कुशलताको अर्थ दिने योगप्राणायाम र मिताहार-युक्ताहार, युक्त-विहारका धारणा र वुद्धनिर्देशित सम्यकदान र सम्यक कर्मको मूल्य आर्यसत्य नयाँ शैलीमा उपनिषदीय सारका व्याख्या हुन पुगेवाट महात्मा वुद्धलाई सनातन धर्मका व्याख्याता ऋषिकै कोटिमा राखिएको छ । महावीर जैन पनि परम साधक तपस्वी मानिएका छन् । वुद्ध र महावीरले नयाँ धर्म प्रतिपादन गरेको दावी गरेका थिएनन् । यसैले शैव, वैष्णव, शाक्त, गाणपत्य, वौद्ध, जैन, शिख आदि आस्था वोक्ने सवै पक्षको संयुक्त नाम हिन्दू राखिएको हो र यही अर्थमा विश्वास राखेर जीवनपद्धति अपनाउने नेपालका वासिन्दाले वैदिक आर्य वा प्राग्वैदिक आर्य जे ठाने पनि आफूलाई आर्य नै ठानेका छन् । आर्य र अनार्य भन्ने र भेद गराउने राजनीतिक कुचाल खोज्नेहरूको धुर्त्याइंमात्र

हो ।हिन्दूसंग वौद्ध, जैन, सिखको भेद छुट्याउने दुष्चक्र प्रभावकारी भयो भने पनि वौद्ध, जैन र सिखको गन्तव्य एउटै रहनेछ । सम्प्रदायका व्यक्ति-समाजका वीचमा सद्भाव, सहयोग र सहकार्य अनिवार्य छ । 'कृण्वन्तो विश्वमार्यम्' विश्वका सवै नरनारीलाई आर्य अर्थात् सभ्य र समुन्नत वनाउने संकल्प वैदिक महर्षिले लिएका हुन् ।

यही संकल्प साकार गर्ने योजनामा फराकिलो चिन्तन वनाएर "सवै सुखी होऊन्, सवै स्वस्थ्य रहून्, सवैले राम्रो देख्न सुन्न र भोग्न पाऊन् कसैले दु:ख वेहोर्न नपरोस्" भन्ने उद्देश्यका लागि ज्ञान, कर्म र उपासनाका मार्गमा राज्यलाई पनि हिन्दू धर्मावलम्वी गुरुजनले संलग्न गराएका धर्म, अर्थ, काम र मोक्ष गरी चार परम पुरुषार्थ मानिन्छन् । राज्यले धर्मपूर्वक राज्य गरेर जनताको आर्थिक स्थिति सुधार्नुपर्छ । जनताका चाहना पूरा गर्नुपर्छ र सवै कष्ट, अन्याय, थिचोमिचोवाट जनतालाइ मुक्त राख्न सक्नुपर्छ । अन्यथा त्यस्तो नगर्ने राजा अस्वीकृत हुने गर्छन् अर्को भाषामा नेपालमा वस्ने व्यक्तिहरूको देवता ईश्वर वा पूजाविधि एउटै वा फरक परे पनि सवै रूपरंगढंगका, सवै किसिमका सवै जात उपजातका जो जे जस्ता स्थिति वसोवास र चिन्तनमा भए पनि सवै सुखी निरोगी आनन्दी रहुन्, सवैले न्याय र आय पाउन् । हामी नेपाली हौं । नेपालको अखण्डता, स्वतन्त्रता र सार्वभौमिकतामा हामी ऐक्यवद्धता जनाउंछौं भन्ने भावना हिन्दूधर्मले विकसित गराउने हिन्दूधर्मको मूलमर्म रहेको शास्त्रसम्मत आधार हो । मानवता, वैयक्तिक शुभगुण र सदाचारका विशेषता, राष्ट्रियता, दैवीगुणमा श्रद्धा-आस्था र विश्वभ्रातृत्व एवं विश्वशान्तिका लागि योगदान पुऱ्याउने लक्ष्य नेपालका हिन्दूहरूको रहिआएवाट धर्मलाई जीवनव्यवस्थाको संस्कृति मान्ने अर्थमा नेपालका गैर हिन्दूसमाजले पनि हिन्दूसंस्कृतिमा आफ्नो पनि योगदान पुऱ्याएका थिए । विजयादशमी हिन्दूको महान् चाड भनिन्छ । सत्यले असत्यमाथि विजय गरेको प्रतीक मानेर अन्धकार माथि ज्योति, ज्ञानज्योति आत्मज्योति या प्रेमज्योति अथवा हृदयको ज्योतिको विजय, मरणधर्मीतामाथि अमरकीर्ति गाथाको विजयको अर्थग्रहण गरेर हिन्दूइतरले पनि यो पर्वको महत्ता स्वीकार गरेका हुन् ।हिन्दूको यो पवित्र पर्वमा हिन्दू भाइवैनीलाई मुसलमान र इसाईवाट शुभकामनाहरू प्रदान गरिन्छ । नेपालका राजा हिन्दूधर्मावलम्वी रहेका वा रहनुपर्ने प्रावधान अद्यापि कायम छ र नेपालका इसाइ पादरी र क्याथोलिक या प्रोटेष्टेन्ट एवं मूसलवान मजहवी, हाजी र मौलवीले पनि नेपालका श्री ५ महाराजाधिराजका हातवाट शुभ

विजयादशमीपर्वको टीका थाप्छन् । राजाले निधारमा टीका प्रदान गर्छन् र नेपालका इच्छुक हिन्दू मुसलवान र इशाइ नरनारीले राजाका हातवाट पाएको टीकाग्रहण गर्ने परम्परा छ । यसवाट हिन्दूसंस्कृतिले हिन्दूइतरलाइ पनि समेटेको तथ्य हृदयंगम गर्न सकिन्छ ।

विश्वका सम्पूर्ण धर्महरूको उद्‌गमस्थल एसिया हो । एसियाको तपोभूमि हिमालय क्षेत्र, हिमवत्वखण्ड पुराणले नेपाल महात्म्य दिएको छ । केही वर्ष महात्मा क्राइष्ट हराउनुभएको कुरा खिष्टीय मतावलम्वीले पनि उल्लेख गरेका छन् । ती दिनमा यिसुखीष्ट नेपाल आउनुभएको र सनातन धर्मसार ग्रहण गर्नुभएको भनिन्छ । महात्मा महम्मद संस्कृतको 'महामते' शव्दवाट विकसित हो र आर्य धर्मको सरलीकरणको मार्ग र शुद्धीकरणको चिन्तनमा विकसित भागवत्‌धर्म नै इस्लामधर्म हो भन्ने अभिमत हिन्दूधर्म र इस्लामधर्मका अध्येता भिखारी मन्सुरको रहेको छ । नेपाल मुस्लिम संघका अध्यक्ष सलिम खाँ घौंसले नेपाल हिन्दूराज्य नै रहिरहनुपर्छ भन्ने मत व्यक्त गर्दै आउनुभएको छ । असल इसाई, असल मुसलवानसँग नेपालका हिन्दूहरू मिलेर वसिआएका छन् । कुनै डरत्रास र विद्वेष थिएन । भारतका कतिपय ठाउँमा देखिएको हिन्दू-मुस्लिम दंगा, इसाई र गैर इसाईका वीचमा झगडा, कटुता र तिक्तता देख्दा यस्तो किन भएको होला भन्ने सोचाइ आउँछ । भारत धर्मनिरपेक्ष छ र त्यहाँ विद्वेष छ, साम्प्रदायिक सद्‌भाव छैन । धार्मिक आतंकले जरा फैलाएको देखिन्छ । धर्मका नाउँमा राजनीतिको खेती छ । नेपालमा धार्मिक गुरुजन, पुरोहित, पण्डा, पुजारी, योगीले राजनीतिमा अनावश्यक दख्खल दिएका थिएनन् किनभने नेपाल हिन्दूराज्य थियो । जनताको हृदय जिते भने नेपालमा राजसंस्था रहला र राज्य पनि हिन्दूअधिराज्य होला, राजाले जनआस्था र विश्वास गुमाए भने पनि जनताको आफ्नो धर्मसंस्कृतिप्रतिको विश्वास र आस्थामा आँच पुऱ्याउने काम राज्यले गर्नु हुँदैनथ्यो, गर्न पुग्यो यो दुर्भाग्य हो ।

नेपाललाइ धर्मनिरपेक्ष राज्य भनी गरेको घोषणामा आम जनताको झैं हाम्रो चित्त वुझेको छैन । राजनेताले धर्मस्थापना गरेका थिएनन्, न त राजाले हिन्दूधर्मको स्थापना गरेका हुन् । राज्यको धर्म अव रहँदैन भन्ने हक संविधानसभाको हुनसक्दछ अथवा जनमतसंग्रहले नेपालको राज्यधर्म के हुने वा के नहुने निर्णय गर्नसक्ने हो । सृष्टिकालदेखि नेपाल धर्मराज्य-तपोभूमि रहिआएको तथ्यलाई वेवास्ता गरेर नेताहरूले लहडवाजीमा नेपाललाइ धर्मनिरपेक्षराज्य घोषणा गर्दा ९० प्रतिशत सनातन धर्मावलम्वीहरूका मनमा गम्भीर चोट पुगेको छ । प्रकृति र प्रकृतिवाट उत्पन्न सवै विषय सापेक्षतामा

आफ्नो अस्तित्व देखाउंछन् । यसैले हिन्दूअधिराज्य हुंदा आपत्ति थिएन भने अब सद्भाव विथोल्न खोज्नेहरूवाट आत्तिनुपर्ने अवस्था आएको वुझेर नै घौंसजस्ता चिन्तक मुसलवान र खिष्टीय मतका डा. केवी रोकायाले पनि अहिले केही सभासद्ले नेपाललाई हिन्दूराज्य हटाएर धर्मनिरपेक्ष घोषणा गरेको विधि-व्यवहार मन पराउनुभएन । अन्तरधार्मिक परिषद्ले नेपालमा धार्मिक स्वतन्त्रता र सर्वधर्मसमभावजस्ता गान्धीवादी नीति राज्यले अख्तियार गरेको भए हुन्थ्यो तर धर्मनिरपेक्ष भनेको मिलेन भन्ने मत व्यक्त गरेको छ ।

ज्ञानकर्म, उपासना या ज्ञान कर्तव्य पालन र संगठन धर्मका आधार हुन् । पण्डा, मौलवी, पूजारी, पुरोहितले धर्मको मर्म वुझाउनेभन्दा धर्मलाई व्यापार वनाएका पनि हुन सक्छन् । सवै धर्मगुरु क्षुद्र व्यापारी हुन सक्छन् भनेको होइन, तर धार्मिक जागरणमा सक्रिय रहने र धर्मको मर्म यो हो राज्य यसरी चल्नुपर्छ भन्ने धार्मिक चेतना दिने कर्तव्य पालन गर्न प्रमाद देखाई आएकावाट वढी आशा के गर्नु ! धार्मिक सुधार, कुरीति मेट्ने नेपाललाई छुवाछुत भेदभाववाट मुक्त राष्ट्र राज्यले घोषणा गर्दा हिन्दूचिन्तन, हिन्दूजीवनदृष्टिसंग मेल खान्छ । त्यो राम्रो कुरा हो । सनातन धर्मका व्याख्याता गौतमवुद्धले अछूत भनिएकी नारीवाट जलग्रहण गरेर देखाइदिनुभयो । नारद ऋषि अघिल्लो जन्ममा उपवर्हण गन्धर्व थिए । व्रहमाजीकहां भगवान्को गुणकीर्तनका लागि भएको जनघरमा उपवर्हणले आफ्नी पत्नीलाई चटकमटक साथ लिएर गएकाले उपवर्हणलाई व्रहमाले शुद्र योनिया जन्म होस् भनेर श्राप दिनुभयो । शूद्रका कोखवाट अर्को जुनीमा ती गन्धर्व जन्मे । ती शुद्रा व्राहमण ऋषिकी दासी थिइन् । सन्त महात्मा र व्राम्हणको ती शूद्रा सेविका थिइन् । नारद वन्नुभन्दा अघिल्ला जन्ममा ती शूद्र थिए । साधु स्वभावका थिए । व्रम्हचिन्तन र शास्त्रार्थ सुन्थे, उपासना गर्थे । राती अँध्यारोमा ऋषिको गाई दुहुन जांदा तिन्की आमालाई सर्पले डस्यो र तिनको मृत्युभयो । तिनी श्रद्धा भक्ति र इन्द्रिय संयम गरी भगवान्को ध्यानमा लागे । भगवान्को दर्शन पनि पाए । ती शूद्र पुत्र थिए । शूद्रले पकाएको खान नहुने भए शूद्रा सेविका कसरी हुन्थिन् ? श्रीमद्भागवत् १.६.९ यस्तै भगवान्, भगवद्गीता र उपनिषद् सार वुझेका तत्वदर्शीका चिन्तन संग्रह गरेर हिन्दूधर्मको परिचय दिने र जिज्ञासुलाई शान्त गराउने उद्देश्यले हामीले यो धर्म-आलोक प्रकाशित गरेका छौं । यो क्रम जारी राख्ने हाम्रो इच्छा छ । पाठकको रुचि, धर्मप्राण नेपाली जनताको सहयोग र राज्यले खेल्ने भूमिका पनि हाम्रा लागि प्रेरणादायी हुन सक्नेछन् । ✡



©&® International Forum Press, Anamnagar, Shantipath, Kathmandu, Tel: 220713, 254105
प्रकाशक: अन्तर्राष्ट्रिय मञ्च, अनामनगर, शान्तिपथ, काठमाडौं, फोन नं. २२०७१३, २५४१०५

राज्य धर्मसापेक्ष रहनैपर्छ



स्वामी पुण्यानन्द गिरी

आजको प्रासंगिक विषय धर्मसापेक्षता र निरपेक्षताले दिने अर्थको व्याख्या गर्नु हो। यस्मा सर्वप्रथम धर्मको अर्थ स्पष्ट हुनु जरुरी छ। धारण र पोषण गर्ने क्षमता जस्मा हुन्छ, त्यो गुण र स्वभाव युक्त हुन्छ धर्म। पानीमा प्राणीमात्रलाई जीवन धारण गराउने गुण रहन्छ। पानीले शरीर सफा गरिदिन्छ, भाँडा वर्तन सफा गरिदिन्छ र तिर्खा भेटाइदिन्छ। हामी तिर्खाएर पानी पिउँदा हामीले पानी त पिउँछौं -तिर्खा मेट्ने-नमेट्ने कुरासँग मतलव राख्दैनौं भन्छौं भने त्यो विचार कसरी युक्तियुक्त हुन सक्छ ? पानीको त्यो धर्मवारे हामी निरपेक्ष रहन सक्दैनौं। पानी आफ्ना ठाउँमा छ, हामी आफ्ना ठाउँमा छौं। पानीले आफ्नो धर्म पूरा गरोस् या नगरोस्, तिर्खा मेटे मेटोस्, नमेटे नभेटोस् भन्दैनौं। यसैले हामी पानीको धर्मसापेक्षतासँग हामी सहमत रहन्छौं। यसै गरी हामी अन्धानुकरणका प्रभावले आफ्नो अस्तित्व र मौलिकता समाप्त गरेर प्रगतिशील मनाउन धर्मनिरपेक्षताका समर्थक वनेका छौं। अंग्रेजहरूले भारतलाई टुक्र्याएर भारत र पाकिस्तान वनाइदिएपछि केही चिन्तकहरूले भारतलाई धर्मनिरपेक्ष राष्ट्र वनाएको खण्डमा कुनै समयमा पाकिस्तानलाई भारतमा समाहित गर्न सकिन्छ भन्ने धारणाले यस्तो विचार दिएका हुन्। भारतले धर्मनिरपेक्षराज्य घोषणा गरेर पनि कश्मिरमा दिगो शान्ति कायम गराउन सकेको छैन। के नेपालले धर्मनिरपेक्ष राज्य रहेर दार्जिलिङ्ग, कुमाउ हुँदै हिमाञ्चल राज्य फेरि नेपालमा समाहित गराउन सक्छ ?

अन्नको धर्म हो कमलोपनपछि सुक्दै जाने र चमेना या भोजन वनेर शरीरधारीहरूको शरीर पुष्ट गराउने। यसरी अन्नले भोक मेटाउँछ। तपाईंले परिपाक गराएको अन्न खाएर शरीरको वलको अपेक्षा गर्दिन, उपेक्षा गर्छु भन्न सक्नुहुन्छ ? तपाईं वुद्धिमान् र स्वतन्त्र अस्तित्ववाला व्यक्ति हुनुहुन्छ। अन्न ग्रहण पनि गर्ने र अन्नको स्वाभाविक धर्मको उपेक्षा गर्न पनि लाग्ने यो कसरी सक्नुहुन्छ ? धर्मनिरपेक्षता जवाहरलाल नेहरूले युरोपियनसँगवाट लिनुभएको थियो। वुझेर लिनुभयो या नवुझी या भारतीय

परिवेशमा कसरी लिनुभयो ? त्यो अलग कुरा हो । के नेपालीहरूले नेहरूका शिष्य वनेर हिड्नैपर्ने ? के नेपाली राजनीतिक दृष्टिले दिवालिया भयौं, कमजोर भयौ ? सोनिया गाँधीलाई हाछ्यूँ आयो भने यहाँका नेपाली नेताले कोल्डारिनको गोली खाने ? यस्तो पनि कहीं हुन्छ ? यस्ता कुराले तपाईं आफ्नो देशलाई अगाडि वढाउन सक्नुहुन्न ।

अग्निको धर्म हो तपाउनु, पकाउनु र जलाउनु । हामीले अग्निको स्वाभाविक धर्मको अपेक्षा गर्न सक्छौं, उपेक्षा गर्न सक्दैनौं ।चुल्होमाथि दालभात वसालिदिएर आगोलाई पकाउन या नपकाउन मतलव राख्दैनौ भन्नेकुरा उपयुक्त हुँदैन । अग्निको धर्मको सहयोगले भोजन वन्छ । हामी स्वाभाविक धर्मको अपेक्षा गर्दछौं । भूमिभित्र पनि एक प्रकारको अग्नि हुन्छ र अन्नवाली परिपाक गराउन अग्निले आफ्नो धर्मानुसार भूमिकानिर्वाह गरेको हुन्छ । जठराग्निमा प्रज्वलित अग्निले हामीले खाएको भोजन सुपाच्य वनाउँछ। अग्निले आफ्नो धर्मनिरपेक्षता राखोस् भन्ने हाम्रो चाहनाले हामीलाई भोकमरीको सामना गर्नुपर्ला, अर्को वाटो हुनेछैन । हामी वाँच्नका लागि अन्नपाकमा अग्निको भूमिकाको अपेक्षा गर्नैपर्छ ।

वायुको धर्म हो प्राणीको प्राण वनेर सवैको जीवनप्रदान गर्ने । यो धर्मवाट वायु अलगिदैन । कमिलादेखि व्रह्मापर्यन्त वायुको सहारामा सवैले आफ्नो प्राण राखेका हुन्छन् । वायुको यो धर्मलाई हामीहरूले निरपेक्ष होस् भन्ने आग्रह गर्न सक्दैनौं । कुनै टोपी या कुनै फेशन ग्रहण गरे पनि वायुको धर्मको हामी वेवास्ता गर्न सक्दैनौं । नेपालको रक्षा र उन्नतिका लागि त्यस्तो के वाध्यता पऱ्यो र धर्मनिरपेक्षता रोज्यौं ? प्रयोजन के हो ? राज्य कसरी धर्मविहीन हुने ?

आकासको धर्म सवैलाई अवकाश या मौका दिने हुन्छ । हामी आकाशको यो धर्मको उपेक्षा गर्न सक्दैनौं । आकाशको यो धर्मको उपेक्षा गरेर हामीहरूले एक कदम पनि चलाउन-वढाउन सक्दैनौं । आकाशको अवकाशको धर्मको वेवास्ता गर्ने हो भने तपाईंले सत्ताप्राप्तिको मौका कसरी लिनुहुन्छ ? सानोभन्दा सानो प्राणीको पनि आफ्नो धर्म या स्वभाव हुन्छ । एक व्यक्तिको छत्रछायाँमा धेरै वर्ष विताउन नचाहनेले मौका खोजेका हुन्छन् । आकाशभित्र पनि चैतन्य छ । आकाशले नयाँ वाटो दियो र त अन्ध परम्परामा कति रहने भन्ने जनचेतना जाग्यो ।

सूर्यलाई हामी भगवान् मान्छौं। प्राणीमात्रलाई तपाउनु, न्यानो दिनु या प्रचण्ड किरणले गर्मी दिनु, पृथ्वीवाट या समुद्रवाट जलशोषण गर्नु र हजारौं गुणा वढाएर वर्षा गराउनु सूर्यको धर्म हो। सूर्यको यो धर्मको अपेक्षा गर्छौं भने राज्यलाई धर्मनिरपेक्ष गराउने सोच किन ल्यायौं ?

चन्द्रमाको धर्म आफ्ना शीतल किरणवाट प्राणीलाई आनन्दित तुल्याउने हो। मुर्खभन्दा मुर्खले पनि आनन्दको उपेक्षा गर्न सक्दैन। त्यसै गरी सत्पुरुषका सेवाधर्ममा रत विशाल हृदय एवं सवल हृदयका कारणले अरूको भलाइ दिने हुन्छ। दुर्जनको स्वभाव अवांछित हुन्छ तापनि दुर्जनले पनि स्वभावधर्म कायम राखेकै हुन्छ। अवसरवाद उसको धर्म हुन्छ। हिजो श्री ५ लाई घेरेर सरकार जो हुकुम भन्नेहरू आज गिरिजावावुसमक्ष हाम्रा तपाईं नै सर्वेसर्वा हुनुहुन्छ भन्दै वरिपरि रहेर उहाँलाई घेरेका छन्। हिजो राजालाई मण्डुकुपमा राखेर आफूहरू पर्खाल वनेका थिए, आज उसरी नै गिरिजावावुलाई झुक्याँउदै छन्। भारतमा एउटा भनाइ छ- गंगासँग पुग्दा गंगादास। दुर्जनको धर्म यस्तै हो। हरेक वस्तु र हरेक व्यक्तिको आ-आफ्नो धर्म हुन्छ।

नारीको धर्म प्रेम, वात्सल्य, विनय र स्नेह हुन्छ। त्यो धर्म रहेन भने नारीले मातृत्व गुमाउँछे, सतित्व गुमाउँछे र इज्जत गुमाउँछे। पुरुषको धर्म पुरुषार्थ, उद्यम, खोज र निरन्तर समुन्नतितर्फ लम्कने हुन्छ। त्यो धर्मवाट पुरुष अलगियो भने भ्रष्ट, अयोग्य र अवाञ्छित हुन्छ। यसै गरी व्यक्ति, समाज र राष्ट्रको धर्म हुन्छ। मनभित्रको समवेदनामा गहिरो चिन्तन र प्रभावले काम गरेकै हुन्छ। माता-पिताको धर्म सन्तानको हितरक्षा गर्ने हुन्छ। उनीहरूले आफ्नो पूरा शक्ति सन्तानको हितका लागि लगाउँछन्। उनीहरू ईश्वरभक्त हुन्छन्। भगवान्सँग प्रार्थना गर्दा आमा-वावुले जे जति कष्ट भोग्न पर्छ-हामी भोग्छौं- आफ्ना सन्तानलाई कुनै कष्ट व्याधी नलागोस् भन्ने प्रार्थना हृदयदेखि नै गरेका हुन्छन्।

भारत धर्मनिरपेक्ष राज्य भएको दुष्प्रभाव त्यहाँका कतिपय व्यक्तिलाई भएको छ। उनीहरू भन्न सक्छन्-'हामी झुट वोल्न सक्छौं, हामी व्यभिचार गर्न स्वतन्त्र छौं किनभने हाम्रो देश धर्मनिरपेक्ष छ।' यस्तो धारणाको ताण्डवनृत्य भारतमा चलेर त्यहाँ हिंसाले ठूलो ठाउँ ओगटेको छ। तर, सत्यको उपेक्षा गर्न सकिदैन। मनभित्रका समवेदना, सामाजिकता

र मानवताभित्र दुष्प्रभाव पार्ने विकृति पनि धर्मका नाममा क्षुद्रव्यापार गर्नेहरूले चलाएका छन्। त्यस्ता विकृति मेटाऊँ, जनताका सम्वेदना नमेटौं, घरमा कुनै कुना काप्चामा केही कमी या विकृति देखियो भने घरलाई नै आगो लगाइदिने होइन, मर्मत संभार गर्नुपर्छ। सवै धर्मको मूल वेद हो। श्रीकृष्णले गीतामा वेदलाई व्रम्ह भन्नुभएको छ। वेद-अध्येता कुनै पनि जातजातिवाट आएको किन नहोस्, उसलाई निर्विवाद रूपमा व्राम्हण मान्नुपर्छ। कुलपरम्परावाट व्राम्हण ठानिएको तर वेद नपढ्ने, छालाको दोकान खोलेर वस्ने व्यक्तिलाई पनि व्राम्हण या वाहुन् ठान्नु ठूलो विडम्वना हुन्छ। सामवेदअन्तर्गत पर्ने छान्दोग्योपनिषदमा जावालाको छोरासँग विद्यालयमा पढ्न जाँदा गुरुले त्यो विद्यार्थीको वावुको नाम सोद्धा त्यो विद्यार्थीले वताउन नसकेको प्रसंग आउँछ। उसले आफ्नी आमासँग आफ्नो वावुको नामथर सोध्यो। जावालाले छोरो जावाललाई भनिन्- 'मेरा वैंसका दिनमा म धेरै युवकसँग सल्किएँ, कसको वीर्यवाट तिमी जन्म्यौ म भन्न सक्दिन। विद्यालयलाई यही कुरा गुरुसँग भन' जावालले त्यही कुरा भने। सत्यको सम्मान गर्न सक्ने व्यक्ति व्राम्हण हुन्छ भनेर गुरुले त्यो वालकको सत्य कामलाई व्राम्हणका रूपमा वेदको शिक्षा दिँदै रहनुभयो। यो धर्मको मर्म हो। यसलाई हृदयंगम गर्नुपर्छ। कार्यलाई महत्त्व नदिएर जन्मजात जातिमूलक विषयले काम चल्दैन।

हरिश्चन्द्रले अजिगर्तको छोरो वलिदिन किनेका थिए। विश्वामित्रले त्यो सुनसेफलाई वचाए, ऋषि वनाए। विश्वामित्र क्षेत्री थिए। वेदमा त्यो गुण छ। वेदमा भेद छैन। धर्मप्रति वितृष्णा जगाउने काममा सुधार हुनैपर्छ। कुनै चीज विग्रे सुधार्न पाइन्छ। छुवाछुत भ्रान्त धारणा हो। छुवाछुत हामी स्वीकार गर्दैनौ। वाहुनले भेडा खाने, वाखो खाने र परेवा खाने तर सुँगुर, कुखुरा र कुखुराका फुल नखाने यस्तो कुनै धर्मशास्त्रीय विधान छैन। वाखो काटेर त्यो मासु धोती फेरेर पकाउने रे। ज्यूँदो वाखाले भान्सा छुन नहुने रे। मरे-मारिएको चोखो हुने ! त्यो मुर्दासँग छोइएपछि नुहाउन वाग्मतीमा पानी पनि त छैन। नेपालको सीमाभित्र मात्र जात राख्न पर्ने पनि विडम्वना नै हो, जन्मजातमा वाहुन भन्ने त भारतमा हराएको छ। तर चर्पीमा वस्न नजान्ने अनि पाखा पाखा फोहर गर्ने ? अव प्रश्न उठ्छ- फोहोर गर्ने धर्मनिष्ठ कि फोहोर सफा गर्ने पवित्र ? जन्मको आधारले मात्र पवित्र वा ठूलो भन्नुहुन्छ भने न्याय र

सत्यदेखि तपाईं टाढा हुनुहुन्छ। न्याय र सत्य चिन्नुहोस्, हृदयको पुकार सुन्नुहोस्। यथार्थ धर्म या धर्मको मर्म वुझ्नुहोस्। यो राम्ररी वुझ्नुहोस् र धर्मको सार सच्याउनुहोस्। अहिले तपाईंले नेपाल हिन्दूराज्य रहनुपर्छ भन्नेकुरा प्रचण्ड र वावुराम भट्टराईलाई वुझाउनुभयो भने अरू धेरै व्यक्तिलाई वुझाउने झंझवाट मुक्ति पाउनुहुनेछ। सारा दुनियाँले सोधीवुझी हाल्नेछन्। वेदले मनुष्यमात्रलाई 'अमृतस्य पुत्राः' भनेकोले छुवाछुतको भेदभाव मेटाउनैपर्छ। मनुष्य जति सवै अमृतका पुत्रहरू हुन्। अहिंसा धर्मको अभिन्न अंग हो। हिंसा धर्म होइन। मनुले आफूलाई प्रतिकूल लाग्ने व्यवहार अरूसँग पनि नगर भन्नुभएको थियो। महात्मा गौतम वुद्धले अंजुलीमालजस्तो आततायी राक्षसलाई त सम्झाउन सक्नुभयो भने हामीले क्षमता देखायौं भने माओवादीले सहजै सोच्नेछन्। माओवादी अंगुलीमालजस्ता कदापि होइनन्। उनीहरूको हिंसा वेठीक रहे पनि लक्ष्य त जनमुखी छ। विप्लवीलाई हिंसाको खरावी र अहिंसाको श्रेष्ठता वुझाए पुग्छ। उद्देश्य राम्रो भए पनि हिंसा साधन ग्राह्य हुँदैन। कतिका छोरा मरे कतिका सिन्दुर पुछिए। हिंसालाई हृदयको पुकारले ग्रहण गर्दैन। हामीसँग केही प्रश्नकर्ताले सोधे गाई पनि प्राणी वाखो पनि प्राणी हुन्, वाखो काटिने गाई पूजिने किन ? वास्तवमा वाखो पनि काट्न हुँदैन। कसैको जीवन नष्ट गरेर आफ्नो पुष्टि गर्ने आसुरी धर्म नै हो। यसको उपेक्षा गर्दा हुन्छ। मानव भएर मानवधर्मको पालन गरौं। मासु खाने अभ्यासले कुतर्क पनि जन्माउँदछ तथापि वाखो र आमामा आमालाई प्रधानता दिनैपर्छ। तपाईं युवा, आमा वुढी। आमाको भरषपोषण गर्न अप्ठेरो हुँदा मांसाहारीले पनि आमालाई काटेर खान चाँहदैन किन ? उसको हृदयको समवेदनाले दिँदैन। ऊ असमर्थ हुँदा उसले अझ खान पनि नसक्ने हुँदा आमाले दशधारा दूध खुवाएर उसलाई दूध दिएकी थिइन्। यस्तै संझना हुन्छ। गाईको दूधले धेरै मानिस अनादिकालदेखि पुष्टि प्राप्त गर्दै आए। यसैले गाईको हिंसा जघन्य पाप हो। कुनै पनि प्राणीको हत्या पाप हो, त्यसमाथि गोहत्या झनै ठूलो पाप हो।

नेपालमा यतिखेर भएको आन्दोलन सानो क्रान्ति हो। भारतमा सन् १९४७ मा अंग्रेजलाई धपाउन ठूलो क्रान्ति भएको हो। भारतमा हिंसात्मक क्रान्ति विफल भयो। महात्मा गान्धीले अहिंसात्मक क्रान्ति गरेका हुंदा त्यसैका वलमा अंग्रेजले भारत छोडेका हुन्। नेपालमा पनि अहिंसात्मक आन्दोलनले गर्दा नै राजाले आफ्ना सारा अधिकार छोड्दै


जनआन्दोलनको सफलताका १ दिन अगाडि पनि हिंसात्मक आन्दोलन भएको भए आन्दोलनले कदापि सफलता पाउने थिएन । रुसले हिंसात्मक क्रान्तिका वलमा जनतालाई अँठ्याएको हुँदा ७० वर्षपछि रुस टुक्रियो । रुसमा भोकमरी छ । हिंसाले कंगाल वनाउँदछ । प्रतिभा प्राप्तिमा पलायन गराउँछ । वैचारिक क्रान्ति चाहिन्छ । खरावी हटाउनुहोस्, धारणा वदल्नुहोस् । हृदय प्रसन्न गराउनेखालको क्रान्ति गर्नुहोस् । आफ्नो अन्तस्करणको सुझाउ ग्रहण गर्नुहोस् । अर्काको अनुकरण होइन । तपाईंलाई हाछ्यूँ आयो भने नाक साफ गरौं कि नगरौं भनेर भारतीय नेतासँग सल्लाह लिने त ? याद राख्नुहोस्, भारतीय नेताले त्यत्तिमात्र सल्लाह दिन्छन् जतिवाट त्यो सल्लाह भारतको हित विपरीत नहोस् । नेपालका नदीवाट निक्लने विद्युत् र नेपालीका खेत सिंचाई गर्न तपाईंले न्यानो चित्त यथेष्ट मात्रामा पाउनुभएको छैन । वाहिरियाले भन्छन् । नेपालको जंगलवाट सारा दुनियाँलाई जीवित राख्ने प्राणवायु मिल्छ । नेपालका पछाडि परेका इलाकाका कतिपय गरिव भोकमरीवाट पीडित छन् । राजनेता हौं भन्नले काठमाडौंमा वढी हितकेन्द्रित गरेका छन् । मैले धेरैपल्ट धेरै वुद्धिजीवीलाई सल्लाह दिएँ । तराईको जंगलवाट भूमिहीनलाई भूमि दिनुहोस् कामको मौका पाऊन् । यसो भयो भने विप्लव मच्चिनेछैन । नेताहरूले भने- हामीसँग ३९ प्रतिशत जंगल छ । वन ४१ प्रतिशत चाहिन्छ । ठूला कुर्सीमा वसेर ए.सी.को सुविधा भोगेर यसो भन्छन् । पाकिस्तानमा जम्मा ५ प्रतिशत जंगल छ । गरिवी र अन्यायका कारण देशमा आगो लाग्यो भने चन्दनको काठ पनि जल्ला । तपाईं धनवान्-विचारवान् र उद्योगशील व्यक्तिले शिक्षाको अवसरवाट वञ्चित भएकाप्रतिको खोइ सोच ? यो देशमा अर्कोले राज्य गर्ने छाँट छ । धर्मनिरपेक्षता एउटा गलत खेल हो । भोट र नोटको खेल तथ्य होइन । आफ्नो विवेक गुमाएर सीताराम याचुरी, सोनिया गान्धी, मनमोहन सिंहका चरणमा गिर्नु हाम्रो वुद्धिमानी हुनेछैन । नेपालमाताका सन्ततीले नेपालको गौरव वचाउने आफ्नो पूर्खाको गौरव सम्झेर सशक्त वन्नुहोस्, आत्माको पुकार सुन्नुहोस् र सनातन धर्मका लागि हिन्दूधर्म सापेक्षतामा अडिनुहोस् ।

(ज्ञातव्य रहोस् ओखलढुंगा जन्मेर भारतमा महामण्डलेश्वर उपाधिप्राप्त लेखक स्वामीका यी विचार ०६३/३/१९ मा न्यू मिडिया क्लव नयाँ वानेश्वरमा व्यक्त भएका हुन् ।) ✡

अन्तर्वार्ता धर्मनिरपेक्षताको घोषणामा आपत्ति जनाउँछौं

मुक्तिनाथ पीठाधीश
अनन्त श्री कमलनयनाचार्य

हिन्दू-राष्ट्ररक्षा परिषद्‌को प्रणेता एवं मुक्तिनाथ पीठाधीश अनन्त श्री विभूषित कमलनयनाचार्यसँग हिन्दू चिन्तन र जीवनपद्धतिको सम्बन्धमा सम्पादक दीनवन्धु अर्यालले राखेको जिज्ञासा र अनन्तश्री कमलनयनाचार्यवाट प्रदत्त उत्तरहरू :-



प्रश्न- गुरूजी ! वेद, पुराण, उपनिषद्मा हिन्दूधर्मको उल्लेख छैन । हिन्दू धर्मको गुण विशेषतासहितको परिभाषा पाऊँ ।

उत्तर- धर्मका साथै आत्मा र भगवान् पनि सनातन छन् भन्ने उपदेश श्रीमद्भगवद्गीतामा पाइन्छ। आर्य मनीषी वा मनस्वीहरुले सनातन आर्यधर्मलाई नै हिन्दूधर्म भन्ने गरेका हुन्। शब्दकोशमा वेद, धर्मशास्त्र, नीतिशास्त्र र पुराण आदिलाई आफ्ना धर्मग्रन्थ मान्ने जाति वा धर्मलाई हिन्दू भन्ने अर्थ गरिएको पाइन्छ। विभिन्न श्रुति र स्मृतिका भाषाको लौकिक भाषासँग अन्तरको अध्ययन अनुसन्धान कैयन् ऋषिले गरे- चिन्तन र व्यवहारमा वा शब्दको अर्थमात्रमा पर्ने अर्थान्तरलाई अध्ययन, मनन र निदिध्यासन पद्धतिद्वारा अन्तस्करण जगाएर निष्कर्ष निकाल्न सकिन्छ।

साकार वा सगुण ब्रह्मको उपासना गरुन् वा निराकार अर्थात् निर्गुण ब्रह्मको उपासना गरुन्, त्यस्ता दुवै थरी भक्तहरु हिन्दू हुन् । हिंसा नगर्ने, धैर्यशील, क्षमाशील, सत्यप्रिय, अस्तेयी, संयमी, मानवतावादी, स्वाध्यायी, दानशील, मनवचनकर्ममा एकता एवं पवित्रता कायम राख्ने, पूर्वजुनी र परजुनीमा विश्वास राखेर सत्कर्म गर्ने, मातृभूमिभक्त सन्मार्गमा चल्ने, गाई, गोवंश, गीता, गण्डकी, गंगा एवं गायत्रीमा आस्थाभक्ति देखाउने, परोपकारी, शान्ति र न्यायका लागि प्रयत्नरत तथा माता पिता, गुरुजन र अतिथिलाई देवता मान्ने, अप्रमादी, ज्ञानशील र सत्कर्मनिष्ठ व्यक्ति उत्तम तवरका हिन्दू हुन् । भाषाले रुढगत अर्थ दिने काम पनि गर्दै रहन्छ । सिन्धु नदी वा तपोभूमि हिमप्रदेशसँग सम्वन्धित भएर वा अन्य कुनै कारणले हिन्दू भनिएका सवै थरी हिन्दू ॐकार परिवारभित्र पर्छन् । पूर्वीय चिन्तनका धर्मले दिने जति अर्थ पाश्चात्य 'रिलिजन' वा 'मजहव'ले दिँदैन ।

भगवान् गौतम बुद्धले नयाँ धर्म प्रतिपादन गरेको दावीसम्म पनि गर्नुभएको छैन । सनातन धर्मका व्याख्याता भगवान् वुद्धलाई हिन्दूहरुले विष्णु भगवान्का चौवीस अवतारमध्ये तेइसौं अवतार मानेका छन् । केही वौद्ध मार्गीहरुले अवतार एवं अवतरणको यक्किन अर्थ नवुझेर वुद्धलाई विष्णुका अवतार होइनन् भन्ने पनि गर्ने रहेछन् । जे होस्, वुद्धले पनि गाई र ब्राह्मणको महत्व दर्शाएर प्रवचन गरेका छन् । कुनै पनि व्यक्ति जन्मले ब्राह्मण हुँदैन, गुण र कर्मले ब्राह्मण हुने हो भन्ने वुद्धवचन र गीताको अठ्ठारौं अध्यायको वयालीसौं श्लोक सारमा ठयाम्मै मिल्छन् ।

ॐकार परिवारभित्रका आर्यभन्दा गौरव गर्ने सवै सम्प्रदाय सनातन धर्मभित्र पर्दछन् । उचित कर्तव्यकर्म एवं स्वभावजन्यकर्मलाई पनि धर्म भन्न सकिन्छ । आफूलाई प्रतिकूल लाग्ने व्यवहार अरुसँग आफूले पनि गर्न नहुने ठान्ने यजमान र त्यस्तै उपदेशक पुरोहित पनि हिन्दू मानिन्छन् ।

प्रश्न- यतिखेर हिन्दूजगतमा देखिएको जातीय व्यवस्था ठूलो जात, स्यानो जात उँचनीचको विषय धर्मशास्त्रसम्मत छ या विकृति-विसँगतिपूर्ण छ ? मन्दिरभित्र राखिएका मूर्तिनिर्मातालाई पनि मूर्तिको दर्शन गर्न रोकटोक लगाउने व्यवहारलाई युक्तियुक्त मान्न सकिन्छ र ?

उत्तर- ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी प्रकृतिगत गुण र कर्मका आधारमा यी चार वर्णव्यवसायको सृष्टि गरिएको तथ्य श्रीमद्भगवद्गीताको चौथो अध्यायको तेह्रौं श्लोकले स्पष्ट गरेको पाइन्छ । वेदले ब्राह्मण भगवान्का मुखवाट, क्षेत्री वाहुवाट, वैश्य पेटवाट, शुद्र पाउवाट उत्पन्न भएका भनेर

प्रतीकात्मक वर्णन गरेको पाइन्छ । भगवान् गौतम बुद्धले कुनै व्यक्ति जन्मले ब्राह्मण हुँदैन । गुण, कर्म र स्वभावको विकासले मात्र हुन्छ भन्ने व्याख्या वेद र गीतासम्मत छ । मनबुद्धि र इन्द्रियलाई शुद्ध राख्न सक्ने इन्द्रियविजयी भएर कर्तव्यपरायण बनी समाजलाई सन्मार्गमा डोऱ्याउन सक्ने गुरुजन जसले अरुका सानातिना त्रुटिलाई क्षमा दिन पनि सक्छन्, त्यस्ता संयमी, ज्ञानी र पवित्र व्यक्तिलाई ब्राह्मण भन्न सकिन्छ । वीर, शूर, सत्याग्रही र दानशील व्यक्ति क्षेत्री हुन्छन् । कृषि कर्म गर्ने, पशुपालन गर्ने तथा व्यापार गर्ने वैश्य हुन् र अरु वर्गको सेवा गर्ने, नोकरी गर्नेहरु शूद्रमा पर्दछन् । यी कर्महरुमध्ये कुनै कर्म अरु कर्मभन्दा सानो या तुच्छ होइन । सबै कर्म आ-आफ्ना ठाउँमा आवश्यकीय छन् । अहिले हिन्दूजगतमा देखिएको जातीय उँचनीचको आधार जन्मना मानिएकोले त्यस्तो आधारलाई धर्मशास्त्रसम्मत् भन्न सकिँदैन । विकृति, विसँगति, कुरीति र अन्धविश्वासलाई धार्मिकताको खोल दिन मिल्दैन । ब्राह्मणपुत्र पनि सैनिकमा भर्ती भएको छ भने त्यो क्षेत्री हुन्छ । शूद्रको छोरा पनि शाकाहारी छ, मद्यमास सेवन गर्दैन, भगवान्‌को भजन गर्छ र महाविद्यालयको प्राध्यापक छ भने त्यस्ले ब्रह्मकर्म गरेको हुन्छ । एउटै व्यक्तिको मुखको कर्म ब्राह्मणको, हातको कर्म क्षेत्रीको, पेटको कर्म वैश्यको र पाउको कर्म शूद्रको भन्न सकिन्छ । सिंहदरबारका सचिव र अधिकृतहरुलाई सेवक भएकोले शूद्र भन्न सकिन्छ । लाभ पाउने भौतिक विषयको आकर्षण बढ्दै गएकोले जन्मका आधारमा उँचनीचको भेदभाव गरिदैन । आत्मा रहेको विषय र परमेश्वरको सृष्टिमा लागेको बुद्धि र चेतनाको हिसाबले 'गाई, कुत्ता, ब्राह्मण र चाण्डाललाई पण्डितले समान रुपले देख्ने गर्छन् भन्ने गीतामृत वाक्य विचारणीय छ ।

शूद्रले ब्राह्मणको सेवा गर्दा छुवाछुत उँचनीचको भेद नरहेको पौराणिक कथाबाट सिद्ध हुन्छ । सबरी र सम्बुक दुवै शूद्र थिए । सबरीले अरु कुनै जिम्मेवारी नबोकी तपस्चर्यामा रहेकीले तपस्या सिद्ध भयो । जिम्मेवारी र कर्तव्य छोडेर तपस्यामा लागेको आडम्बरले सम्बूक दण्डभागी भए । व्यास र पराशर ऋषिको कथाबाट पनि स्पष्ट हुन्छ- जाति एउटा वर्गसरह थियो । कुनै उँचो कुनै नीचो भन्ने भाव थिएन । ध्यान-मग्न व्यक्तिले, आफ्नो स्वास्थ्य रुचि र समयका प्रकृतिभेदले आफ्नो पाक्य आँफै बनाएर खाने कामलाई उँचनीचको दृष्टिमा हेर्ने होइन ।

सगुण ब्रह्मको पूजा गर्ने मूर्तिपूजकले चित्त चञ्चल नहोस् भन्ने साधना या दैवीगुणसँग मनको तादात्म्य जोड्ने अभ्यास साधनाका लागि वढी सजावट गर्ने, वाजागाजाको प्रयोग गर्ने, वढी प्रकाश पार्ने कामवाट मूर्तिको चमक या कान्तिले मनमा पार्ने प्रभाव, गुण विशेषता र विधि विधान, मन्त्रसँग सम्वन्धित वनाएका कारण दक्षिण भारतका सनातन धर्मावलम्वीहरुले मूर्ति स्पर्श गर्ने अधिकार मन्दिरका प्रमुख पूजारीमा सीमित गरेको पाइन्छ । मूर्तिकारले मूर्ति वनाएपछि त्यो मूर्तिमा विधिविधान नियमले प्राणप्रतिष्ठा गरिन्छ । त्यसपछि पूजाविधि मात्र विधि र भगवान्को सेवाटहलको चिन्तन तथा भक्तिमार्ग निर्देशित विधिले गर्दा मूर्ति छुन रोक्ने कामलाई तल्लोजात या उपल्लो जातको भेदले त्यसो गरिएको भन्न मिल्दैन । व्राह्मण, क्षेत्रीले पनि मूर्ति छुन पाउँदैनन् । वास्तवमा भगवान् जातिविशेष वा देशविशेषका हुने होइनन् । अन्तर्यामी प्रभु सवैका घटघटवासी छन्, हृदयमा विराजमान छन् र भावना भक्तिका इच्छुक छन् । व्रह्म साकार पनि हुन्छन्, निराकार पनि । मूर्ति श्पर्श गर्न जातीयताको उँचनीच या भेदभावले रोकिएको होइन ।

'मन्दिरका सामग्री मन्दिरमा लग्दा पनि वाजागाजाको उत्साह भव्य देखिन्थ्यो ।

प्रश्न- नारीहरूले वेद पढ्न नहुनें भन्ने गर्दछन्, त्यस्मा शास्त्रीय आधार छ या छैन ?

उत्तर- गार्गी, विदुलाजस्ता विदुषीनारीले वेदविशेषज्ञ कतिपय पण्डितको शेखी झारेका थिए भने नारीले वेद पढ्न नपाउने वा नमिल्ने कुरा भएन । शारीरिक प्रकृति, वनोट र रजस्वला हुँदा वा सुत्केरी हुँदाका नाजूक अवस्थामा वेद पढ्ने शैली अर्थात् जटाधन पदसार स्वर आरोहमा वल खर्च हुने हुँदा त्यति मात्रा र अवस्थामा प्रतिकूल स्थिति पर्ने हुँदा महिलाले वेद नपढे पनि हुने सहुलियत या छुट हो । निषेध होइन । पुरुषले पनि रातमा, खाएका वेला, रिसाएका वेला, तामसी भोजन खानेहरुले वेद पढ्न नपाउने व्यवस्था गरिएको छ । वेद पूरै ज्ञान हो । ज्ञान पवित्र, प्रेरणादायी, वैज्ञानिक र सत्यस्वरुप रहेको हुँदा व्रह्मचर्यमा रहेर वेदाभ्यास गर्ने विप्रको गुण भनिएको स्वाभाविक छ । पुरुष र नारी एउटा रथका दुई पाङ्ग्रा भनिन्छन् । सनातन आर्यधर्ममा महिला पूज्य मानिन्छन् । 'मह' शब्दको अर्थ पूज्या हुन्छ । जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवता रमाउँछन् । पिताभन्दा पनि माताको वढी महत्व धर्मशास्त्रले

प्रदान गरेको छ। सीताराम, राधेश्याम जस्ता पदहरुमा नारीको नाम अगाडि राखिएको पाइन्छ। 'देवकीसुत गोविन्द' भन्ने पदसमूहले आमाको परिचयवाट पनि सन्तानको परिचय गराउने लक्ष्य धर्म शास्त्रको रहेको देखिन्छ।



प्रश्न- 'रामचरित मानस' का कवि तुलसीदास सन्त कवि र परम भक्त, परम धार्मिक हुनुहुन्थ्यो । उहाँले "शूद्र, गँवार, ढोल, पशुनारीये सव ताडनेके अधिकारी" उल्लेख गर्नुभएको देखिन्छ । यो भनाइले शूद्र र नारीलाई नीचो देखाएको भएन र ?

उत्तर- भएन। यहाँ 'ताडन' शब्द तालीमको अर्थमा आएको हो भन्नेकुरा पछिल्लो शब्द अधिकारीले स्पष्ट गर्दछ। अधिकार इच्छित पद हो भने 'यातना वा हेपाइ अवाञ्छित पद हुन्। 'सवरी' शूद्राको रामचन्द्रले-स्वागत ग्रहण गर्नुभएको छ। सवरी तपस्विनी पनि थिइन् र रामचन्द्र भगवान्को दर्शनले तपस्या सिद्ध भएको पनि देखिन्छ। गाई पनि पशु हो। रघुकुलका आदरणीय राजाहरु गाईका सेवक थिए। गोस्वामी अर्थात् इन्द्रियका मालिक भन्ने अर्थले पनि गाईको महत्व दर्साउँछ। मृदंग भक्तहरुले साथमा राखिरहने वाद्य हो। गाउँलेहरुले शहरियालाई सहयोग पुऱ्याउन पनि गाउँलेले तालीम पाउनुपर्ने हुन्छ। गोस्वामी तुलसीदास भगवान् रामचन्द्रका परम भक्त हुनुहुन्थ्यो। श्रीरामले वानर र भालुलाई पनि तालीम दिएर काममा खटाउनुभएको थियो। श्री रामले वालीलाई मार्नुभएको थियो तर वालीका छोरा अंगदलाई आफ्ना अनुकूल वनाउनुभएको थियो। सीताजीप्रति तुलसीदासको भक्ति विशिष्ट थियो। यसैले पनि ताडना भन्ने शब्दको अर्थ तालीमको प्रसंगमा लिनुपर्दछ। महिलाको शिक्षा, स्वास्थ्य र आचरणवारे अभिभावकले ज्ञान दिने कर्तव्य हुन्छ। पुत्र र शिष्यलाई लालना नगर्नू ताडना गर्नू भन्ने नीति वाक्यले पनि ताडना शब्दको अर्थ निर्ममतापूर्वक दण्ड दिने होइन, तालीम दिने, अर्थ्याउने सिकाउने हो भन्ने प्रस्ट हुन्छ।

प्रश्न- सबरी शूद्राले तपस्या गर्न पाउने, सम्बूक शूद्रले तपस्या गरेकोमा दण्डित हुनुपर्ने विषयले असमानता या अन्याय देखिदैंन र !

उत्तर- सवरीले तपस्या गर्दा तपस्यावाहेक अरु जिम्मेवारी वोकेकी थिइनन् । सम्बूकले भाँडावर्तन मर्मत गर्ने भनी घरमा जनताका भाँडा थुपारी मर्मत गरेर वर्तन फिर्ता दिने काम वाँकी राखी वनमा तपस्या गर्न गएका हुँदा पाखण्डी कर्म गरेको, जिम्मेवारी पूरा नगरेको हुँदा दण्डभागी भएका हुन् । आ-आफ्ना वर्ग, क्षेत्र र जिम्मेवारीको धर्म नै स्वधर्म हो । स्वधर्ममा मर्न परे पनि जाती हुन्छ, परधर्म भयावह हुन्छ । यस्ता व्यवस्थाले समाजको संस्कृति र मर्यादा वाँच्छन् । सनातन आर्यधर्मले वाँच्ने, वचाउने र वाँच्न दिने काम गरेका हुन् । असहाय व्यक्ति र पशुलाई वचाउने, वन्यजन्तु र वनस्पतिलाई वाँच्न दिने, कर्तव्य पालन गर्दै आफू वाँच्ने जीवनसार भन्नुपर्छ । हिन्दूधर्मका नेताहरुले स्थापना गरेको धर्म होइन, धर्म कुनै दल होइन ।

प्रश्न- हिन्दूधर्मलाई राजमूलक धर्म भन्छन् भन्ने भनाई कस्तो हो ?

उत्तर- योगी, सन्त एवम् धर्मप्राण व्यक्ति जुन मात्रामा धर्मका जरा हुन्, त्यति मात्रामा राजा धर्मरुपी वृक्षका जरा होइनन् । राम राजालाई धर्मशिक्षा दिने वशिष्ठऋषि वढी धर्मज्ञ थिए । हो, वुद्ध शिक्षाको प्रचारमा राजा अशोकको ठूलो देन हो । धर्म अडिने रहने काममा राजाको योगदान हुन पनि सक्छ, नहुन पनि सक्छ । रघुकुलका राजा धर्मप्राण थिए । रामचन्द्र परम धर्मात्मा थिए । रावण र कंश पनि राजा थिए । वेन पनि राजा थिए । तर, रावण, कंश र वेनहरुले धर्माचरण गर्दैनथे । अहिले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरेकोमा नागरिक समाजका कतिपय व्यक्तिहरु आन्दोलित हुँदा पनि राजा केही वोल्ने अवस्थामा छैनन् । हामी लोकतन्त्रका पक्षपाती हौं, तर जनादेश र जनमत विपरीत नेपाललाई धर्मनिरपेक्ष घोषणा गरेकोमा हामी आपत्ति जनाउँछौं । निरपेक्षको अर्थ कुनै कुराको चाख वा वास्ता नभएको हुन्छ । पशुपतिनाथको गुठी जग्गा र नगद आम्दानी धेरै ठूलो छ । हिन्दू मन्दिर भनेर सरकारले वास्ता गरेन, लापर्वाह देखियो भने समाज र देश लाभान्वित हुन सक्दैन । धर्मका नाममा शोषण हुन सक्छ । यसैले भट्टलाई कसरी राख्ने, दर्शनार्थीलाई कुन र कस्तो अवसर दिने भन्नेकुरामा राज्य र कानूनले पनि व्यवस्था गर्न सक्छ । कानून निरपेक्ष, राज्य निरपेक्ष रह्यो भने राज्यस्थापनाको उद्देश्य पनि पूरा हुँदैन । ८५ प्रतिशत हिन्दू रहने देशलाई हिन्दूको अधिराज्य वा राज्य भन्न नचाहनु पनि अन्याय नै हो । पृथ्वीभरिका सवै देश धर्मनिरपेक्ष छैनन् भने मानवाधिकारका नाउँमा नेपाललाई धर्मनिरपेक्ष राखेको तर्क उपयुक्त देखिन्न । ✡

धर्मनिरपेक्षता अप्रासङ्गिक

□ मधुसूदन सुवेदी

सत्ये सत्यवती नाम त्रेतायां तु तपोवनम् ।
द्वापरे मुक्ति सोपान कलौ नेपाली पुरि ॥

स्कन्दपुराण

माता मे पार्वती देवी पिता देवो महेश्वर ।
वान्धवा मनुज्ञाः सर्वे स्वदेशो भुवनत्रयम् ॥

विश्वमा, परापूर्व काल (सत्ययुग) देखि चिरपरिचित र आफ्नो अस्तित्व कायम राख्दैआएको एकमात्र वैदिक सनातन धर्म अवलम्वन गर्ने हिन्दूराष्ट्र नेपाल हो । संस्कारको पनि वहुलता भएको र धर्मकै आडले गर्दा मानिस निरोगी, उच्च मानसिक विचारधारा भएका सवैलाई भ्रातृत्व वन्धुत्व भाव राख्दै आएका छन् भन्नेकुराको महत्व इतिहासद्वारा टड्कारो देखिएकै छ । सनातन धर्मको नामान्तरको रुपमा हिन्दूधर्म भन्न थालिएको हुनाले परम्परा कायम हुँदैआएको देखिन्छ साथै सनातन हिन्दू धर्म भन्ने प्रचलन पनि छँदैछ । हामी भन्दछौं मेरी आमा पार्वती हुन्, पिता महेश्वर हुन्, सवै व्यक्ति आफ्नो वान्धव हुन्, तीनै भूवन मेरो स्वदेश हो । यसरी आफ्नो माता, पिता, वन्धुवान्धव, दाजुभाइ भन्नेकुरा सनातन वैदिक धर्मले स्पष्ट औंल्याउँदछ किनकि विश्वमा एकमात्र सनातन वैदिक परम्पराको नेपाल जहाँ-हिमाल, गुफा, कन्दरा, वन, जङ्गल, पवित्र नदीहरुले ओतप्रोत भएको हुँदा देवता, ऋषिमुनिहरु-विश्वामित्र, व्यास, वाल्मीकि, याज्ञवल्क्य, जनक आदि व्रह्मर्षि, देवर्षि, राजर्षि र राक्षसहरुसमेतले यस "तपोभूमिमा" तपस्या गरी वरदानसमेत प्राप्त गरेको कुरा श्रीमद्भागवत महापुराण आदिले निर्दिष्ट गरेको हुँदा नेपाललाई "पुण्यभूमि", तपोभूमि र मोक्षभूमिको संज्ञा दिइएको छ ।

यस्तो ठाउँमा विभिन्न कारणले गर्दा धर्म-संस्कृति लोप हुँदै धर्म अस्तित्वमा वाधा पुग्दै गएको देखिन्छ । हामी सनातन वैदिक धर्मावलम्वीहरु-ॐकार परिवार (हिन्दू, वुद्धिष्ट, जैन, सिख आदि) लाई

दुःख लाग्नु स्वाभाविकै हो। हाम्रो जीवनको रक्षा धर्मबाटै हुन्छ र हामीले पनि सदासर्वदा धर्मलाई जोगाइराख्नुपर्दछ। यसैबाट भुक्ति-मुक्ति देशविकास सबै इच्छाअनुसार मिल्दछन्। श्रुति, स्मृति, पुराण आदिले बताएको धर्म नै धर्म हो। सनातनदेखि चल्दैआएको वैदिक धर्म र हिन्दूराष्ट्र नेपाल, संविधान र ॐकार परिवारभित्र आवद्ध रहेका तमाम सनातन वैदिक धर्मवलम्वीहरुमा सहिष्णुताका साथ सदाशयता कायम राख्दैआएका छन्।

धर्म शव्दले असल कुरा धारण गर्नु वा कुनै कर्तव्य गर्नु भन्नेकुरा जनाउँछ। तसर्थ सनातन वैदिक हिन्दूदर्शनमा धर्मको स्थान सर्वोपरि र व्यापक छ किनकि सनातन भनेको परापूर्वकालदेखि चल्दै आइरहेको रीतिस्थिति-धर्म-संस्कृति वा जीवनपद्धति अपनाउने, जोगाउने मानव नै हुन् भन्ने सङ्केत गरिएको पाइन्छ साथै नेपालको सम्वन्धमा सनातन वैदिक हिन्दू भन्नाले भगवान् र उहाँकै अंश राजा -जस्मा इन्द्र, पवन, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुवेर यी आठको अंश विद्यमान छ- गुरु, गायत्री, गीता, गाई, गङ्गामा आस्था राख्ने ॐलाई मूलमन्त्र मान्ने अनि पूर्वजन्म र पुनर्जन्ममा पत्यार गर्ने व्यक्ति बुझिन्छ।

धर्म भनेको अज्ञानरुपी अन्धकारालाई हटाएर ज्ञानरुपी प्रकाशले अन्तस्करणमा उज्यालो पारी शुद्धचित्त धारण गर्नु हो साथै घृणा, लोलुपता, भ्रष्टाचार, दुराचार, अत्याचार, अरुले गरेको काममा नकारात्मक भावनामात्र राख्नेजस्ता अवगुणहरुले रहित र वेदमा पारङ्गत विद्वान् एवं गुणवान् व्यक्तिद्वारा मान्य नियम जुन हो, त्यो धर्म नै हो जसद्वारा पारस्परिक सहिष्णुतावाट अभिप्रेरित सद्भाव, विश्वास र सवैमा समभाव राख्न सकिन्छ। "सर्वे भवन्तु सुखिनः, सर्वेसन्तु निरामयाः" को सिद्धान्तवाट अभिप्रेरित सनातन वैदिक हिन्दू धर्म विश्वमा एक प्रजातान्त्रिक धर्मको रुपमा रामराज्यदेखि चिरपरिचित छ। सनातन धर्मका विभिन्न सम्प्रदायहरु जस्तै -वैदिक, शैव, वैष्णव, शाक्त, आर्य, जैन, सिख, वुद्ध, श्रीकृष्ण प्रणामी धर्म एवं अन्य ॐकार वैदिक सनातनभित्र आवद्ध भएका विश्वव्यापी रुपमा फैलिएका सवै धर्म यसै हिन्दूराष्ट्रमा आवद्ध छ। सनातन वैदिक धर्म

कहिल्यै पनि आक्रान्त भएन र यसले सधैं समझदारी र सहिष्णुताको आधारमा आफ्नो अस्तित्व कायम गर्दै आएको छ।

जुन काम गर्नाले आफ्नो निमित्त, समाजको निमित्त र राष्ट्रको निमित्त अथवा समस्त विश्वको निमित्त सुख-शान्ति आदिको अभिवृद्धि गरेर ऐहिक अभ्युदय र पारलौकिक कल्याण हुन्छ, त्यो कामलाई धार्मिक काम भनिन्छ। "धर्मो विश्वस्य जगतः प्रतिष्ठा" भनेर ऋग्वेदले धर्मको काम नै जगतको प्रतिष्ठा वढाउनु हो भनेर स्पष्ट रुपमा उल्लेख गरेको छ। धर्मको उलङ्घन गर्ने राष्ट्रमा सुख-शान्तिको आशा गर्नु खरायोको सिङ खोजेर हिडनुजस्तै हो। तसर्थ हाम्रो राष्ट्रमा धर्मको उल्लङ्घन भएर नै हो- आज जनताले सुख शान्तिको अनुभूति गर्न पाइरहेका छैनन्।

"धर्म एवम् हतो हन्ति धर्मो रक्षति रक्षितः" अर्थात् हामीले धर्मलाई छाड्दछौं भने हामीलाई धर्मले नष्ट गरिदिन्छ र सुरक्षित धर्मले मानिसको रक्षा गर्दछ। त्यसकारण धर्मलाई वेवास्ता गर्न हुन्न जसवाट आफ्नै नाश हुन्छ। यसलाई वेवास्ता गरे देशमा उपद्रव, अशान्ति, भय, आतङ्क, द्वेष, घृणा, परस्पर वैरभाव आदि फैलिन्छ सो टड्कारो रुपमा सवैले अनुभव गरिरहेकै छन्।

सनातन वैदिक धर्मको आधार ग्रन्थहरुवाट यो देखिन्छ कि धर्मकै आधारमा सदाचार तथा संस्कारको पनि वहुलता आउंदछ भन्नेकुराको महत्व देखाइएको छ किनकि मानिस निरोगी र दीर्घायु रहनको लागि धार्मिक पक्षहरुको अवलम्वन गरेमा मानिस स्वच्छ, स्वस्थ रही मानसिक भावनामा परोपकार, अहिंसा र सही आचारमा रही धर्मपालना गर्ने भावना आउंदछ। कुनै रोगको पनि शिकार वन्नुपर्दैन र आनन्दसाथ सुखमय जीवन विताउन सकिन्छ।

सदाचार भनेको के हो ? भन्ने विषयमा साधारणतः सदाचार भनेको 'सतां सत्जनानां आचारः' सदाचार, पवित्रता पनि हो जसमा ध्यान, कर्म, जप, अहिंसा, सत्य, त्याग, दान, व्रह्मचर्य, शौच, परम्परादेखि चल्दैआएको सनातन वैदिक धर्मलाई अवलम्वन आदि विषय सदाचार मानिन्छ। सदाचारभित्र नित्यकर्म, नैमित्तिक कर्म र काम्यकर्मवाट

प्राप्त महत्व र यसवाट हुने फाइदाका साथै अन्य विभिन्न आचारसंहिताको पनि ज्ञान हासिल गर्न सकिन्छ ।

संस्कार भनेको वीजगर्भ समुद्भव पाप नाश गरी विभिन्न कर्ममा मात्र अधिकार दिने मङ्गलकार्यद्वारा सर्वाभ्युदय प्राप्त गराउने सत्कर्म हो । वास्तवमा संस्कार भनेको सुशोभित गर्नु हो । संस्कार दुई किसिमका छन् लौकिक संस्कार र वैदिक संस्कार । यी सवै कुराको मानिसले वोध गर्न सत्सङ्ग, आचार आदिमा तल्लीन रहनुपर्दछ । सत्सङ्ग भनेको एउटा प्रशिक्षण हो, विना सत्सङ्ग मानिसले केही पनि वोध गर्न सक्दैन । यही सत्सङ्गतको अभावले गर्दा नै हुन सक्दछ हाम्रा पार्टीगत व्यक्तिहरुले अरुको सुख-शान्तिको लागि कहिल्यै पनि सोचेको देखिएन । केवल आफ्नो स्वार्थ-सिद्धिको लागि मात्र धारणा देखिन्छ ।

तसर्थ सनातन धर्म, सदाचार, संस्कार, संस्कृति आदि विषयलाई अध्ययन, चिन्तन र मनन गरेर सत्सङ्गमा लागेमा सवैमा यो महसूस हुन जान्छ कि यो मेरो देश हो, सनातन धर्म मेरो धर्म हो । यस राष्ट्रलाई स्वर्ग वनाऊँ । सवै देशवासी मेरा प्यारा दाजुभाइ दिदीवहिनी हुन् । यिनीहरुमा भ्रातृत्व, वन्धुत्वको भावना ल्याउन पर्दछ भन्ने सोचाइ हुन जान्छ तव विश्व सामु सनातन धार्मिक देशको परिकल्पना गरी शान्तिको मार्ग देखाउने एकमात्र देश वनाउन सकिनेछ ।

तर हाल आएर केही दलहरुले अप्रासङ्गिक धर्मनिरपेक्षताको विवाद चर्चामा ल्याएकाले यस्तो महसूस हुन्छ कि हाम्रा पूर्खाहरुलाई अपहेलना गरी कतै विधर्मीहरुसँगको साँठगाँठको फाइदा उठाई ८० प्रतिशत भन्दा वढी हिन्दूत्वमा विश्वास भएका सनातनी वैदिक हिन्दूहरुलाई पाखा लगाई संविधानलाई लत्याई धार्मिक द्वन्द्व गराई आफ्नो स्वार्थपूर्ति गर्नमा अग्रसर भएका हुन् भन्ने तमाम ॐकार परिवारको भनाइ देखिन्छ ।

संसारमा विभिन्न जात-जातिका मानिसहरु आफ्नो देशमा परम्परागत चल्दैआएका धर्म मान्दै आइरहेका विभिन्न धर्मावलम्वी छन्-जस्तो इस्लाम धर्मका, क्रिश्चियन धर्मका, वुद्धिष्ट धर्मका आदि धेरै देशहरु छन् । हामीले यो पनि थाहा पाउनुपर्दछ-इस्लाम गणतन्त्र देशहरु, इसाई गणतन्त्रदेशहरु धेरै छन् तर यी देशहरुमा धर्मनिरपेक्षता

छैनन् । आफ्नो धर्मलाई प्राणभन्दा प्यारो मानी निष्पक्षतासाथ परंपरागत चलाउँदै आइरहेका छन् । कसैले हिम्मत गर्न सकेका छैनन्-यी देशहरुमा पनि धर्मनिरपेक्ष हुनपर्दछ । तर हाम्रो सरकारले परापूर्व कालदेखि हाम्रा पूर्खाले चलाउँदैआएको र संसारले मानेका एकमात्र सनातन वैदिक हिन्दू धर्म भएको देश नेपाललाई धर्मनिरपेक्ष गराएर धार्मिक द्वन्द्व ल्याउन चुनौति दिएको भान सवै ॐकार परिवारले महसूस गरेका छन् । धर्मनिरपेक्ष नगराएर धर्मसापेक्ष गराएको भंए के फरक पर्दथ्यो र ? यसभन्दा अघि पनि हाम्रो देशमा क्रिश्चियन समुदाय वा इस्लाम धर्मावलम्वीहरुले आफ्नो धर्ममा लागिरहेकै थिए, कसैले रोक लगाएको थिएन । हुन सक्छ, धर्मपरिवर्तन गराउन र गो हत्या गर्न यसले अप्ठ्यारो पाऱ्यो भन्नेकुरा यस सरकारले ठानेको पनि हुन सक्ला । ठीक छ, देशमा शान्तिकायम गर्न धर्मनिरपेक्ष नै एकमात्र विकल्प महसूस गरेको हो भने यस सरकारले धर्मपरिवर्तन गर्ने र गराउनेलाई मृत्युदण्ड दिइनेछ भन्ने कानून वनाओस् तव कसैले पनि यस विषयमा कुरा गर्ने र जुलुस गर्ने आदि साहस नै गर्दैनन् जस्तो लाग्दछ ।

गाईलाई नेपालीहरुले राष्ट्रिय जनावरको रुपमा स्वीकार गरिहेको हो र वैदिक सनातनीहरुले गाईलाई आमा वरावर मान्दै आएका छन् । तर धर्मनिरपेक्ष हुनासाथ विभिन्न स्थानमा गाई काटेर भोज-भत्तेर गराएको कुरा सुन्नमा आएको छ । यस्ता कार्यमात्र गर्नलाई धर्मनिरपेक्ष वनाएको भान सवै वुद्धिजीवीले गरेका छन् । यो नेपाल तथा विश्वका सनातन वैदिक धर्मवलम्वीहरुको निमित्त ज्यादै निन्दनीय कार्य भएको भन्ने जनगुनासो सुनिन आएको छ । जुन देशले आदिकालदेखि जुन धर्म मान्दैआएको छ, त्यसलाई वाधा पुऱ्याउनासाथ देशले धार्मिक असामन्ज्यस्यता र अनुशासनहीनताको मार भौग्नैपर्ने स्थिति आउन सक्दछ । हामी चाहन्छौं-धर्मको विवादले देशवासीले अझ थप अशान्ति भोग्न नपरोस् । सनातन वैदिक हिन्दूधर्ममा सवै धर्मावलम्वी अटाउन सक्दछन् । तसर्थ इतिहासवाट सिक्ने हो र इतिहास मेटाउने कार्य गर्नुभन्दा इतिहासलाई जोगाउने कार्यमा लाग्नु सवैका निम्ति वुद्धिमानी कार्य हो । ✡

नेपाल-धर्मसापेक्ष या धर्मनिरपेक्ष ?



वासुदेव ढकाल

नेपाल पशुपतिनाथको देश हो, शिव-गोरक्षनाथको देश हो, शान्तिका अग्रदूत गौतमवुद्ध जन्मेको देश हो र हो, विश्वविख्यात वीर गोर्खाली (नेपाली) को देश। संसारभर छरिएका करोडौं मात्र होइन, अरवौं। हिन्दू तथा वौद्धहरूको एकमात्र देश हिन्दू अधिराज्य नेपाल हो। त्यति मात्र होइन, हिन्दू-जैन-सिख ४ धर्म केन्द्रविन्दु नेपाल ॐकार परिवार हो।

यो नेपाल मान्छे मान्छेको मात्र देश होइन, देवतै देवताको पनि देश हो। संसारको सर्वोच्च हिमाली शिखर सगरमाथा काखमा रहेको संरक्षणमा रहेको देश यो नेपाल वास्तवमा नयपाल हो अर्थात् न्यायको पालना गर्ने देश हो। किराँती रूप पशुपतिलाई र किराँतिनी रूप गुह्येश्वरीको क्रीडाभूमि -शक्तिपीठ) यो नेपाल हिमवत्खण्ड र पशुपति क्षेत्र हो। सनातन हिन्दूधर्म र त्यसवाट वनेको वुद्धधर्मको संमिश्रणवाट उत्पन्न भएको धर्म नै यो देशको नेपालीधर्म हो, नेपाली संस्कृति हो।

नेपाल एक तन्त्रप्रधान देश पनि हो। यो देशमा अनिकाल पर्दा यहाँका तान्त्रिकहरूले तंत्रवल र तंत्रविधिले कामारुकामाक्षावाट गोरखनाथका गुरु मत्स्येन्द्रनाथलाई यहाँ ल्याई स्थापना गरेका हुन्। यहाँका पशुपतिनाथलगायत धेरैजसो देवदेवताहरूका आजा-पूजा पनि वैदिक र तान्त्रिक दुवै पद्धतिवाट चलिआएको छ। तंत्रको माध्यमले नै यहाँ हिन्दू र वौद्ध धर्म एकाकार वन्न पुगेको छ। प्रताप मल्ल आदि मल्ल राजाहरूको पालामा त यहाँको तंत्रविद्या उत्कर्षमा पुगेको देखिन्छ। लम्वकर्ण भट्ट, जामुन गुभाजु, वन्धुदक्ष आदिले त अनेकौं तान्त्रिक चमत्कारहरू पनि देखाएका छन् भन्ने सुनिन्छ। हाम्रा अग्रजहरूले संस्थापना गरेका कीर्तिहरू नै वास्तवमा हाम्रो देशको संस्कृति हो।

गुरु गोरखनाथको आशीर्वाद र माता गोरखकाली (मनकामना) को अनुग्रहले वडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहले वाइसी-चौविसीको रूपमा छरिएका अनेकौं स-साना राज्यहरूलाई समेटी एकीकरण गरी वनाएको दुई ढुंगाको वीचमा रहेको तरुलजस्तो अर्थात् दुई ठूला देश

- चीन र भारतको वीचमा परेको भूपरिवेष्ठित यो सुन्दर, शान्त र विशाल देश नेपाललाई आजको यहाँको गन्हाउने राजनीतिको हिलोमा फोहोरी खेल खेल्न रुचाउने, आफ्नो स्वार्थको लागि हुरुक्क हुने, देश वेच्न परे पनि कत्ति नहिच्किचाउने भेडाका रूपमा आएका भीडले यो देशलाई धर्मनिरपेक्ष वनाउन खोज्दैमा यो देश कदापि धर्मनिरपेक्ष देश वन्न सक्तैन । चार वर्ण छत्तीसजातको फूलवारी वनेको यो वघैंचालाई केही नर-वानरहरू पसेर केही समयको लागि उजाड पार्ने प्रयत्न गरे तापनि यो पुन: हमेशाको लागि हराभरा नै रहने छ । नेपालको गौरवशाली इतिहास कसैले मारेर मर्दैन । धर्मसापेक्ष यो देश सदैव धर्मसापेक्ष नै रहनेछ । यहाँ धर्मको सुक्री-विक्री हुँदैन ।

हिन्दू-धर्म सनातन छ, यो सत्य हो । यो धर्म उदार छ, यो पनि सत्य हो । नर उदारताको नाउँमा यो धर्मसापेक्ष संसारको एकमात्र हिन्दू अधिराज्य नेपालले आफ्नो धर्मसापेक्षता गुमाउन चाहँदैन जव कि मैले सुनेअनुसार **संसारमा ७० भन्दा वढी ईसाई र लगभग ४० मुस्लिम धर्मसापेक्ष देशहरु छन् । हिन्दू र बौद्धको धर्मसापेक्ष देश योभन्दा उपयुक्त अर्को कुनै छैन ।**

'उत्तिष्ठ, जाग्रत प्राप्य वरान्निवोधत' अव संसारका सवै हिन्दूहरू एक भएर उठ्ने वेला आएको छ, जाग्ने वेला आएको छ र आफ्नो अभीष्ठ कुरालाई प्राप्त गर्ने वेला आएको छ । संसारको एकमात्र हिन्दू अधिराज्य नेपाललाई हामी नगुमाऊँ ।

टिष्टादेखि काँगडासम्म पुगेको विशाल नेपाललाई सन् १६१६ को सुगौलीको सन्धिले मेची महाकालीमा सीमित र संकुचित भई तमाम नेपालीले आजसम्म पछुताउन परेजस्तै संसारको एकमात्र स्वतन्त्र सार्वभौमसत्तासम्पन्न धर्मसापेक्ष हिन्दू अधिराज्यलाई गुमाएर अरवौं हिन्दू तथा वौद्धहरूको समेत अस्तित्वलाई सखाप पारी यसलाई धर्मनिरपेक्ष देश वनाउँदा यसको दूरगामी असरले हामीलाई अनन्त: अनन्त कालसम्म पछुताउँन नपरोस् । हाम्रा सन्तान दरसन्तानले, हाम्रा भावी पिंढीले हामीलाई के भन्लान् ? गम्भीर रूपले सोच्ने वेला आएको छ । सोच्ने मात्र होइन, कार्यक्षेत्रमा सशक्त रूपले डट्ने वेला आएको छ । 'गर या मर' को वेला आएको छ । धर्मप्राण व्यक्ति हिन्दूधर्मप्रति सक्कली रूपमा आफ्नो आस्था देखाउने वेला आएको छ ।

आखिर वेदले यसो भन्छ :- मातृदेवो भव । पितृदवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव । राष्ट्रदेवो भव । *दिनाङ्क २०६३।२।२२।२*

धर्मनिरपेक्षतावारे चीन

– डा. माधवप्रसाद पोखरेल

जन-आन्दोलन ०६३ वाट पुनःस्थापित प्रतिनिधिसभा घोषणाले संविधानसभा निर्वाचनवाट आउने जनप्रतिनिधिले वनाउने संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गर्ने अवधारणा इतिहासमा पहिलोपल्ट ल्याएको छ। यसपछि नेपाल 'हिन्दूराज्य' नरहने उक्त घोषणावाट प्रस्ट भएको छ। आगामी संविधानले धर्मनिरपेक्षताको कस्तो परिभाषा गर्छ त्योचाहिँ प्रस्ट छैन। भारत र चीनजस्ता छिमेकी मुलुकमा धर्मनिरपेक्षता कसरी परिभाषित गरिएको छ, त्यसको सिको गर्न नेपालीलाई सजिलो पर्छ। नेपालीलाई भारतका विषयमा धेरै थाहा छ, तर चीनवारे अत्यन्त कम थाहा छ। चीनका वारेमा नेपाली वुद्धिजीवीले राखेका अवधारणा अड्कल र भ्रममा मात्र आधारित छन्। नेपाली विश्वविद्यालयमा भारतीय समाजशास्त्रका अनेक प्रकरण पढाइन्छ, तर चिनियाँ समाजशास्त्रको सामान्य ज्ञान पढाइँदैन। भारतसँगको खुला सिमाना र चीनसँगको हिमाली छेकाराले र भौगोलिक दूरताले पनि यस्तो भएको हुन सक्छ। चिनियाँ समाजशास्त्रका सवै पक्षको सामान्य ज्ञान नेपालीलाई लिन सजिलो होस् भनेर एउटा चीनविद्याको अनुसन्धान केन्द्र खोलिदिए यस्तो समस्या केही कम हुन्थ्यो होला।

म चिनियाँ अन्तर्राष्ट्रिय रेडियोमा नेपाली भाषा विशेषज्ञ भएर एक वर्ष वसेकै वेला चीनले चाइना डेली दैनिक अखवारमा 'चीन सरकारका धार्मिक गतिविधिसम्वन्धी नियम' घोषणाको श्वेतपत्र जारी गरेको थियो।

धर्मनिरपेक्षता सम्वन्धमा चीनको अवधारणाको जानकारी पनि नेपालको भावी संविधानका निर्मातालाई सघाउ पुग्ला भनेर मैले उक्त श्वेतपत्रको चर्चा यहाँ गरेको छु।

<u>दफा १२:</u> निम्नलिखित धार्मिक छापा सामग्री, धार्मिक श्रव्य-दृश्य उत्पादन र अरू सरसामान चिनियाँ भूभागभित्र ल्याउन निषेध छ :

- मात्रा व्यक्तिगत सामान्य प्रयोगभन्दा वढी भएमा र ती दफा ११ भित्र तोकिएको वर्गभित्र नपर्ने भएमा

- ती सरसामानका विषयवस्तु चिनियाँ राष्ट्रिय सुरक्षा वा चिनियाँ वितरण गर्न,

-अन्य धार्मिक गतिविधि गर्न ।

दफा १८ : अन्तर्राष्ट्रिय धार्मिक सङ्गठन, कार्यालय र तिनीहरूका सदस्यहरूले चिनियाँ धार्मिक संस्था, धार्मिक स्थल र धार्मिक व्यक्तित्वसित सम्पर्क राख्ने अथवा सम्वन्धित गतिविधि गर्ने सुर लिएमा उनीहरूले जनसरकारका प्रान्तीय अथवा त्यसभन्दा माथिका धार्मिक विभागमा निवेदन दिनुपर्छ । अनुमति पाएपछि मात्र तिनीहरूले सम्वन्धित चिनियाँ व्यक्ति, संस्था वा सङ्गठनसित सम्पर्क राख्न पाउनेछन् ।

दफा १८ : केही गरी चिनियाँ भूभागभित्र विदेशीले यी नियम उल्लङ्घन गरेर धार्मिक गतिविधि गरे भने जनसरकारका स्थानीय अथवा माथिल्ला तहका धार्मिक विभाग वा सम्वन्धित निकायले कानूनअनुसार रोक लगाउनेछन् ।

-चिनियाँ भूभागभित्र विदेशीले गर्ने धार्मिक गतिविधिवाट यी नियमका साथै जनसुरक्षाका लागि प्रशासकीय दण्ड-सजाय विषयक नियम र जनगणतन्त्र चीनमा विदेशीको अध्यागमन र प्रस्थानलाई नियन्त्रण गर्न वनेको कानून उल्लङ्घन भयो भने त्यस्ता विदेशीमाथि सार्वजनिक निकायले कानूनअनुसार कारवाही गर्नेछन् । अपराध ठहरेमा कानूनअनुसार त्यस्ता विदेशीका आपराधिक उत्तरदायित्वको न्यायिक निकायले अनुसन्धान गर्नेछन् ।

नेपालमा धर्मनिरपेक्षताको माग मूलतः वामपन्थीबाट आएको हो । वामपन्थीमध्ये पनि राज्यसत्ताको उपभोगबाट जुन घटक जति टाढा छ, त्यसै मात्रामा धर्मनिरपेक्षताको माग चर्को भएर आएको देखिन्छ । धर्मनिरपेक्षता गाताबाहिर जति राम्रो लाग्छ, पछि व्यवहारमा त्यति राम्रो नलाग्न सक्छ । धर्म पनि संस्कृतिकै अङ्ग हो । धर्मनिरपेक्षता मुलुकमा भएका सवै जाति र जनजातिलाई आ-आफ्नो धर्म मान्ने स्वतन्त्रताका रूपमा परिभाषित भयो भने त्यसले मुलुकमा खासै नकारात्मक प्रभाव पार्दैन । चीनले पनि त्यो कुरो मनन गरेको देखिन्छ । **मुलुकको संस्कृति नै उल्टाउने गरी धर्मनिरपेक्षता परिभाषित भयो भने चीनका नेता तङ्स्याउ पिङले भनेझैं खुल्लापनले सफा अक्सिजन मात्र नल्याएर लामखुट्टे पनि छिर्न सजिलो पर्छ ।** सार्वजनिक

हितविपरीत भएमा, धार्मिक छापा सामग्री, धार्मिक श्रव्य-दृश्य उत्पादन र अरू धार्मिक सरसामान अघिल्ला अनुच्छेदहरूमा उल्लेख गरिएकाभित्र पर्ने भएमा त्यसलाई कानूनअनुसार भन्सारले नै हेर्नेछ ।

पहिलो अनुच्छेदमा तोकिएका कुरा उल्लंघन गर्ने धार्मिक छापा सामग्री, धार्मिक श्रव्य-दृश्य उत्पादन र अरू धार्मिक सरसामान चिनियाँ भूभागभित्र ल्याइएमा वा अरू कुनै उपायद्वारा चिनियाँ भूभागभित्र भित्र्याइएको पाइएमा राष्ट्रिय वा सोभन्दा माथिल्लो स्तरका धार्मिक मामिलासम्बन्धी विभागले कानूनअनुसार तिनलाई हेर्नेछ ।

दफा १६ : चिनियाँ भूभागभित्र धार्मिक गतिविधि सञ्चालन गर्ने विदेशीले चिनियाँ कानून र नियम पालना गर्नुपर्छ ।

धार्मिक गतिविधिका लागि चिनियाँ धार्मिक निकाय वा स्थलको स्थापना वा परिवर्तनमा, चिनियाँ धार्मिक निकायद्वारा धार्मिक व्यक्तिको छनोट, नियुक्ति वा परिवर्तनमा विदेशीले हस्तक्षेप गर्न पाउने छैनन् र उनीहरूले चिनियाँ धार्मिक निकायहरूको अन्य आन्तरिक मामिलामा हस्तक्षेप वा प्रभाव पार्ने छैनन् ।

चिनियाँ भूभागभित्र विदेशीले धार्मिक संगठनको स्थापना, कार्यालयको संस्थापन, धार्मिक गतिविधिका लागि स्थलहरूको स्थापना, कार्यालयको संस्थापन, धार्मिक गतिविधिका लागि स्थलहरूको स्थापना, धार्मिक संघसंस्थाको सञ्चालन वा कुनै पनि नाम वा स्वरूपमा धार्मिक कक्षासञ्चालन गर्न पाउने छैनन् ।

दफा १७ : विदेशी चिनियाँ भूभागभित्र निम्नलिखित धार्मिक गतिविधिमा संलग्न हुनेछैनन् ।

- चिनियाँ नागरिकमध्येबाट धार्मिक व्यक्तिको छनोट गर्न,
- चिनियाँ नागरिकमाझ धार्मिक अनुयायी खोज्न,
- अनुमतिविना धार्मिक गतिविधि गर्ने स्थलमा प्रवचन दिन,
- धार्मिक गतिविधिका लागि कानूनी रूपमा दर्ता भएका स्थलहरूबाहिर धार्मिक प्रवचन दिने वा धार्मिक भेला सञ्चालन गर्न,
- धार्मिक गतिविधिमा अध्यक्षता ग्रहण गर्न निम्त्याइएका चिनियाँ धार्मिक व्यक्तित्वका रूपमा रहेका चिनियाँ नागरिकबाहेक धार्मिक गतिविधिका लागि अस्थायी स्थलहरूमा चिनियाँ नागरिकसँग धार्मिक गतिविधि गर्न,

- धार्मिक पुस्तक तथा पत्रपत्रिका, धार्मिक श्रव्य-दृश्य उत्पादन, धार्मिक विद्युतीय वस्तु वा अन्य धार्मिक सरसामान उत्पादन वा बिक्री-वितरण गर्न,

- धार्मिक प्रचारवाजीका सामग्रीको भित्र्याउन सक्छ। चीनको धार्मिक श्वेतपत्रले खाली लामखुट्टे छिर्ला भनेर झुल टाँगेजस्तो मात्र देखिन्छ।

वामपन्थीले नेपालमा धर्मनिरपेक्षताको वकालत मुख्य दुई कारणले गरेका हुन्। कार्लमार्क्सले धर्मलाई अफिम ठहराएकाले पनि धर्मवारे संवेदनशील हुनु वामपन्थी विर्टुलिनु हो भन्ने उनीहरूको एउटा धारणा होला। दोस्रोचाहिँ नेपालका जनजातिले परम्परादेखि मानी आएको धर्म त ठ्याक्क हिन्दूधर्म नभएर फरक हो, त्यसैले नेपाललाई हिन्दूराज्य भनेर घोषणा गर्दा उनीहरूको धार्मिक स्वायत्ततामा वाधा पर्नसक्छ। केही फरक धारणा भए पनि चीन विश्वभरका वामपन्थीका लागि आदर्श राज्य हो। मार्क्सले जे भनेका भए पनि चीनको धार्मिक श्वेतपत्रले नेपाली वामपन्थीलाई पनि धर्मनिरपेक्षताको परिभाषामा निरपेक्ष नरहन मार्गनिर्देशन गरेको छ।

देशका जनजातिका परम्परागत धर्महरूको स्वायत्त विकास गर्न चीनको सिको गर्दा अलिकिति पनि वाधा पर्दैन। भारतीय संविधानमा धर्मनिरपेक्षताको परिभाषा गर्दा चीनमा जस्तो डलर र युरोको लोभ देखाएर मुलुकका परम्परागत जातीय धर्म मानिआएका गरीव र अशिक्षित जनजातिहरूको धर्मपरिवर्तन गर्ने नियतले मुलुकभित्र स्थायी वा अस्थायी रूपमा वसोवास गरिरहेका विदेशी व्यक्ति वा संस्थालाई अङ्कुश लगाउने कुनै दफा छैन। त्यसैले होला ब्रह्मपुत्र व्यासी, मध्यभारत र दक्षिण भारतका असङ्ख्य जनजाति आफ्नो परम्परागत धर्म छोडेर विदेशी धर्ममा दीक्षित भएका पाइन्छन्।

संविधानमा नेपाललाई हिन्दूराज्य घोषणा गरिएकै वेलामा पनि मेरो एउटा इसाई चेलाले दिएको सूचना अनुसार १०.८६ ई. मा नेपालमा विदेशी धर्ममा दीक्षित हुने नेपालीको सङ्ख्या झन्डै एक हजार थियो। १०.०६ई. मा अर्को इसाई चेलाले दिएको सूचनाअनुसार विदेशी धर्ममा दीक्षित हुने नेपालीको सङ्ख्या पचास हजारभन्दा माथि पुगिसकेको थियो। त्यसको दस वर्षपछि (अहिले २००६ ई.मा) त्यो सङ्ख्या कति गुणा माथि पुग्यो, मैले वुझिसकेको छैन। यसरी विदेशी धर्ममा दीक्षित हुनेहरूमा धेरैजसो दलित जाति र जनजाति नै सिकार भएका पाइन्छन्। नेपालको संविधानमा धर्मनिरपेक्षता नहुँदै त स्थिति यस्तो छ भने धर्मनिरपेक्षता आउँदा चीनको श्वेतपत्रले झैं राम्ररी कसेर झुल टाँगेन भने नङ् स्याउ पिङले भनेझैं लाम्खुट्टे छिर्न सजिलो पर्ला। *(साभार : कान्तिपुर दैनिक २०६३।४।२७)*

धर्मनिरपेक्ष भनेको के हो ?

अनन्तयात्री श्रीधर खनाल

धर्मनिरपेक्ष भनेको केही पनि होइन। यो एउटा अर्घल्याइँमात्र हो। धर्मको अर्थ नबुझेका अज्ञानीहरूको कोरा कल्पना हो किनभने मानिसको मात्र गणना नगरेर पशुपक्षीलगायत समस्त प्राणीमा धर्मनिरपेक्ष कोही हुन सक्दैन। प्राणीमात्र किन ? निर्जीव वस्तुको पनि आ-आफ्नो धर्म हुन्छ। आगोले पोल्छ किनभने पोल्नु त्यसको धर्म हो। त्यसै गरी पानीले पनि भिजाउने काम गर्छ र धर्मनिरपेक्ष रहन सक्दैन। जुनसुकै प्राणी अथवा वस्तुले धर्मनिरपेक्ष बन्नासाथ अथवा बनाइनासाथ त्यो अस्तित्वहीन बन्छ। उसको अस्तित्व अर्कै रुपमा परिवर्तित हुन सक्छ तापनि उसले त्यही रुपअनुसार धर्मपालन गर्नुपर्ने हुन्छ। भनाइको मतलब संसारमा धर्मनिरपेक्ष प्राणी, पदार्थ, कार्य, कार्यशैली र चिन्तन छँदैछैन। धर्मपालनमा नै विश्व अडेको छ। सूर्यले धर्मनिरपेक्ष बनेर प्रकाश नछर्नासाथ धरती अन्धकारमय बनेर कोलाहल मच्चिन्छ। त्यसै गरी पानी, हावा, वनस्पति आदि कुनै पनि प्राकृतिक वस्तु धर्मनिरपेक्ष बन्नासाथ प्रलय मच्चिन्छ। यहाँ मानिसको अस्तित्व जोगाउन स्रस्टाले अर्कै अवस्था मिलाउनुपर्ने हुन्छ।

अहिले आएर केही अबुझ मानिसहरू नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरिनुपर्छ भनेर निरर्थक प्रस्ताव तेर्स्याउन अघि सरेका छन्। के एउटा राष्ट्रको राष्ट्रधर्म हुँदैन ? के त्यसमा राष्ट्रले पालन गर्नेपर्ने कर्महरू हुँदैनन् ? यो बुझ्न सबभन्दा पहिले धर्म भनेको के हो भनेर गहन चिन्तन गरिहेर्नुहोस् त, तपाइँ धर्म भनेको त कर्म पो रहेछ भन्ने रहस्यभेद गर्न सक्नुहुन्छ। त्यसपछि त मानिसले आफ्नो कर्म, कर्तव्यपालन गरेर नै धर्म गर्दोरहेछ भने कुकुरले पनि उसको आफ्नै कर्म गरेर धर्मपालन गर्दोरहेछ भन्ने तपाईलाई छर्लङ्ग भइहाल्छ। त्यसैले धर्मको संकीर्ण विभाजन गरेर पहिलेका मानवधर्मीहरूले कसैलाई हिन्दू, कसैलाई मुसलमान, कसैलाई क्रिस्तान, कसैलाई जैन, बुद्ध र नानकपन्थी आदि सयौं टुक्रामा स्वयं आफूहरूलाई विभाजित तुल्याएका छन्। त्यसमा पनि फेरि शैव, वैष्णव, कृष्णप्रणामी, सिया, सुन्नी, क्याथोलिक, प्रोटेस्टेन्ट, यहुदी, पार्सी, स्वेताम्वर, दिगम्वर, हिनयान, महायान वज्रयान र थेरवाद जस्ता विभाजनभित्रका विभाजनले गर्दा आफूलाई धार्मिक विशेषताले शोभित तुल्याउने मानिसहरूले

धार्मिक अन्धविश्वासबाट उम्लेर वीभत्स हिंसा, हत्या र काटमार गर्दै आएको पनि इतिहासले सिद्ध गरेको छ। वर्तमानमै पनि विश्वका विभिन्न खण्डमा यस्ता काटमार भइरहेकै पाइन्छन् र त्यस्ता अमानवीय कर्म गर्ने मानिसहरू कुनै पनि धर्मावलम्वी हुन सक्दैनन्। तिनलाइं धर्मनिरपेक्ष प्राणीमात्र भन्न सकिन्छ। खास विचारणीय कुरो के छ भने परिस्थितिवश, वाध्यतावश अथवा अन्य कुनै स्वार्थवश धर्मको नाममा विभाजित सारा कर्महरूलाई तपाइँ मानवधर्म भन्न सक्नुहुन्छ। त्यसरी हेर्दा एउटा हिन्दू र अर्को मुसलमानको धर्म एउटै हुन्छ। धार्मिक कार्यशैली मात्र फरक हुन्छ।

सनातन धर्मलाई अज्ञानवश हिन्दूधर्म भनेर संकीर्ण तुल्याउन खोजिएको छ र पनि त्यसमा संकीर्णता छैन। किनभने "सर्वे भवन्तु सुखिन:" भनेर विश्ववन्धुत्वलाई प्राथमिकता दिने सनातनधर्मी वैदिक आदर्शको पालना गर्ने हुन्छ। उसले पौराणिक कालपछिका धर्मगुरु भनाउँदा संकीर्णवादीहरूको मार्ग त्यागेको हुन्छ। त्यसको एउटा ज्वलन्त उदाहरण दयानन्दको आर्यसमाज नै छ। आर्य समाजीहरू पनि आफूलाई हिन्दू भन्छन् तर उनीहरू जातिभेद, धर्मभेद, लिङ्गभेद मान्दैनन्। उनीहरूको पूजा-आजा र भातभान्सामा कुनै अंग्रेज, मुसलमान, शिख र जुनसुकै जातको पुरुष तथा नारीले ससम्मान भाग लिन सक्छ। आर्य समाजी उपाधि पाएका हिन्दूहरू वसुधैव कुटुम्वकम भन्ने सिद्धान्तका कट्टर अनुयायी हुन्छन्। पौराणिक कालमा आएर हिन्दूसमाजमा घुसेको कट्टर व्राम्हणवादलाई आर्यसमाजी हिन्दूहरूले जरैदेखि उखेलेर फ्याँकिसकेका छन्।

अर्कोतिर धर्मनिरपेक्ष राष्ट्र भनेर ढ्याङ्ग्रो ठटाउने केही देशमा जति पनि मानिसहरू हिन्दू-मुस्लिम दंगामा तथा माथिल्लो र तल्लो जात मानिसका हिन्दूहरूकै वीचमा भएको मारकाटमा मारिएका छन्। त्यसको शून्य दशमलव एक अंशमा पनि हिन्दू अधिराज्य भनिने देश नेपालमा मारिएका छैनन्। यहाँ मन्दिर छन् त मस्जिद पनि छन्, चर्च छन् त गुरुद्वारा पनि छन्। यस्तो हिन्दू अधिराज्य भनिने नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भन्नु त यो राष्ट्र नै होइन भन्नुसरह हुन्छ किनभने माथि नै भनिएजस्तो राष्ट्रको पनि धर्म हुन्छ र त्यसै धर्मअनुसार उसले आफ्नो स्वाधीनता कायम राख्नुपर्ने हुन्छ। धर्मनिरपेक्ष राष्ट्रले आफ्नो देशको भूभाग जोगाउन सक्दैन, जनसंख्याको घटौती रोक्न सक्दैन र राज्यसंचालनको लागि सशक्त सरकारको गठन र संरक्षण गर्न सक्दैन। धर्मको अर्थ नै नवुझी नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गराउनेहरूको सपना धर्मनिरपेक्ष राष्ट्रवाट नै पूरा हुन सक्दैन।

नेपालमा धर्मनिरपेक्षता : कति सान्दर्भिक ?

— शरद्‌कुमार भट्टराई

नेपालमा जनआन्दोलनको फलस्वरुप २०६३ साल वैशाख ११ गतेका दिन संसदपुनःस्थापना हुन गएको हो । पुनःस्थापित संसदले यही जेठ ४ गतेका दिन आफूलाई सम्प्रभु घोषणा गर्ने सन्दर्भमा अरू कुराको अतिरिक्त हिन्दूराष्ट्र नेपाललाई धर्मनिरपेक्ष राष्ट्रको रुपमा घोषणा गऱ्यो । सन्सारको एकमात्र यो सानू हिमाली हिन्दूराष्ट्रलाई के कति कारणले र कसको हितका लागि हिन्दूराष्ट्रवाट धर्मनिरपेक्ष राष्ट्रको रुपमा परिणत गरियो ? कुनै नेपालीले पनि यो कुरा वुझ्न सकेका छैनन् । ८५ प्रतिशत हिन्दूहरू (वैदिक, वौद्ध, जैन र सिक्ख) रहेको यो सानो अधिराज्यमा विश्वको एकमात्र हिन्दूराष्ट्रका जनता भएर वाँच्न पाउँदा हामी सवैले आफ्नू गौरव सम्झिएका थियौं । सन्सारका कैयौं राष्ट्रहरुमध्ये झण्डै ८० राष्ट्रहरु मुस्लिम धर्म मान्ने राष्ट्रहरु छन् । त्यस्तै ५० भन्दा वढी राष्ट्रहरु क्रिस्चियन धर्म मान्दछन् । यसै गरी संसारका कैयौं राष्ट्रहरु वुद्धधर्म मान्दछन् । यसै गरी यहुदी धर्म, सिन्तो धर्म र अन्य धर्म मान्ने राष्ट्रहरु पनि छन् । तर संसारमा करोडौं हिन्दूहरुको एकमात्र आस्थाको केन्द्र भएको हिन्दूराष्ट्र नेपाल नै थियो । हिन्दूधर्मले अरु सवै धर्मलाई संरक्षण दिएर अघि वढ्ने र फल्नेफुल्ने मौकासमेत दिएको नेपाल नै थियो । हिन्दूराष्ट्र नेपालमा ॐमकार परिवारका धर्म मान्ने धर्मावलम्वी संघसस्थाहरूका साथै अन्य धर्मावलम्वीहरूले पनि खुलारुपमा अधिराज्यभरी मस्जिद र चर्चसमेत निर्माण गरेर आ-आफ्नू धर्मको प्रचार गरिरहेका थिए र छन् पनि । नेपाललाई हिन्दूराष्ट्र घोषणा गरेपछि हिन्दूवाहेक अन्य धर्महरूको प्रचारप्रसार र संगठन अत्यन्त तीव्र रुपमा नेपालमा वढेको सवैलाई थाहै छ । हिन्दूहरूले यसको प्रतिरोध कहिल्यै गरेनन् र अन्य छिमेकी मुलुकहरूमा जस्तो आफ्नू धर्म मान्नेवाहेक अरूलाई थिचोमिचो र जाइलाग्ने पनि गरेनन् । हिन्दूराष्ट्र

नेपालमा अरू धर्मनिरपेक्ष वा धर्मसापेक्ष राष्ट्रहरूमा जस्तो धर्मका नाममा कहिल्यै हिंसा, हड्ताल, नाराजुलुस, हत्या र विध्वंशसमेत भएको थिएन। इस्लामिक धर्म र अन्य धर्म मान्ने राष्टहरूमा हिन्दूधर्मले जहिल्यै पनि थिचोमिचो र प्रताडना सहनुपरेको छ। जुन राष्ट्रमा मुस्लिम धर्म घोषित भएको छ, त्यहाँ हिन्दूधर्म मान्नेहरू कि मुस्लिम धर्ममा परिणत हुन वाध्य भएका छन् वा देश छोडेर भागेका छन् वा उनीहरूले आफ्नो ज्यान नै गुमाउनुपरेको छ। तर हाम्रो देशमा भने हिन्दूराष्ट्रको घोषणा भएपछि अन्य धर्मावलम्वीहरूको संख्या जस्तै क्रिस्चियन र मुशलमान अत्यन्त तीव्र रुपमा वढेर गएको तथ्याङ्कले देखाउँछ। यसमा हामी हिन्दूहरूले कुनै गुनासो गरेनौं। तर जेठ ४ गते पुनर्स्थापित संसदले विनासुझवुझ हतारमा धर्मनिरपेक्ष नेपालराष्ट्रलाई घोषणा गरेपछि यो राष्ट्र दिशाविहीन भएको छ।

'धर्मो रक्षति: रक्षित:' भन्ने हाम्रो शास्त्रीय भनाइअनुसार जसले धर्मको रक्षा गर्छ त्यसको रक्षा धर्मले पनि गर्छ। अर्थात् जुन राष्ट्रले आफ्नू धर्म, संस्कृति, संस्कार र आचारविचारको समेत संरक्षण गर्न सक्छ, त्यो राष्ट्र नै दीर्घजीवी हुन्छ र समृद्ध भएर वाँच्दछ भन्ने हाम्रो प्राचीन मान्यता छ। जव यो राष्ट्रले आफ्नु अनन्त समयदेखि चलिआएको र मानेको वसुधैव कुटुम्वकम् (World is one family) को उदात्त सिद्धान्त राखेर आफ्नू धर्मलाई पालना गरिरहेको सर्वविदितै छ। यसैधर्मअन्तर्गत वौद्ध, जैन, सिक्ख आदि धर्महरू उद्भव भएर साथसाथै मिलेर अगाडि वढिरहेका पनि सर्वविदितै छ। सनातन वैदिक हिन्दूधर्मका सिद्धान्तहरू विश्वजनीन र मानवीय सिद्धान्तमा आधारित छन्। हिन्दूधर्मले आफू वाँच र अरूलाई पनि वाँच्न देऊ "सहनाववतु, सहनौ भुनक्तु, सहवीर्यं करवावहै" को सिद्धान्तलाई अँगालेर संसारमा अनन्तकालदेखि अनवरतरुपमा प्रवाहित भइरहेको कुरा घामजत्तिकै छर्लङ्ग छ। यस धर्ममा चार्वाकदेखि लिएर शंकराचार्यको सिद्धान्त मान्ने व्यक्तिहरू छन् भने अर्कोतर्फ विभिन्न देवीदेवताको पूजा गर्नुको साथै निराकार व्रह्म मान्ने व्यक्तिहरू पनि छन्।

यस धर्मभित्र समाजसञ्चालन गर्नको लागि विभिन्न वर्ण र जातिको विभाजन भएको भए तापनि आफ्ना-आफ्ना क्षमता र योग्यताअनुसार सवैले समाजमा आ-आफ्नू अस्तित्व संरक्षण गरेर अगाडि वढिरहेका छन्। घोषित तथा अघोषितरुपमा विकसित सवै राष्ट्रहरूमा पनि मानिसको

योग्यता र क्षमताअनुसार कार्यविभाजन (Labour Division) गरेको पाइन्छ। हाम्रो हिन्दूधर्ममा पनि समाजसञ्चालनको लागि अरू राष्ट्रमा जस्तै कार्यविभाजनको लागि वर्णव्यवस्था र जातिव्यवस्था भएको हो। यसको भित्री मर्मलाई नबुझेका उडन्ते व्यक्तिहरूले आफ्नू राजनीतिक स्वार्थसिद्धि गर्न यसलाई नाराको रुपमा लिई अबोध जनताहरूलाई आफ्नू चलिआएको बाटोबाट विचलित गराउने दुष्प्रयास गरिरहेका छन्। यसबाट राष्ट्रका निर्माता भन्न मन पराउने नेता तथा समाजका अगुवाहरूले यस सानो हिमाली राष्ट्रलाई हिन्दूराष्ट्रको रुपमा संसारमा सशक्तरुपमा परिचित गराएर यसैबाट सहायता प्राप्त गरी देशको विकास गर्न सक्तछन्। धर्मकै आड लिएर विश्वका कतिपय विकसित तथा अविकसित राष्ट्रहरूले आ-आफ्नू देशको विकास गर्न सफल भएका छन् भने हामीले पनि हिन्दूराष्ट्रको नाताले यो राष्ट्रलाई विकास गर्न किन नसक्ने ? बुद्ध धर्म, क्रिश्चियन धर्म, यहुदी धर्म र मुस्लिम धर्म घोषणा गरेका केही राष्ट्रहरूले धर्मकै नामबाट विभिन्न धनी राष्ट्रहरूबाट सहयोग प्राप्त गरी आफ्नू राष्ट्रको र समाजको समेत विकास गरेको प्रत्यक्ष उदाहरण संसारभरि नै देख्न सकिन्छ भने हाम्रो सानो हिमाली राष्ट्रलाई आफ्नू गौरवको रुपमा रहेको हिन्दूराष्ट्रको पहिचानबाट हटाएर धर्मनिरपेक्ष राष्ट्र बनाउँदा कसको अभीष्ट सिद्धि हुन्छ ? यो राष्ट्रलाई धर्मनिरपेक्ष भएकै नाताले को कसले के सहयोग दिन्छ ? संसारका ठूलाठूला राष्ट्रहरू र प्रजातन्त्रका जननी भनिने बेलायत, अमेरिका आदि देशहरूमा पनि धर्मको सम्बन्धमा निरपेक्ष र सापेक्ष केही नभनी आ-आफ्नू धर्म निर्बाधरुपमा चलाइरहेका छन्। ती देशहरूले अघोषित रुपमा राष्ट्रिय धर्म क्रिस्चियन धर्म नै मानेको देखिन्छ। बेलायतमा बेलायतकी रानीले आङ्ग्लिकन चर्चमा गएर प्रार्थना गर्दछिन्। त्यहीं शपथ खान्छिन् र त्यस चर्चको अध्यक्षसमेत भएर काम गर्दछिन्। क्रिस्चियन धर्म नमान्ने कुनै पनि व्यक्ति बेलायतको राजगद्दीमा बस्न पाउँदैन। त्यसैगरी सं. रा. अमेरिकाको राष्ट्रपति हुने व्यक्ति पनि क्रिस्चियन धर्म मान्ने व्यक्ति नै हुनुपर्छ। अरु धर्म मान्ने व्यक्ति राष्ट्रपतिको उम्मेदवारसमेत हुन सक्दैनन्। यसै गरी संसारका धेरैजसो राष्ट्रमा आफ्नू-आफ्नू धर्म मान्ने व्यक्ति नै राष्ट्राध्यक्ष र सरकारप्रमुख हुने परम्परा देखिँदै आएको छ। तर हाम्रो जस्तो अविकसित सानो हिमाली राष्ट्रमा धर्मनिरपेक्षताको सिद्धान्त अपनाई अमेरिका र बेलायत जस्ता अत्यन्त विकसित राष्ट्रले समेत गर्न नसकेको धर्मरहित राष्ट्रको कल्पना गरेर

यो देशलाई कहाँ लगेर समाप्त गर्न खोजेको हो, हामी राष्ट्रप्रेमी नेपालीहरूले वुझ्न सकेका छैनौं।

अन्त्यमा हिन्दूधर्म र दर्शनका सम्वन्धमा केही वर्षअगाडि स्वामी विवेकानन्दले संयुक्त राज्य अमेरिकाको शिकागो शहरमा विश्वधर्मसम्मेलनको अवसरमा सभालाई सम्वोधन गरेर "शृण्वन्तु विश्वे अमृतस्य पुत्राः" भनेर आफ्नू युगान्तकारी सन्देश विश्वलाई दिनुभएको थियो। त्यस सन्देशमा सनातन वैदिक हिन्दूधर्म सन्सारको पहिलो श्रेष्ठतमधर्म भएको र यो धर्मवाट अरू सवै धर्मको उत्पत्ति भएको भन्नेकुरा प्रमाणसहित प्रस्तुत गरेर त्यहाँ जम्मा भएका सन्सारभरिका विभिन्न धर्मावलम्वी व्यक्तिहरूलाई स्वामीजीले प्रभावित पार्नुभएको थियो। त्यस धर्म सन्देशवाट विश्वका धेरै राष्ट्रहरूमा हाम्रो उदार वैदिक सनातन हिन्दूधर्मको व्यापक रुपमा प्रचारप्रसार हुन गएको थियो। आज सन्सारका विकसित र विकासोन्मुख राष्ट्रहरूमा हिन्दूधर्मको अत्यन्त प्रेमपूर्वक प्रचारप्रसार भइरहेको छ र वैदिक सनातन हिन्दूधर्म मान्ने व्यक्तिहरूको संख्या अत्यन्त तीव्र रुपमा वढिरहेको छ। सं.रा. अमेरिकादेखि लिएर अष्ट्रेलियासम्म र स्वीडेनदेखि लिएर दक्षिण अफ्रिकासम्म विश्वभरि नै आज हिन्दूधर्मको विजयपताका फहराइरहेको समयमा ती सारा राष्ट्रहरूको एकमात्र आस्थाको केन्द्र भएको यो सानो हिमाली हिन्दूराष्ट्रलाई दुर्भाग्यवश धर्मनिरपेक्ष राष्ट्रको घोषणा गरेर विश्वको आँखावाट हिन्दूराष्ट्रलाई समाप्त गर्नु वुद्धिमानी काम भएको ठानिदैन। वरू, नेपाली र नेपालको भलो चाहने विदेशीहरूसमेत मिलेर नमुनाको रुपमा यो नेपाललाई समृद्ध तथा विकसित हिन्दूराष्ट्रको रुपमा संरक्षण गरेर राख्नु आजको आवश्यकता हो। तर त्यसको प्रतिकूल नेपाललाई धर्मनिरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेर कसैलाई पनि फाइदा छैन। केवल नोक्सानै नोक्सान छ। तः यी माथिका अत्यन्त मननीय कुराहरूलाई ध्यानमा राखेर जनसंघर्षवाट भर्खरै सम्प्रभुता सम्पन्न भएको पुनःस्थापित संसदका नेताहरूका साथै संसदभन्दा वाहिर रहेका सम्पूर्ण शक्तिशाली नेताहरूसमेतले यो राष्ट्रको भलाइ र समुन्नतिका लागि अत्यन्त सम्वेदनशील भएर हिन्दूराष्ट्र नै यथावत् कायम गर्ने सन्दर्भमा पुनः विचार गर्नुहुनेछ भन्ने आशा राखी यो अनुरोध गर्दछु। अन्यथा समयले कसैलाई पर्खदैन र जति नै शक्तिशाली भएको सम्झिए तापनि समयको प्रवाहमा सवै वढारिएर जानुपर्छ।

(लेखक नेपाल सरकारका पूर्व सचिव हुनुहुन्छ।)

मेरो अनुभूतिमा हिन्दूधर्म

- नन्दकिशोर घिरैया

हिन्दूधर्मको शास्त्रीय व्याख्या गर्ने मेरो योग्यता र क्षमता छैन होला, तर जे जति मेरो आस्था छ, मेरो अनुभव छ त्यसमा सीमित रहेर मैले लेख्ने या वोल्ने प्रयास गर्न सक्छु। "आफ्ना ठाउँवाट धर्म या कर्तव्यपालन गर" भन्ने श्रीमद्भगवद् गीताको प्रथम श्लोकको भनाइ छ। विद्यार्थीले आफ्ना ठाउँवाट अभिभावकप्रति, गुरुजनप्रति र राष्ट्रप्रति कर्तव्य पालन गर्नुपर्छ। गुरुजनले शिष्य विद्यार्थीप्रतिको कर्तव्य पूरा गर्नुपर्छ। आमावावुको सन्तानप्रति कर्तव्य हुन्छ। व्यापारीको ग्राहकप्रति कर्तव्य हुन्छ। मिसावट नगर्ने या माल जुन स्तर या गुणको छ- सत्य वोलेर थोरै नाफा लिएर ग्राहकलाई वेच्ने, ग्राहकलाई सन्तुष्ठ गराउने र आफू पनि वाँच्ने, ग्राहकलाई पनि वचाउने कर्तव्य हुन्छ। त्यस्तै राजाको जनताप्रति कर्तव्य हुन्छ। जनताको पनि राजाप्रति कर्तव्य हुन सक्छ। धर्मको क्षेत्र हुन्छ। "क्षेत्र क्षेत्रमा धर्म गर" भन्ने गीताको प्रथम श्लोकको अर्थलाई हामीले स्वीकार गरेर आचरण गर्दा हाम्रो यसलोक र परलोक अर्थात् दुवै लोकको कल्याण हुन्छ।

उमेरअनुसारका काममा पनि पुण्य हुने काम गर्ने या कुनै साधना या तपस्यामा लाग्ने साथै परोपकार गरेर आफ्नो आर्जन शुद्ध गर्नुपर्छ भन्ने शिक्षा हामीहरूलाई हाम्रा गुरुले दिनुभएको हो। दिमागी कसरतले धनधान्यको विकास त होला तर आत्मिक सन्तुष्ठी मिल्दैन। यसैले समाजमा योगदान पुऱ्याउन एकल विद्यालयको खोजी र प्रयत्नमा हामी लागेका छौं। **धार्मिक जनले दिमागी कसरतलाई भन्दा हृदयको पुकारलाई बढी महत्व दिएका छन्। हृदय फराकिलो र बलियो**

वनाउने निस्वार्थ जीवन व्यतीत गरेर पाउने आनन्द महत्वपूर्ण छ । हिन्दूधर्मको शिक्षा यस्तै छन् । सत्य वोल्ने, सत्यको वाटोमा चल्ने, धैर्यवान र क्षमावान भएर चल्ने भगवानको पूजाआराधना गर्ने, मानव र प्राणीमा समेत माया देखाउने, कुनै प्रकारको चोरी-ठगी धन्दा नगर्ने, पवित्र रहने सबैको भलो गर्ने, भलो देख्ने सुन्ने प्रयास गर्दै रहने काम धर्म हो ।

राज्यले धर्मको जगेर्ना गर्नुपर्छ । राज्यले त धर्मपालन गर, धार्मिक आचरणमा चल भन्ने हो, धर्मको वास्ता छैन, मतलव छैन भन्ने होइन । धर्मनिरपेक्ष भनेको धर्मसँग राज्यले नाता तोडेको हो । धर्म छोडेर ऐन कानून वन्न पनि हुँदैन । नेता, प्रतिनिधि र राज्यप्रमुखले धर्मको विवेक छोडे भने अन्याय हुन्छ । कानूनले मात्र सामाजिक परिपाटी ठीक गराउन सक्दैन । धन खर्च गरेर इज्जत वचाउने हो, तर इज्जत खर्च गरेर पनि धर्म वचाउनुपर्छ । हिन्दूधर्म भनौं या सनातन धर्मवाट नेपालमा वस्ने अन्य धर्मावलम्वीले दुःख पाएका होइनन् । नेपाल धर्मनिरपेक्ष राज्य हुनुपर्छ भन्ने तिनीहरूको माग होइन । सडकआन्दोलनमा हिन्दूधर्मको विरोधमा आवाज उठेको पनि थिएन । गुरुपुरोहितले पूजामात्र गर्ने होइन । धर्मको मर्म वुझाउन सक्नुपर्छ । धर्मको रक्षा गरे धर्मले हाम्रो रक्षा गर्छ । धार्मिक संगठन पनि चाहिन्छ । धर्मको नाममा पूजा र भाषणले मात्रै पुग्दैन । सवै थरी मानिसमा न्याय यसरी पुग्छ भन्नेकुराको निधो गर्न सक्नुपर्छ । राजनीतिक संगठनदेखि धार्मिक संगठन अलग हुन्छन् । तडकभडक धर्मको भाग होइन । कसैलाई होच्याउने वा अपमान गर्ने चित्त दुखाउने काम धर्मले सिकाएको हुन्न । वेद, पुराण र उपनिषद्को सार वुझेर धर्मगुरुले शिक्षा दिनुपर्छ । विद्यालय महाविद्यालयमा राज्यले नीतिशास्त्र र धर्मशास्त्रका विषय समावेश गर्नुपर्छ । मान्छे छान्ने काम सारै गाह्रो काम हो । सल्लाह दिने व्यक्तिको सल्लाहको राम्ररी परीक्षा गर्नुपर्छ । के सत्य यही हो ? के यसले कसैलाई मर्का पर्दैन भनेर प्रश्न गर्ने, वुझ्न पर्ने विषय वुझ्ने र सवै तर्फवाट सकारात्मक उत्तर प्राप्त भएपछि

आफ्नो हृदयको पुकार सुन्ने अन्तस्करणको आवाज सुन्ने र काम गर्ने गर्नुपर्छ। सक्कली सुनभन्दा चम्किने पीतल राम्रो देखिन सक्छ तर पारख गर्दा काट्दा, पोल्दा र कसी घोट्दा सुन हो या होइन छुट्टिन्छ। यसरी सत्यको सम्मान र रक्षा गर्नुपर्छ।

मलाई धर्मशास्त्रले र गुरुजनले दिएका प्रेरणा एवं मैले जेजति कर्म गर्ने उत्साह प्रेरणा पाएँ, त्यसैले विद्वत्परिषद्मा रहेर पनि सेवा गरें। विश्वहिन्दू महासंघको केन्द्रिय सदस्यका रुपमा पनि सेवा गरें। नेपाल चेम्वर अफ कमर्शमा रहेर धेरै वर्ष काम गरें। जनकल्याण प्रतिष्ठानमा काम गरें। राजपरिषद वनेको २०४७ को संविधानवाट हो। यस्तै प्रकृतिको सभा यस अगि राजसभा भनिन्थ्यो। पञ्चायत कालको राजसभाका ठाउँमा पुन स्थापित वहुदलीय व्यवस्थामा आएर राजपरिषद् रह्यो। राजपरिषद्को सदस्य पनि रहें। अहिले लोकतन्त्र छ र राजपरिषद खारेज पनि भयो। संस्था खारेज हुन्छन् या हुन सक्छन्। व्यक्ति मर्ने हुन्। जन्मे जति सवै मर्छन्। यश-कीर्ति र कर्तव्य मर्दैनन्। आत्मा मर्दैन। राजनेताले आत्माको महत्व वुझुन्। धर्मनिरपेक्षताले धर्मसम्वन्धी चिन्तनको अवसर घट्छ। आफू मर्नुपर्छ भन्ने संझदा त वेइमानी हुन्छ भने धर्मविमुख भीड तयार भयो भने के होला ? धनको लोभले धर्म छोड्दा भोलि साम्प्रदायिक दंगा पनि हुन सक्ला। लोकतन्त्रका उपलव्धिको स्वागत गरेर पनि अनधिकृत व्यक्तिहरूले अनधिकृत शैली र रुपमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको मिलेको छैन। यसवाट द्वन्द्वको वीजारोपण भएको छ।

नेपालको जन्मकालदेखि राज्यव्यवस्थामा सनातन धर्म गतिशील भएको हो। हिन्दूहरू पूर्वजन्म र परजन्ममा विश्वास गर्छन्। गाई र गोवंशको रक्षामा विशेष प्रयत्नशील रहन्छन्। नेपाललाई २०६३ सालदेखि धर्मनिरपेक्ष राज्य गराउने भनेर गरेको घोषणा जनताका मनमा भुसको आगो जस्तै छ। भोलि विस्फोट हुन सक्छ। यसैले मौकैमा सोच्ने जिम्मेवार नेताको काम हो भन्ने मलाई लाग्छ। ✡



सत्तासञ्चालकको धर्म के हो ?

दीनबन्धु अर्याल

हामीले धर्म छाड्यौं या धर्म भुट्यौं भने धर्मले हामीलाई भुट्नेछ। हामीले धर्मको रक्षा गर्‍यौं भने धर्मले हाम्रो रक्षा गरिरहनेछ। पूजा विधि र देवता विशेषको आराधना सँस्कृतिलाई मात्र धर्म मान्ने भुल गर्नुहुँदैन। सँस्कृतिलाई धर्मको एउटा अंग मान्न मिल्छ, पूरा धर्म त्यत्ति हो भन्ने ठान्न हुँदैन। युग-धर्म वा युगानुकूल धर्म वा कर्तव्य सम्पादन गर्नु पनि धर्मको मर्म मानिन्छ। विश्वकवि रविन्द्रनाथ टैगोरले सवै मानवको एउटै धर्म हो, एउटै ईश्वर हो भन्ने चिन्तन दिनुभएको छ। जव कि कतिपयले सम्प्रदायलाई नै धर्म भन्ने भूल गरेका छन्। धृति, क्षमा, दम, अस्तेय, मनवचनकर्मको एकता एवं पवित्रता। इन्द्रियनिग्रह धीर्विद्या, सत्य र अक्रोधलाई मनु महाराजको मतमा धर्मका दस लक्षण हुन्। यी लक्षण आजसम्मका सवै धर्मका साझा गुण हुन सक्छन्। हो, भाषा फरक छन्, शैली फरक छन्। कसैले यिनै कुरा गद्यमा भनेका होलान्, कसैले पद्यमा या गीति छन्दमा तर जुन शैली र जुन भाषामा व्यक्त गरिएका भए पनि धर्मवारे भाव र चिन्तन समान छन्। महापुरुषका चिन्तनसमान हुन्छन्। वुद्ध र क्राइस्टले अहिंसाका भावना समान रूपले प्रसार गर्नुभयो । आफ्ना प्रतिकूल व्यवहार आफूले पनि अरूसँग प्रयोग नगर्नू भन्ने वेदव्यासको अभिव्यक्तिसँग ठ्याम्मै यस्तै भाव मिल्ने गरी चिनीयाँ सन्त कन्फ्यूसियसले पनि व्यक्त गर्नुभयो।

“सत्यम् वद” को भाव-सम्वन्ध प्रकृति र प्राणीसित रहेको छ। सत्य वोल भन्ने यस्को अर्थ हो। सत्य वोल्नु भनेर वाहुन या क्षेत्रीलाई मात्रै सीमित गर्ने होइन। कुनै जिल्ला, कुनै क्षेत्र, कुनै वर्ग,

ACC NO 15031

कुनै जात र कुनै समयमा यस्लाई सीमित गर्नुहुँदैन । विश्वभरिका मानवले सत्य वोल्ने गर्दा धोखा, कपट, जालझेल र षडयन्त्र हुने ठाउँ रहने थिएन । न्याय र त्यसवाट निर्मित हुने दिगो शान्तिको अनुभव सवै मानिसले गर्न पाउँथे । सवै नरनारीले यही धरणीमा स्वर्गीय आनन्दको अनुभूति पाउँथे ।

आज विश्वव्यापी मानवअधिकारको प्रचारप्रसार र कार्यको आवश्यकता आफ्ना ठाउँमा छ । विश्वव्यापी मानवअधिकारप्रति सम्मान जाहेर गर्ने गरी हस्ताक्षर गर्ने तर आफ्ना मुलुकमा मानवअधिकार कुल्चने, कपट गरेर समय ढाँटेर आस्था या अन्तस्करणका वन्दीलाई यातना दिइयो भने अन्तर्राट्रिय मानवअधिकार अनुगमन गर्ने आयोगले त्यस्ता राष्ट्रप्रति नकारात्मक धारणा राखेर केही नियन्त्रण गर्न सक्छ, केही अन्तर्राष्ट्रिय सहयोग रोकाउन सक्छ । यसवाट सत्य पुण्य हो । झुट पाप हो भन्ने विषय अर्थान्तर सही, स्पष्ट हुन्छ ।

सत्यम् वद पूर्वीय आर्ष वाक्य हो । ऋषि-महर्षि-तत्वदर्शी, मन्त्रद्रष्टाका वाक्य हुन् भनेर यस्ता विषय पूर्वमा मात्र सीमित राख्न मिल्दैन । वर्तमान युगका पाश्चात्य मुलुकले आविस्कार गरेका कतिपय भौतिक सुविधा या विज्ञानजन्य विषयको उपयोग जसरी पूर्विया व्यक्तिले पनि गरेका छन् । त्यसै गरी पूर्वीय दर्शन-चिन्तन-आचरणका हकदार पश्चिमा पनि छन् । भगवान्का सृष्टिवाट पैदा भएका नरनारीहरू आपसमा दाजुभाइ तथा दिदीवैनी हुन् भने मानवले खोजे पाएका विषय, अनुभव र ज्ञानमा पनि साझा हक लाग्ने कुरा निर्विवाद छ ।

“धर्म चर” अर्थात् धर्म भनेको आचरण तथा व्यवहारको विषय हो । धर्म लेख या वोलीको मात्र विषय होइन । आवश्यकताले धर्मवारे वोल्न र लेख्न पनि पर्ला⁄ तर, त्यो भन्दा वढी कर्ममा उतार्ने र व्यवहारमा लागू गर्ने सफा नियतले, उदार दिलले तथा विशाल र सवल हृदय लगाएर गर्ने व्यवहार नै धर्म हो । क्षुद्र निजी स्वार्थवाट माथि उठेर गरिने शुभ आचरण, दैवी गुण, मानवको भलाइ तथा प्राणी मात्रमा दया आदि गुण धर्मसँग सम्वन्धित छन् । विश्वजगत् सत्यमा आस्थावान भयो भने मानव-मानवका वीचमा कटुता जन्मनै सक्दैन । त्यसो हुँदा सम्पूर्ण न्याय, सम्पूर्ण

शुभ एवम् सम्पूर्ण सुन्दर वस्तु उपलव्ध हुन्छन् । फलस्वरूप एउटा देशको अर्को देशसँग युद्ध टर्छ अनि मेलमिलाप वढ्न सक्छ । त्यतिवेला एउटै देशमा जातीय सफाया वा कुनै संस्कृति मेट्ने आवश्यकता पर्दैन । निश्कर्षमा सवै फूल फुलुन् भन्ने भावना विकसित हुन्छ ।

धर्म छोड्दा सानोतिनो व्यक्तिले मात्र दुःख पाउने होइन । कुलधर्म, कुलमर्यादा या मानवमर्यादा छोड्दा ठूलाठालु, धनीमानी र अभिमानी व्यक्तिले पनि दुःख पाएका छन् र तिनीहरू स्थानभ्रष्ट हुन पुगेका देखिन्छन् । आफ्ना ठाउँमा रहदा जुन शान हुन्छ, त्यो ठाउँवाट हट्दा वा हटाइँदा त्यस्तो गौरव वाँकी रहँदैन । मुखवाट दाँत झरेपछि कपाल या दाह्री जुँगावाट रौं हटेपछि औंलावाट काटिएर अलग भएका नङ्ग जसरी शोभाविहीन हुन्छन्, त्यसै गरी आफ्नो पदमर्यादावाट हट्नुपरेका व्यक्ति पनि समाजमा सम्मानित रहन सक्दैनन् ।

आ-आफ्नो प्राकृतिक स्वभाव र गुणकर्मको जिम्मेवारी पूरा गर्नु पनि आफ्नो वर्गीय या क्षेत्रीय धर्म हुन सक्छ । शान्ति, न्याय र मानवता सवैका लागि चासो लिने विषय हुनुपर्छ । २०६३ साल जेठ ४ **गते प्रतिनिधिसभाले गरेको घोषणामा परेको 'नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ' भनिएको विषय या त जनमतसंग्रहको परिणामले या जनादेश प्राप्त संविधानसभाको निर्णयले मात्र गर्न सक्ने विषय हो । हिजो मानिएको विषय कायम राख्दा ताजा जनादेश चाहिने होइन । जनता सडकमा आएर उठाएको माग नभएपछि नेताहरुको लहडले आमूल परिवर्तन गर्ने या जनताको इच्छा विपरीत परिवर्तन गर्ने हक छैन । नेपालको जन्म धर्मराज्यका रुपमा भएको हो ।** राज्यले सवै सम्प्रदायलाई स्वतन्त्रता दिएकै थियो । यस्तो अवस्थामा सनातन धर्मका मूल्य-मान्यता एवम् आस्थामा चोट पुग्ने गरी धर्मनिरपेक्ष राज्य भनेर घोषणा गर्नु न्यायसंगत हुँदैन । घोषणा भए पनि त्यस्मा संशोधन गरी सनातनदेखि चलिआएको धर्म मान्न जनता स्वतन्त्र राख्ने र हिन्दूहरूको अत्यधिक संख्यामा वसोवास भएको नेपाल हिन्दू राज्यकै मर्यादामा रहने व्यवस्था कायमै राख्नुपर्थ्यो । अझै पनि त्यसै गर्नुपर्छ । 'राज्य धर्मनिरपेक्ष रहन्छ, जनताको आ-आफ्नो धर्म हुन सक्छ' भन्दै हिड्ने नेपालका वर्तमान सत्तापक्ष र

प्रतिपक्षका नेताहरूको भनाइ विश्वव्यापी सत्य होइन । हिन्दूधर्म वा सनातन धर्मका पक्षधर वहुसंख्यक नेपालीको मन-मस्तिस्कमा चोट पुग्ने व्यवस्था गर्दा पछि आइपर्ने खतरा वा साम्प्रदायिक सद्भाव विथोलिने संभावनाको पूर्वानुमान गर्न नसक्नु नेताहरूको अवुझपन हो । नेपालका कतिपय जिम्मेवार मुसलवान नेताहरूले नेपालको सांस्कृतिक वनोट र वहुसंख्यक हिन्दूको वसोवास भएको नेपालमा हिन्दूराज्य नै कायम रहेको अवस्थामा अल्पसंख्यकले पनि कोपभाजन हुनुपर्दैनथ्यो र साम्प्रदायिक तनाव भड्कने कैयन् अवसर छलिनेछुट्ने थिए भन्ने मन्तव्य प्रकट गरेको पाइन्छ । यो कुरा मननीय छ ।

न विदेशी दवावले न द्रव्यका लोभले नेताहरूले नेपाललाई अप्राकृतिक या अस्वाभाविक ढंगले चलाउन हुने हो । कुनै पनि विद्रोही पक्षलाई समेट्न सामाजिक, आर्थिक र राजनैतिक न्यायले पुग्छ । विद्रोहीका पनि ध्यान-धारणा हुन्छन्, उनीहरूलाई पनि मातृभूमिप्रति श्रद्धा र भक्ति हुनुपर्छ। नेपाल हिन्दूराज्य रहँदा कसैले पनि आपत्ति गर्ने कुरा थिएन, छैन र हुँदै हुन्न ।

निमुखा र विपन्न वर्ग क्षेत्रका वा सीमान्तमा रहेका व्यक्तिहरूले न्याय र न्यूनतम आवश्यकता पूर्ति गर्ने वाटो पाउन् भनेर सत्तामा वस्ने र प्रतिपक्षमा रहने जिम्मेवार नेताहरू र कार्यकर्ताहरूले गर्ने कर्तव्य पूरा गर्नुपर्छ। लोकतन्त्रका लागि योगदान गरेको दावी गर्ने विद्रोहीलाई राजनीतिक मूलधारमा ल्याएर दिगो शान्ति कायम गराउनु सत्तापक्षको कर्तव्य हो भन्ने अहिंसाको मार्गमा डटेर जनतालाई राहत पुऱ्याउने काम विद्रोहीको पनि हो। सनातन हिन्दू धर्मका आदर्श र सिद्धान्तले हृदय फराकिलो वनाउन र सवल वनाउन प्रेरणा दिएकै हुन्छ । विश्ववन्धुत्वको भाव दिने धर्मले नेपालमा नेपालीको वृहत्तर हित गर्छ । नेपाल हिन्दूराज्य रहे पनि हिन्दू इतर सवै धर्मावलम्वी पनि खुशी भएर शान्तिपूर्वक आफ्ना संस्कृतिको रक्षा आफ्नो धर्मको पालना गर्दै हिन्दूसंग मायाप्रेम पाइराखुन्, राज्यले यति व्यवस्था गर्नै पर्छ । ✡

धर्मसापेक्षता आजको आवश्यकता



अधिवक्ता पुण्यप्रसाद अर्याल

भूमिका :

धर्म भन्नासाथ सत्यसँग सम्वन्ध राख्दछ । सत्यले वास्तविक स्थिति एवं परमात्मासँग सिधै सम्वन्ध राख्दछ । परमात्मासँग यसलोक, परलोक एवं यस संसार र चराचर जगतको जड-चेतनसँग सम्वन्ध राख्दछ । यसरी सम्वन्ध कायम गर्ने मूल तत्व नै धर्म हो । धर्म यस्तो तत्व हो जसले आफूलाई आनन्दमय राख्दै समाजमा शान्तिमय वातावरण कायम गर्दछ र समाज, राष्ट्र एवं संसारसँग न्यायिक, नियम र नीतिमा वाँध्ने कार्य गर्दछ ।

यस्तो नियम नीति तोड्नु अधर्म मानिन्छ जसले गर्दा कसैले पनि आफू छाडा हुने काम गर्दैन । जव धर्मलाई आधार लिइन्छ तव नै देशमा शान्ति-सुव्यवस्था सहजै रुपमा उपलव्ध हुन्छ ।

धर्मको लक्ष्य सत्य हो

सनातनदेखि विश्वव्रम्हाण्ड सत्यवाटै सञ्चालित छ । आकास, वायु, तेज, जल र थल यी सदैव समभावमा सञ्चालित छन् । ऋतु, सूर्य, दिनरात आदि जसरी आफ्नो धर्ममा अडिग छन् अर्थात् आफ्नो नियममा विचलित छैनन्, जुन नियमवमोजिमको कार्यले प्राणीलाई वाँच्न पाउने तथा काम गर्न मिल्ने र सुख-शान्ति-आनन्द प्रदान गर्ने मौका प्रदान गर्दछ । त्यसै गरी मानव पनि अफ्नो कार्यलाई धर्म सम्झेर अथवा धर्मको आडमा अथवा धर्ममा रहेर गरेमा विश्वका कुनै पनि प्राणीले दु:ख भोग्नुपर्ने थिएन र पीडाका आँसु निकाल्नुपर्ने थिएन ।

धर्मको लक्ष्य त्यतिमात्रै कहाँ हो र ? यसले समाजमा मान-सम्मान दिलाउने तथा आफूमा ऐश्वर्य उपलव्ध गराउने, आयु वढाउने कार्य त गर्छ गर्छ, सत्यधर्म एवं वास्तविकधर्म अपनाएमा परमार्थसम्ममा

पुऱ्याउनेसमेत कार्य गर्छ। जव परमार्थको कृपा हुन्छ, तव मोक्ष एवं परमपदसमेत हासिल गर्न सकिन्छ।

यति सुन्दर लक्ष्य धर्ममा हुँदाहुँदै पनि धर्मलाई अपमान र वेवास्ता गरिन्छ भने त्यसको लाभवाट वञ्चित भइन्छ। यसको अर्थ हो- लाभवाट वञ्चित हुनासाथ हानीरुपी तत्वले स्वाभाविक रुपमा भूमिका खेल्न थाल्छ र हानी-हानी हुन थाल्छ। जव हानी हुँदै जान्छ तव देशमा त्राहिमाम्-त्राहिमाम्को स्थिति सृजना हुन्छ र जनतामा क्रन्दन वढ्छ। अधर्मी, ढोंगी, वेइमान, पाखण्डी, घुसखोरी र पक्षपाती यी सवै अधर्मजन्य प्रवृत्तिवाट जन्मिएका तत्व हुन्। यी तत्वले जव राज्य गर्दछ तव नै त्यस्तो व्यक्तिले सञ्चालन गरेको क्रिया एवं विषय त्यस्तै हुन्छ। फलस्वरुप: त्यसको प्रतिफल दुखदायी हुन्छ। त्यसवखत आँसुवाहेक केही प्राप्ति हुँदैन। जव सत्यधर्म अपनाउने भावसम्म प्रकट गरिँदैन अथवा यसलाई जान्नेसम्मको जिज्ञासा राखिदैन तवसम्म यसले अज्ञानरुपी एवं जडरुपी विधानलाई स्वत: प्रवेश पाउँछ। त्यसरी असत्य-अधर्ममा रहनाले त्यसको फल पनि असत्य नै हुन्छ। जव असत्य फल प्राप्त हुन्छ तव त्यो स्वत: विनाशकारी नै हुन्छ। सत्य कदापि विनाशकारी हुँदैन। हामीसँग कसैले असत्य कुरा वोल्यो भने हामी त्यसलाई मन पराउँदैनौ, त्यसको कुरा पनि पत्याउँदैनौ। कसैले सत्य वोल्यो भने त्यो मन पराउँछौं र त्यो मनन पनि गर्दछौं। सत्य सवैलाई मन पर्छ। मानौं सत्य त असत्यवादीलाई पनि मन पर्छ। असत्यवादीको आफ्ना निम्ति सधैं सत्य खोजी हुने गर्दछ। कुनै पनि पाखण्डी वा खुनी, डाँकु वा भ्रष्टाचारी ऊ पक्का नै असत्यवादी होस् तथापि उसले पनि अर्कोवाट सत्यको अपेक्षा गरेको हुन्छ। त्यसरी सत्यको आधार सवैले लिएकै हुन्छन् भने धर्मलाई वाहेक गर्न कसरी कसले सक्छ? कदापि सक्दैन। डाँकु, भ्रष्टाचारी, पक्षपाती र वेइमानले पनि आफूलाई सत्यको भरोसा राखेको हुन्छ भने कुनै पनि व्यक्ति धर्मनिरपेक्ष हुनैसक्दैन।

सत्य नै धर्म हो

'सत्यं वद धर्मं चर' मानिसको प्रथम कर्तव्य सत्यमा रहने चल्ने हो। यो कार्य नै धर्म हो। धर्म गर्छु भन्ने तर वदमासी गर्ने

स्वार्थको मात्र काम गर्ने जनहित प्रवाहित नगर्नेलाई अधर्मी भनिन्छ। समाजले भनिरहेको छ त्यो कस्तो पापी हो भनेर। यसवाट सहजै हामी धर्मको स्थिति वुझ्न सक्छौं। धर्मको मूल लक्ष्य हो सत्यतर्फ जानु, लैजानु वा काम गर्नु। जव धर्म नै गरिँदैन भन्नुको सिधा अर्थ हुन्छ- असत्यतर्फ जानु वा असत्य अँगाल्नु।

राज्य सत्यधर्ममा मात्र बाँधिएको हुन्छ, बाँधिनुपर्छ

राज्य कुनै प्राणीजस्तो सास फेर्ने, हिँडडुल गर्ने जीव होइन। चेतनरुपी जीव जसको मन, वुद्धि, चित्त र अहंकारमा काम, क्रोध, लोभ र मोह हुन्छ र त सत्यमा रहन्छ, रहनुपर्दछ। राज्य त त्यस्तो जीव होइन। त्यसैले राज्य सिधै सत्यधर्मवाटै सञ्चालित हुन्छ र हुनुपर्दछ। राज्य धर्म, संविधान र कानुनमा अडेको हुन्छ। राज्यले संविधान र कानुनको निर्माण र पालना गरेन भने अराजकता सिर्जिन्छ। राज्यको मूल लक्ष्य सदैव सुशासन कायम गर्ने, जनतालाई भोको र नाङ्गो नराख्ने नै हो। यो नै राज्यको मूल धर्म हो साथै कुनै पनि वदमासी राज्यमा नहोस् भन्ने पनि राज्यको चाहना हुन्छ र हुनुपर्दछ। राज्यवाट गरिने निर्णय, कार्य नै पूर्णतः कानुन र विवेकसँग सापेक्ष रहेर गरिएको हुन्छ। कानुन र विवेक सिधै सत्यधर्मन्यायमा अडेर गरिएको हुन्छ, गरिनुपर्दछ। कानुन, न्याय सिधै विवेकमा अडेको हुन्छ। विवेक सिधै धर्ममा अडेको हुन्छ। धर्म सिधै सत्यमा जोडिएको हुन्छ। सत्य सिधै परमसत्यमा जोडिएको हुन्छ। परमसत्यसँग यस्ता कुरा संलग्न र सम्वन्ध हुनाले ती कार्यभित्र नै पर्दछ। जव राज्य यी कार्य गर्दैनन् तव राज्य धर्मनिरपेक्ष हुन्छ। धर्मनिरपेक्षताको सीधा अर्थ हुन्छ राज्यले दानवीय काम गर्दछ अर्थात् भलोको साटो कुभलो गर्दछ भन्ने अर्थ हुन्छ। राज्यमा मानव नै कुर्सीमा आसीन हुन्छन्। यी आसीन व्यक्तिले धर्मलाई आधार नलिँदा राज्यमा वदमासी वढ्छ। अर्कातर्फ राज्यले नै कानुन र नीतिको निर्माणमा धर्मलाई छोड्दा समग्र राज्य नै सही निर्णय दिन नसक्ने स्थितिमा पुग्दछ। त्यसैले राज्यले धर्ममा भरोसा गरेन भने त्यस राज्यका वासिन्दा सवैले अधर्ममात्र पालना गर्नुपर्ने हुन्छ। अधर्म पालना गर्नुको सिधा अर्थ हुन्छ- एक प्रकारको

जिउँदो लास । त्यसरी राज्यले विचार नपुऱ्याउने हो भने जनताले र राज्यका स्रोतले त दुःख पाउँछन्-पाउँछन्, वास्तविक सरकार नभएको महसुस हुन थाल्दछ । आखिरी अधर्ममा अडिएको देश पनि धेरै दिनसम्म टिक्न सक्दैन र विचलनमा पुग्दछ ।

हिन्दूधर्म र ग्रन्थ

कुनै पनि हिन्दूधर्म ग्रन्थ अर्थात् सद्ग्रन्थ वेद, भागवत, पुराण आदि ग्रन्थमा हामी श्रद्धासाथ घोत्लियौं वा अध्ययन, चिन्तन र मनन गर्न थाल्यौं भने सहजै हामी परिवर्तित हुन थाल्दछौं । यसवाट राज्यमा सद्भाव एवं धार्मिक परिवर्तन आउँछ र आउन थाल्दछ, किन नआउने ? त्यसैले राज्यले यो सोच्नु जरुरी छ कि आफू कसरी धार्मिक वन्ने वा हुने । धर्मराज्य अर्थात् रामराज्यकै आवश्यकता आजको विश्वमा जहाँ पनि रहेको छ भने नेपालले यसलाई किन अवलम्वन नगर्ने ? अवश्य गर्नुपर्दछ । जव हामीले यस्तो कार्य गर्छौं, आजको सानो दुनियाँमा धर्तीभर नेपालकै अनुकरण हुन थाल्दछ । त्यसवेला अन्य मुलुकका जनताले पनि हिन्दूधर्मलाई वास्तविक धर्म मान्नेछन् ।

हाम्रो मुलुकमा अधिनायकवाद जहानियाँ शासन हुँदा त धर्मलाई आधार लिइन्थ्यो भने आज जनताकै चाहनाको जनताकै शासनव्यवस्था अर्थात् लोकतन्त्र प्राप्त भएको छ, यस्तो सुन्दर मौकामा कसैको अविवेक र मुर्ख्याइँले राज्यलाई धर्मवाट अलग राखी देशलाई अशान्ति र कुसंस्कारको सृजना पैदा गर्ने कार्य भएको छ र अझै पनि शासक-प्रशासकले त्यसै गर्दछन् भने त्यसले जनतालाई दुःख थप्दै लैजानेछ । देशमा मै हुँ भन्ने विवेकशील कहलाउने, शासक-प्रशासक, निर्णयकर्ता एवं अधिकार र कर्तव्यको जिम्मेवारी पाएका व्यक्तिले यस्तो दुर्भाग्यको निम्तो दिनु हामी समग्र नेपाली एवं सत्यधर्म र न्यायप्रति आस्थावान् व्यक्तिलाई अत्यन्त ठूलो चोट पुऱ्याउने काम भएको छ । तसर्थ राज्यमा आसीन व्यक्तिवाट अप्रत्यासित रुपमा गरिएको अक्षम्य भूल सुधारेर नेपाललाई हिन्दूराष्ट्र घोषित गरी हिन्दूत्व कायम गरियोस् । यसैमा सर्वकल्याण छ ।

शेष भगवद् कृपा ।



पवित्र तीर्थस्थल वराहक्षेत्र, चतरा, सुनसरी ।

Barahachhetra, Chatara, Sunsari, Nepal

Printed at: International Forum Press, Anamnagar, Shantipath, Kathmandu, Tel: 220713, 254195

प्रकाशक: अन्तर्राष्ट्रिय मञ्च, अनामनगर, शान्तिपथ, काठमाडौं, फोन नं. २२०७१३, २५४१९५



लोकतन्त्रमा धर्मराज्य

दिवाकर शर्मा

साईवावाले हिन्दू (HINDU)को अंग्रेजी हिज्जेवाट अर्थ स्पष्ट गर्ने प्रयास गर्नुभएको रहेछ । H वाट ह्यूम्यानिटी अर्थात् मानवता, मानवता भनेको दया, मैत्री, श्रद्धा, प्रणय, सभ्यता, सहयोग, सदाशयजस्ता असल गुण, वाँच्ने, वचाउने र वाँच्न दिने न्यायजन्य, शान्तिप्रद गुण, I वाट इन्डिभीज्यूयालिटी = वैयक्तिकता, व्यक्तिगत आचरण एवं मन, वचन, कर्मको एकता, पवित्रता र पारदर्शिता, N वाट राष्ट्रियता, सवै राष्ट्रवासीको हकहितको रक्षामा प्रयत्नशील रहने, सवै पक्ष, वर्ग, क्षेत्रका व्यक्तिमा कतिपय विचारका भिन्नता भए पनि एकताका सूत्र पत्ता लगाउने र नदी, पहाड, मैदान अर्थात् निवासमा रहेका छिमेकीका कुरा सुन्ने र तिनीहरूमा न्याय पुऱ्याउने, D वाट दैवी गुण निर्भय रहने र राख्ने, मनलाई पवित्र राख्ने, आत्मज्ञानका लागि जिज्ञासु रहिरहने, दानशील, कर्मशील, संयमी, स्वाध्यायी, अहिंसक, सत्यप्रिय, अक्रोधी, त्यागी, कर्ताभिमान, शान्ति र न्यायको पक्षधर, प्राणीमा दया गर्ने, क्षमाशील, धैर्यशीलजस्ता दैवी गुणले युक्त हुने व्यक्ति र U वाट सम्पूर्ण व्रह्माण्डव्यापी सोच राख्न सक्ने “वान्धवाः मानवाः सर्वे” ठान्ने, ‘वसुधैव कुटुम्वकम्’ को आधार ग्रहण गर्ने व्यक्ति HINDU हुने उहाँले गर्नुभएको परिभाषा सनातन धर्मका लक्षणभित्र पर्छ। शास्त्रसम्मत अभिव्यक्तिका रूपमा यो परिभाषा ग्रहणीय छ ।

२०६३ साल वैशाख ११ गते सफलताको उच्चतम विन्दुमा पुगेको लोकतान्त्रिक आन्दोलनको म प्रशंसक हुँ । राजाले त्यागपूर्वक भोग गरून्, न्यायपूर्वक राज्य गरून्, कर्तव्यपूर्वक जीवनयापन गरून् र जनतावाट सम्मानभागी वनून् भन्ने मेरो चाहना हो । जहाँसम्म जनाधिकारको विषय छ, जनता सार्वभौम रहून्, राज्यशक्तिको स्रोत जनता नै हुने र राजकीय सत्ता पनि जनतामा नै रहनुपर्ने विषयमा मेरो विमति छैन, सहमति छ ।

नेपालमा सनातन धर्मावलम्वी आर्य गाईको एवं गोवंशको रक्षा गर्न चाहने वौद्ध, शैव, गाणपत्य, शाक्त र वैष्णव गरी ९० प्रतिशत जनता होलान् । कुट भाषामा हिन्दू भनिएकोले हिन्दू वौद्ध, जैन, शिख अलग मान्नेहरू पनि छन् । ॐकार परिवारभित्र वौद्ध जैन, सिख सवै पर्छन् । यी सवै गाई, गंगा र गीताका पक्षपाती छन् । हिन्दूले वौद्ध, जैन, सिखलाई समावेश गरेका छन् भने राजनीति गर्नेहरूले वौद्ध, जैन, सिखलाई हिन्दू होइनन् पनि भन्छन् । यसरी छुट्याउँदा पनि नेपालमा ८० प्रतिशत जनता हिन्दू नै छन् । यस्तो अवस्थामा नेपालमा वसोवास गर्ने धर्ती-पुत्र तथा धर्ती-पुत्री हिन्दूले राजकीयसत्ता, राज्यशक्तिको स्रोत र सार्वभौमशक्ति प्रयोग गर्न र नेपाललाई हिन्दू राज्य वनाउन किन नपाउने ?

संसारभरि लागू हुने मानवअधिकारको घोषणापत्र नेपालले पनि मान्नुपर्छ । अन्तर्राष्ट्रिय मानवीय कानुन निश्चय नै नेपालले पनि मान्नुपर्छ । विश्वभरिका सवै राष्ट्र धर्मनिरपेक्ष राज्यका रुपमा रहे देखिएका अवस्थामा नेपाल पनि धर्मनिरपेक्ष रहला । पाकिस्तान प्रजातन्त्रमा विश्वास गर्ने इस्लामिक राज्य हो । भ्याटिकन सिटी खिस्तानी राज्य हो । थाइल्यान्ड वौद्ध अधिराज्य हो । नेपाललाई हिन्दू अधिराज्यवाट हटाएर धर्मनिरपेक्ष राज्यका रूपमा स्थापित गराउनुअघि जनआन्दोलन भाग २ को वलमा स्थापित प्रतिनिधिसभासदले राम्ररी विचार पुऱ्याउनुपर्ने थियो । नेपाललाई वौद्धराज्य घोषणा गरेको भए पनि हुन्थ्यो ।

धर्मनिरपेक्षका ठाउँमा सम्प्रदायनिरपेक्ष भनेको भए हुन्थ्यो ।

नेपाल धर्मराज्य रहिआएको हो । भारत धर्मनिरपेक्ष रहनाका कारण या भ्रम छुट्टै हुन् । धर्मका अगाडि कुनै विशेषण उपयुक्त छैन । धर्म शाश्वत र मानवमात्रका लागि उपयुक्त आचरण स्वभाव हुन्छ । नियम, इमान, धर्म, न्याय, कानुन, उचित, अनुचितको विचार गर्ने शुद्ध चित्तवृत्ति जसरी सार्वकालिक, सर्वदेशीय र सर्वपक्षीय हुन्छ । धर्म त्यस्तै हो । धृति, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धीर्विद्या, सत्य, अक्रोध आदि दस लक्षणका धर्म सर्वग्राह्य छन् । कुरानमा, अरवी भाषामा यी गुण छन् भने नयाँ नियमको वाइवलमा दस आज्ञा टेन कमान्डमेट्सका नामले यी कुरा उल्लेख भएको पाइन्छ । राज्य

धर्महीन भयो भने भ्रष्टाचार, अन्याय, नातावाद, कृपावाद र अराजकतावाट गुज्रन्छ । 'प्रेम' दया, मैत्री, मानवमात्रमा चाहिने गुणसरह राज्य पनि सम्प्रदायनिरपेक्ष हुन सक्ला । शाश्वत धर्मको वास्ता नगर्ने, चासो नराख्ने हुन सक्दैन, हुनुहुँदैन । व्यासका अट्ठार पुराणको सार परोपकार पुण्य हो, परपीडन पाप हो भन्ने सवै धर्मको सार हो ।

"सवै सुखी र खुशी हुने वातावरण वनाऊँ, सवै निरोगी रहून्, सवैले राम्रो वोलून्, राम्रो गरून् र सद्भावना विकसित होस् । सवैले न्याय पाऊन् । सवैको आयु वढोस्, कोही भोका-नाङ्गा नरहून् भन्ने हिन्दू चिन्तन हो । जतिले पेट भरिन्छ, जतिले हर ढाकिन्छ त्यति न्यूनतम सुविधा सवै मानिसले पाउनुपर्छ भन्ने सनातन धर्म सार नै हिन्दू धर्मको सार हो । यसलाई विश्व संस्थाले कार्यान्वयन गर्न सक्नुपर्छ । यही मत वुद्ध र महावीर जैनको हो । यही मत गुरु गोविन्द सिंहको हो । धर्मनिरपेक्षतामा यस्ता चिन्तनको चर्चा हुँदैन । प्राविधिक लोकतन्त्रका तानावानाले मात्र पुग्दैन । वास्तविक लोकतन्त्रप्रति सवै चेतनशील वर्ग पनि समर्पित रहनुपर्छ । राजाले पनि लोकतन्त्रको स्वागत गर्न सकून्, स्वागत गर्न पाऊन् । यस्तो व्यवस्था नै धर्म हो । राजाको पनि स्थान रहनैपर्छ, मान रहनैपर्छ भन्ने क्रान्तिनायक गिरिजावावुको भनाइमा मेरो समर्थन छ ।

नेपाल धर्मनिरपेक्ष राज्य हुने, त्यसवाट पर्ने नकारात्मक असरको पक्षमा भने नेपाली जनता छैनन् । नेपालमा गोहत्या वन्द हुनैपर्छ । पाँच सय वर्ष पहिला भारतमा मुगल सम्राट अकवरले त गोहत्या वन्द गराएका थिए भने नेपालमा हिन्दू राजा, हिन्दू प्रधानमन्त्री, हिन्दूका साथै व्राह्मण दाहाल प्रचण्ड, वावुराम भट्टराईजस्ता विद्रोही र ८० प्रतिशत हिन्दू जनता छन् भने नेपालको प्रारम्भदेखि कायम रहेको धर्मराज्य समाप्त गरेर धर्मनिरपेक्ष गराएको सर्वथा मिल्दैन । नेताहरुले फेरि सोचून्, भूल सुधारुन् र द्वन्द्व मेटून् । आफूलाई प्रतिकूल लाग्ने व्यवहार अरूसँग नगरून् र अन्तर्मुखी स्वभावको विकास गरून् ।

(लेखक २०१५ सालमा सासद हुनुहुन्थ्यो)।

नेपालको विशिष्टता : सापेक्ष हिन्दूराष्ट्र



- रत्नाकर देवकोटा

वर्तमान प्रतिनिधिसभाद्वारा नेपाललाई हिन्दूसापेक्ष राष्ट्रवाट ओरालेर "हिन्दू धर्मनिरपेक्ष राष्ट्र"मा पुऱ्याएपछि देशभरि हाल यस विषयमा व्यापक वहस चलिरहेको छ। कुनै पनि कुराको वहस, छलफल र विवाद चर्काउनुभन्दा अलि त्यस विषयमा गहिरो अध्ययन, चिन्तन र मनन गरी त्यससम्वन्धी सैद्धान्तिक, शास्त्रीय र व्यावहारिक परिभाषा एवं अर्थ के हो ? त्यसतर्फ हेर्नुपर्ने हुन्छ।

प्रस्तुत लेखमा चर्चा गर्न थालिएका खास कुरा धर्मसापेक्ष, धर्मनिरपेक्ष र हिन्दूराष्ट्रवारे गम्भीर भएर अलिकति सोचौं। नेपाली वृहत् शव्दकोशको पृष्ठ ६४७ (धर्म), (हिन्दूत्व) मा धर्मसापेक्ष, धर्मनिरपेक्ष र हिन्दू एवं हिन्दूत्ववारे क्रमशः अर्थ लगाइएको छ।

१. धर्म (क) ना.सं. व्यक्ति वा वस्तुमा सधैं रहिरहने गुण वा मूल वृत्ति, प्रकृति, स्वभाव।
२. स्वाभाविक गुण, सहजवृत्ति,
३. स्वर्ग प्राप्त गर्न सकिने लोकविश्वास भएको पुण्यकार्य, पुण्यकर्म
४. कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार, लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्य (जस्तो मानवधर्म, नारीधर्म, युगधर्म इत्यादि)।
५. असल आचरण, सदाचार, नियम ६. पुण्य सत्कर्म। ७. ईश्वर अथवा सद्मतिको प्राप्तिका लागि गरिने शास्त्र विहितकर्म। ८. कुनै महापुरुषले चलाएको मत, सम्प्रदाय।

१. धर्म (ख) धर्म अच्छेर- (ना) साँचो कुरो, हित हुने कुरो, भलो कुरो।
२. धर्मकर्म - (ना) धार्मिक ग्रन्थहरूमा उल्लेख भएअनुसारको पुण्यकर्म, धार्मिक कार्य गर्ने, धर्मलाई नै परम कर्तव्य सम्झने धार्मिक।

३. धर्मकार्जे - (ना.१) धर्मसम्वन्धी कार्य, पुण्यकार्य, धर्मकार्य ।

४. धर्मग्रन्थ - (ना.१) जातीय वा सामाजिक आचारविचार, नीतिनियम, व्यवहार, उपासना, व्रत आदिका लक्षण लेखिएको ग्रन्थ, धर्मका आधारभूत तथ्यहरू भएको ग्रन्थ, धर्मशास्त्र, धार्मिकभन्दा विश्वासयुक्त कुनै ग्रन्थ पुराण आदि ।

२. हिन्दू/हिन्दुत्व

१. हिन्दू-ना (फा) वेद, धर्मशास्त्र, नीतिशास्त्र र पुराण आदिलाई आफ्नो धर्मग्रन्थ मान्ने जाति वा धर्म ।

२. हिन्दूधर्म - ना १ हिन्दूहरूको धर्म, २ नेपालको संविधानले घोषणा गरेको धर्म ।

३. हिन्दूत्व- ना (फा.हिन्दू+संस्कृतत्व) १. हिन्दू हुनाको भाव गुण वा अवस्था । हिन्दूहरूको आचारविचार तथा व्यवहार ।

३. सापेक्ष वि.(सं) १ स्वतन्त्ररूपले रहेको नभएर अर्काको अपेक्षा वा आशा गर्न राख्ने, अर्कासित सम्वन्धित ।

२. अन्य तत्व, विचार, दृष्टिकोण आदिवाट सम्वन्धित हुनाले त्यसैको अपेक्षा राख्ने ।

नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भन्नुको अर्थ नेपालीहरुलाई धर्म र ईश्वरबाट अलग्याई राष्ट्र र समाजप्रति उदासीन देखाउनु हो । निरपेक्षको अर्थ सामाजिक मूल्य, मान्यता, आदर्श र अनुशासनबाट विहीन गराई समाजमा उच्छृंखलता फैलाउनु हो ।

सापेक्षता- (ना) सापेक्ष हुनाको भाव, गुण वा अवस्था ।

सापेक्षतावाद- ना. विश्वको कुनै पनि कुरा आफैंमा स्वतन्त्र नभएर अर्कासित कुनै न कुनै रूपमा सम्वन्ध हुन्छ भनेर भन्ने सिद्धान्त ।

४. निरपेक्ष- वि. (स) १ कुनै कुराको वास्ता नराख्ने (नगर्ने), अपेक्षा नभएको, वास्ता नगर्ने, २. कुनै चासो नराखिएको, उपेक्षित ।

३. असम्विन्धित, सम्वद्धदेखि मुक्त । निरपेक्ष ना १. वेवास्ता, २. उपेक्षा । निरपेक्षित वि. वास्ता नगरिएको, उपेक्षित, निरपेक्षी- वास्ता नगर्ने, उपेक्षक, उदास । संस्कृतमा धर्मको विग्रह यसरी गरिएको छ "धारणाधर्ममित्याहु" अर्थात् मनमा सधैं राखिरहने सद्विचार ।

यसै सन्दर्भमा तीर्थको परिभाषा यस्तो छ- तीर्यते स्थानम् अस्य अस्तीति तीर्थः । तीर्थ तीन किसिमका हुन्छन् १. स्थावर तीर्थ (पृथ्वी यिनका नदी, पहाड, ताल, पोखरी जस्ता तीर्थस्थल) ।

२. जङ्गम तीर्थ (सदाचारी र सन्तपुरुषहरूसँगको संगत)

३. मानस तीर्थ (सत्यवोध, क्षमाशील आदि सात किसिमका)

हिन्दूधर्म संकुचित र व्याप्त (सीमित ठाउँ)का लागि मात्र नभएर एक उदारवादी धर्म र आस्था हो भन्नेकुरामा नीतिशास्त्रका यी उक्तिहरूले स्पष्ट पारेका छन् ।

१. माता च पार्वती देवी, पितादेवो महेश्वरः । मानवाः वान्धवा सर्वे स्वदेशो भुवन त्रयम् ॥

२. सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत् ॥

संसारका हिन्दू, जैन, वौद्ध, शिख, किराँत, मुस्लिम आदि धर्ममध्ये हिन्दूधर्म एक वैदिक सनातनी धर्म हो ।

नेपाल राष्ट्रलाई धर्मसापेक्ष नभनेर धर्मनिरपेक्ष भनी घोषणा गर्नुको अर्थ उपयुक्त शव्दकोशमा लगाइएको कुनै जाति, वर्ग, यश आदिका निम्ति निर्धारित कर्म वा व्यवहार, लोकको हित वा व्यवस्थाका लागि अँगालिएको कर्म वा कर्तव्य, मानवधर्म, असल आचरण, सदाचार, नियम, पुण्य, सत्कर्म, ईश्वर अथवा सद्गतिको प्राप्तिका लागि गरिने शास्त्रविहित कर्म, कुनै महापुरुषले चलाएको उपयुक्त र हितकारी मत, साँचो कुरो, हित हुने कुरो, भलो कुरो, जातीय वा सामाजिक आचारविचार, नीतिनियम, व्यवहार, उपासना, व्रत आदिको पालना गर्नु आदि अर्थको नै विपरीत गर्ने छुट हुनु हो ।

नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भन्नुको अर्थ नेपालीहरुलाई धर्म र ईश्वरबाट अलग्याई राष्ट्र र समाजप्रति उदासीन देखाउनु हो । निरपेक्षको अर्थ सामाजिक मूल्य, मान्यता, आदर्श र अनुशासनवाट विहीन गराई समाजमा उच्छृंखलता फैलाउनु हो ।

प्रसिद्ध विद्वान् एवं चर्चित इतिहासकार स्व. योगी नरहरिनाथले "माध्यमिक नेपाल एवं देवदेशो हिमालय" भन्ने कृति लेखेजस्तै यो देश विश्वका अन्य भौतिकमुखी राष्ट्रहरूजस्तो नभई यस देशलाई जन्मस्थल, कर्मस्थल, तपस्थलको रूपमा स्वीकारेका हाम्रा परमपूज्य महादेव, पार्वती,

हिमालय कार्तिकेयहरूका साथै महर्षिहरू- कश्यप, अङ्गिरा, आदि गौतम, च्यवन, कण्व, दुर्वासा, पुलह, भृगु, ऋष्यश्रृङ्ग, भारद्वाज, मार्कण्डेय, वाल्मीकि, विश्वामित्र (कौशिक), वेदव्यास आदि र ऋषि एवं मुनिहरूमा, लोमश, कपिल, कुशिक, गुरु द्वारोचवि, माण्डव्य, देवगुरु वृहस्पति, दैत्यगुरु शुक्राचार्य, विभाण्डक, ऋष्यश्रृङ्ग, उद्धालक, अश्वत्थामा, धौम्य, वैयाकरण वरदराज र वैयाकरण पाणिनीले देखाएका, सिकाएका र लेखेका लक्ष्मणरेखाहरूलाई विर्सेर कृत्य हुनु हो । यसै गरी जनकनन्दिनी सीता, मैत्रेयी, गार्गी, उर्मिला, माण्डवीजस्ती सतिसावित्रीहरूको साथै हिरण्याक्ष, हिरण्यकशिपु, रावण, जरासन्ध जस्ता दैत्य, असुर र दानवहरूको तपोभूमि र युद्धभूमि पनि यही देश हो । यस्ता दैवीपुरुषहरूको जन्म र कर्मथलोको रूपमा मानिएको यस आदर्शमय, देवमय र पुण्यमय यस देशलाई धर्मनिरपेक्ष भनेर धर्मदेखि विमुख गर्नु र धर्मलाई निरपेक्ष ठान्नु आफूले आफ्नो र आफ्नो राष्ट्रको अस्तित्व मेट्नु नै हो ।

यसैले नीतिशास्त्रमा भनिएको छ- "धर्मो रक्षति रक्षितः" । यदि हामीले धर्मको आशय वुझेर धर्मलाई वचाउन सक्यौं भने धर्मले हामीलाई वचाउँछ । मानिसलाई अनुशासनमा राख्नु छ र रहनु छ भने धर्ममा सकारात्मक दृष्टि राखी धर्मनिरपेक्ष होइन, धर्मसापेक्ष भावना जगाउनुपरेको छ । मानिस भएकाले मात्र होइन, चराचुरुङ्गी, कीटपतङ्ग; प्रकृति, वातावरण, स्थावर, जङ्गम यावत् वस्तुले पनि धर्मलाई पालन गरेका हुन्छन् । यसै सन्दर्भमा कर्णाली अञ्चलमा झन् शासनसम्वन्धी एउटा सटिक श्लोकश्रोत सञ्चालित छ -

"अंकुश्यामा हात्ती वस्यो पाउटी वस्यो बाज । मान्ठ वस्यो मज्यावामा, चल्यो राजकाज"।

अर्थात् प्राणीहरूमा सवैभन्दा ठूलो हात्ती मानिसको साधारण अङ्कुशमा वाँधिएको हुन्छ भने चराहरूमा अत्यन्तै हिंस्रक मानिएको वाज, वाजका शिकारीले फिँजाएको साधारण पाउटी (फिँजाइएको जाल) मा वाँधिएको हुन्छ । यसै गरी प्राणीहरूमा सवैभन्दा उत्तम मानिएको मानिस आफ्नो अनुशासन, कर्तव्यवोध र अधिकार व्यवस्थित रहन सकेमा राज्यमा राजकाज स्वतः चल्दछ । यसैले पनि यस देशलाई अनुशासित गराई प्रगतिपथमा लम्काउनु छ भने धर्मनिरपेक्ष होइन, धर्मसापेक्ष देश मान्न आवश्यक छ । *अस्तु ।*

नेपाली धर्मसंसदको घोषित नीति

नेपाली धर्मसंसदले अवलम्वन गरेका धर्मसम्वन्धी केही नीति छन् जुन निम्नानुसार छन् :-

१. यसअघि नेपालको संविधानमा हिन्दू-राष्ट्र अवधारणा भए पनि नेपालमा प्रचलित कुनै पनि धर्म-सम्प्रदायलाई आ-आफ्नो धर्माचरण र व्यवस्थापक्षको सुसञ्चालनमा राज्यद्वारा कुनै अवरोध गर्न नहुने व्यवस्था भइरहेको अवस्थामा अत्यधिक हिन्दू भएको मुलुकमा परम्परादेखि चलिआएको विश्वको एक मात्र हिन्दूराष्ट्रको अवधारणालाई परिवर्तन गर्नुपर्ने कुनै औचित्य छैन ।

२. 'हिन्दू' शब्द एउटा सम्प्रदाय विशेषको द्योतक नभई सिन्धु नदी पूर्व विकसित भएका वैदिक, वौद्ध, जैन र सिखलगायनको वृहत् ॐकार परिवारको संयुक्त परिचायक एउटा उदात्त संस्कृति एवं समतामूलक र आध्यात्मिक-धार्मिक जीवनशैलीको द्योतक भएको हुनाले हिन्दू-राष्ट्र अवधारणालाई नकारात्मक लिनुपर्ने कुनै कारण छैन ।

३. कुनै पनि राष्ट्र हिन्दू, मुस्लिम, जैन, शिख, ईसाइ, वौद्ध, यहूदी आदि वोध गराउने सम्प्रदाय-निरपेक्ष हुनु वुद्धिगम्य हुन सक्तछ, तर धर्म-निरपेक्ष गर्नु महान् भूल हुनेछ किनभने धर्म-निरपेक्ष हुनुको तात्पर्य धर्म-विहीन पनि हुन्छ र जहाँ धर्मको अवमूल्यन हुन्छ, त्यहाँ घोर अराजकता, अनियन्त्रित भ्रष्टाचार र विनाशको वाटो खुल्दछ । अणुव्रत प्रवर्त्तक आचार्यश्री तुलसीले आजभन्दा चार दशकपूर्व नै भारत धर्म-निरपेक्ष नभई सम्प्रदाय-निरपेक्ष हुनुपर्दछ भन्ने सुझाव दिनुभएको थियो । सोभियत संघ र गणतन्त्र चीन जस्ता महान् र सशक्त राष्ट्रहरूमा पनि राज्यद्वारा संचालित धर्मलाई निमिट्यान्न पार्ने घोर दमनकारी उपक्रमहरू पनि पूर्णत: असफल भई आज पुन: धर्मप्रति सहिष्णुता अपनाउन वाध्य भएका छन् ।

४. उपर्युक्त परिप्रेक्ष्यमा नेपाली धर्मसंसदले सर्व-सम्मतिवाट सवै धर्म-सम्प्रदायहरूप्रति सम्मान र अहस्तक्षेपको नीति भएको सम्प्रदाय-निरपेक्ष हिन्दू राष्ट्रको अवधारणाको समर्थन र धर्म-निरपेक्ष राज्य गर्ने घोषणाको जोडदार शब्दमा विरोध गर्दछ । अत: सवै सदस्य संघ-संस्थाहरूका साथै समस्त जागरुक देशवासीलाई तदनुकूल अवधारणालाई वल पुऱ्याउन, प्रसारित गर्न र चेतना जगाउन शान्तिपूर्ण आन्दोलनको शैलीमा देशव्यापी कार्यक्रम संचालन गर्न अपील गर्दछ ।

जयप्रकाश,

(सभामुख नेपाली धर्मसंसद)

नेपाललाई धर्मसापेक्ष गोरक्षक हिन्दूराष्ट्र घोषणा गर !

राष्ट्रिय धर्मयुद्धमा ऐक्यबद्धता जनाऔं !



सर्वोत्तम जीवनकला नै धर्म हो। कसरी जीवनलाई राम्ररी यापन गर्ने भन्ने विज्ञान नै धर्म हो। कसरी जीवनलाई सफलतापूर्वक निर्वाह गर्न सकिन्छ भन्ने खोजविन धर्मले गर्दछ। यस्तै राजनीति जीवनको आधार हो। धर्म जीवनकलाको आत्मा हो भने राजनीति जीवनकलाको शरीर हो। आत्मा र शरीर एकअर्काका पूरक हुन्। राजनीतिविना जीवनकला अधुरो रहन्छ। एक जिउँदो मानिसवाट आत्मा वाहिर निस्केर गयो भने मर्दछ। शरीर त छ तर आत्मा छैन भने उसको शरीर कुहेर जान्छ। यसैले धर्मविनाको राजनीति निरर्थक हो।

धर्म विचार हो र राजनीति क्रिया हो। हाम्रो जीवनको सम्पूर्ण क्रियाकलाप राजनीतिविना चल्न सक्तैन भने हाम्रो आत्माको विकास धर्मविना हुनै सक्तैन। हाम्रो शिर धर्मसँग सम्वन्धित हुनुपर्दछ भने गोडा राजनीतिमा जम्नुपर्दछ। राजनीति सकारात्मक भयो भने धर्म फल्छ, फुल्छ र संसारै सुन्दर र शान्त हुन्छ। यस्तै धर्ममा आश्रित राजनीति भयो भने संसार स्वर्ग वन्छ। समाजमा उँच-निच, सानो-ठूलो अनि धनी-गरिवको भावनाको अन्त हुन्छ। यो तव मात्र हुन सक्छ जव धर्मले आत्मा र राजनीतिले शरीर भएर संयुक्त रूपले कार्य गर्दछन्। धर्म जीवनको लक्ष्य हो र राजनीति त्यसको साधन हो। धर्म लक्ष्य हो भने राजनीति मार्गमात्र हो। धर्मको सेवामा राजनीति हुनुपर्दछ। राजनीतिले धर्मलाई हस्तक्षेप गरेमा संसारमा विकृति र अराजकताको जन्म हुन्छ र क्रमश: मानवसभ्यता ध्वस्त भएर जान्छ। राजनीतिलाई राम्रो वाटोमा लैजान नागरिक समाजका असल मानिसहरू राजनीनिक गतिविधिमा पूर्णरूपले संलग्न हुनैपर्दछ अनिमात्र समाज, राष्ट्र र विश्वको कल्याण हुन्छ।

कुनै पनि राजनीति धर्मनिरपेक्ष हुन सक्तैन किनकि मानवजातिको हालसम्मको इतिहासमा कुनै कुरा शेष वचेको छ भने त्यो "धर्म" मात्रै हो। 'धर्म' नै 'सत्य' हो, मनुष्य जातिको सवभन्दा महत्वपूर्ण सम्पदा नै 'धर्म' हो। मनुष्य जातिलाई हरेक समस्यावाट मुक्त पार्ने नै 'धर्म' हो भने त्यसैवाट राजनीति अलग वा निरपेक्ष रहेर मानवजातिको कल्याण हुन सम्भव छैन। 'धर्म' जस्तो सवैभन्दा महत्वपूर्ण वा मूल्यवान् तत्ववाट नै राजनीतिलाई अलग पारेर संसार चल्न सक्तैन।

सत्यवाट निरपेक्ष हुनु, प्रेमवाट निरपेक्ष हुनु, मानवतावाट अलग हुनु र जीवनकलाको गहनतम ज्ञानवाट नै निरपेक्ष हुनु नै धर्मवाट निरपेक्ष हुनु हो। राष्ट्रिय राजनीति. धर्मनिरपेक्ष वनाउनाको अर्थ हो मानवजातिलाई उज्यालोवाट अन्धकारतर्फ लैजानु वा मानवसभ्यतालाई क्रमशः ध्वस्त पार्नु। धर्मनिरपेक्ष संविधान वनाएर आफ्नो राष्ट्रको सनातन परम्परालाई ध्वस्त पारेर परधर्मीलाई प्रश्रय दिनु भनेको विधर्मी, राष्ट्रघाती र भ्रष्टहरूको षड्यन्त्रमा नेपालका राजनीतिज्ञहरू फस्नु हो। राजनीतिज्ञहरूको यस्तो अराजक कार्यले नेपालको अस्तित्वलाई नै ठूलो खतरा पार्नेछ।

विश्वका सवै धर्मका आधारका रूपमा रही मानवजातिको उत्पत्तिदेखि आजसम्म अखण्ड धारमा निरन्तर चल्दैआएको सनातन, वैदिक, गोरक्षक हिन्दू धर्मसापेक्ष नेपालराष्ट्रलाई जनआन्दोलनवाट पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ गतेका दिन धर्मनिरपेक्षराष्ट्र घोषणा गर्नु नेपालको राष्ट्रिय स्वतन्त्रता, अस्तित्व, ऐतिहासिक गौरव, एकता, अखण्डता, शान्ति र उन्नतिको लागि नै खतरा भएकाले यो राष्ट्र र धर्मविरोधी निर्णयलाई तुरुन्तै फिर्ता लिन नेपाल सरकार, प्रतिनिधिसभा र सम्पूर्ण राजनीतिक दलहरूसँग हार्दिक अनुरोध गर्दछुं। यो राष्ट्रघाती र मानवधर्मविरोधी निर्णयलाई फिर्ता नलिएसम्म शान्ति र सहिष्णुतालाई आधार मानेर चल्दैआएका हामी सनातनीहरू यथोचित धर्मयुद्धमा होमिन वाध्य भएकाले यस महान् कार्यमा सहभागी हुन सम्पूर्ण नेपाली एवं ओमकार परिवार (शैव, वैष्णव, शिख, जैन, वौद्ध, किराँत आदि) लाई हार्दिक अनुरोध गर्दछु।

नेपालका प्रत्येक व्यक्ति, सन्त, महन्त, साधु-सन्यासी, गुरू-पुरोहित, भिक्षु, धामी-झाँक्री, घर-परिवार, समाज, धार्मिक संघ-संस्था, मठ-मन्दिर,

गुम्वा-विहार, पर्व, अनुष्ठान सवै क्षेत्रमा प्रत्येक दिन संघर्षको उद्घोष निरन्तररूपले गर्न गराउन हार्दिक अनुरोध गर्दछु । नेपाल राष्ट्र र राष्ट्रिय धर्मको रक्षाका लागि धर्मयुद्धमा ऐक्यवद्धता जनाउनु नै सम्पूर्ण स्वाभिमानी नेपालीको प्रमुख कर्तव्य हो ।

स्वतन्त्र राष्ट्र नेपाल आफ्नो उत्पत्तिकालदेखि नै धर्ममूलक राष्ट्र रहँदैआएको छ । नेपाली जीवनपद्धतिको कणकणमा धार्मिक प्रभाव छ । जसरी रक्तहीन शरीरको कल्पना गर्न सकिन्न, त्यसरी नै नेपाललाई 'धर्मनिरपेक्ष राष्ट्र'को रूपमा कल्पना गर्न सकिन्न । सामाजिक, राजनीतिक, आर्थिक वा व्यक्तिगत प्रत्येक क्षेत्र धार्मिक भावनाले ओतप्रोत भएको मुलुक नेपाल हो ।

सत्य, प्रेम, अहिंसा, न्याय, सद्भाव, सहिष्णुता, एकता, अखण्डता, भाइचारा, पारस्परिक सहयोग, शान्ति र विकासको मार्गमा चल्नु धर्मसापेक्षता हो भने यसको विरुद्ध राष्ट्रलाई लैजानु नै 'धर्मनिरपेक्षता'को मार्ग हो । मनुष्यलाई आजसम्म वँचाएर राख्ने र भोलि पनि वचाएर राख्न सक्ने विश्वको एकमात्र मूल्यवान सम्पदा नै 'धर्म' हो । अझ हिमवत्खण्ड नेपालको विशेषता नै धर्मसापेक्षता हो जसको आधारमा राष्ट्रको स्वतन्त्रता, एकता, शान्ति र विकास अडिएको छ । त्यसैले नेपालको राजनीतिलाई धर्मनिरपेक्षतातर्फ लैजाने प्रयास विधर्मी, राष्ट्रघाती, विखण्डनवादी, विस्तारवादी र नव-उपनिवेशवादीहरूको षडयन्त्रमात्र हो । विधर्मी र राष्ट्रघाती तत्वहरूविरुद्ध जनस्तरमा संगठित भई शान्तिपूर्ण वा कठोर जे-जस्तो अभियान चलाउन आवश्यकता पर्दछ-आजदेखि नै संघर्षमा उत्रिऔं । प्रत्येक गाउँघरमा नागरिक समाजको गठन गरी धर्मयुद्धमा ऐक्यवद्धता जनाऔं । हिन्दूराष्ट्र पुनर्जागरण अभियानमा जुटौं । नेपाल राष्ट्र र धर्म वचाउन सम्पूर्ण नेपाली एकजुट भई लक्ष्य प्राप्त नभएसम्म निरन्तर संघर्षशील हुन हार्दिक अनुरोध गर्दछु ।

- देवताजी गिरिराज देवकोटा

ज्ञानेश्वर, वडा नं. ३३,

काठमाडौं महानगरपालिका

धर्मनिरपेक्षताको घोषणा : अन्धो अनुकरणमात्र

अविनाश

असी प्रतिशत हिन्दूधर्मावलम्वीहरू वसोवास गर्ने नेपालमा २०६३ जेठ ४ गते देशका केही राजनीतिक नेताहरूले आन्दोलनको वलवाट पुनस्थापित प्रतिनिधिसभाद्वारा राष्ट्रलाई धर्मनिरपेक्ष घोषित गराएपछि देशमा एउटा वहस चर्केको छ । आखिर धर्मनिरपेक्षताको घोषणा किन गरियो ? जेठ ४ गते अगाडिसम्म नेपाल हिन्दू अधिराज्य कहलाउँथ्यो भने अव धर्मनिरपेक्ष राज्य घोषित भएको छ । आन्दोलनका नेताहरूले यो घोषणालाई ठूलो महत्वको घोषणा भनेका छन् भने अरूले यो घोषणालाई निरर्थक र जनभावनाविरोधी पनि भनेका छन् । आखिर नेपालमा अधिकांश हिन्दूहरू वस्दछन् तैपनि हिन्दूराज्यको सट्टा धर्मनिरपेक्ष राज्य घोषणा गरेर के उपलव्धि हासिल गर्न खोजिएको हो त ? यो प्रश्न धेरैको दिमागमा घुमेको-घुम्यै छ । नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्नुको पछाडि केही कारणहरू उल्लेख गरिएका छन् जसको चर्चा यहाँ गर्नु उपयुक्त हुन्छ ।

जनजातिहरुको मागलाई पूरा गर्न

जनजाति र आदिवासीका केही नेताहरूलाई नेपाल हिन्दूधर्म भएको चित्त वुझेको थिएन । त्यसका अन्तरनिहित कारणहरू धेरै छन् । तर नेपालमा आदिवासी जनजातिहरूको धार्मिक र सांस्कृतिक स्वतन्त्रता र विकास नै उनीहरूभित्रको असन्तुष्टिको मुख्य विषय थियो । उनीहरूको असन्तुष्टि हिन्दूधर्मप्रति थियो भन्ने लाग्दैन । राज्यले हिन्दूधर्मका लागि जुन अनुपातमा खर्च गरेको छ, सुविधा दिएको छ त्यहीं अनुपातमा किरात लगायतका धर्मलाई पनि दिनु नै उनीहरूको समस्याको समाधान थियो न कि धर्मनिरपेक्षता यसको समाधान हो । कसैले अर्कोको धर्म नष्ट होस् र आफ्नो मात्र धर्म फैलियोस् भन्छ भने त्यसलाई राज्यले धार्मिक स्वतन्त्रताविरोधी घोषणा गर्नुपर्दछ ।

हिन्दूसम्राटको शक्ति क्षीण पार्न

नेपालमात्र होइन, भारतमा पनि धेरै हिन्दूहरू भएकोले आफूलाई हिन्दूसम्राट घोषणा गरेर राजाले शक्तिशाली हुने र हिन्दूधर्मलाई राजनीतिक

उपयोग गरेकाले हिन्दूधर्म निरपेक्ष घोषणा गरिएको अर्को आशय देखिन्छ । यदि यसो हो भने पनि राजा त कति आउँछन्, जान्छन् तर धर्म हजारौं वर्षदेखि जनजीवनको प्राणमा अडिदैआएको छ ।

त्यसैले राजा मुख्य कुरा होइन, राजा रहन पनि सक्छन् र नरहन पनि सक्छन् तर धर्म त रहन्छ नै । त्यसैले राजाको रिसले धर्म नै नष्ट गर्नु भनेको हाँगाको रिसले फेद काट्नुसरह हो । यसरी धर्मसँग जोडेर आफूलाई तानाशाहीतिर मोडने कुनै संस्था छ भने त्यसमा संस्थाको दोष हुन्छ, धर्मको दोष हुँदैन । त्यसकारण पनि धर्मनिरपेक्ष घोषणा गरेर प्रजातन्त्र वा लोकतन्त्रमाथिको समस्याको समाधान हुन्छ भन्न सकिदैन ।

भारतको सिको गरेको

नेपालमा प्रजातन्त्रलाई लोकतन्त्र भन्ने आन्दोलनका लागि उर्जा भारततर्फवाट प्राप्त भएको र लोकतन्त्रको जीत भएपछि भारतको अनुसरण गर्नु उपयुक्त ठान्ने नेताहरूले नेपाललाई पनि भारतमा जस्तै धर्मनिरपेक्ष राज्य घोषणा गर्ने रहर र लहर चलेको हुन सक्तछ । यसो गर्दा भारत खुसी हुन्छ भन्ने धेरै नेतालाई लागेर धर्मनिरपेक्ष घोषणा गराउनेहरूले के वुझ्नु पर्छ भने भारत १९४७ पछि स्वतन्त्र हुनासाथ धर्मकै कारण विभाजित हुनुपुग्यो र पाकिस्तान वन्यो । भारतमा त्यसपछि धर्मनिरपेक्ष राज्यघोषणा नगर्ने हो भने धार्मिक दंगा अरू भड्किने र धर्मकै आधारमा अरू टुक्रिने संभावना वढेर गएको थियो । त्यसलाई रोक्न भारतले आफूलाई धर्मनिरपेक्ष घोषणा गर्नुपरेको थियो । तर नेपालमा त्यस्तो परिस्थिति परेकै थिएन । दोस्रो कुरा भारतमा इसाइकरणको एउटा ठूलो अन्तरराष्ट्रिय राजनीतिले काम गरेको थियो । नेपालमा त्यस्तो दवाव भर्खरै शुरु भएकाले राज्यले त्यस दवावसँग झुक्नुपर्ने कुनै आवश्यकता थिएन । तर दुर्भाग्यवस ! भारतको अनुसरण गर्दा नकारात्मक पक्षको अनुसरणचाहिँ गरियो ।

यसमा चीन र भारतको तुलनात्मक अध्ययन हामीले गर्नुपर्थ्यो । उदाहरणका लागि भारतले यसकारण आफूलाई धर्मनिरपेक्ष घोषणा गऱ्यो किनंभने उसकहाँ धार्मिक झगडा हुने गर्दछन् । चीनले यसकारण धार्मिक स्वतन्त्रताको घोषणा गऱ्यो किनभने उसले धर्मपरिवर्तनको कुनै षडयन्त्र आफ्नो देशमा नहोस् भन्ने चाह्यो ।

भारतमा धर्मपरिवर्तनको समस्या होइन। राज्यले कुनै धर्मप्रति पनि सहानुभूति राख्नु ठूलो समस्या हो। त्यसकारण धर्मनिरपेक्ष घोषणा गरियो। चीन र नेपालको स्थिति त्यस्तो छैन। वरु यहाँ धर्मपरिवर्तनको समस्या देखा पर्न सक्छ। त्यसैले यहाँ धर्मपरिवर्तनका घटना भारतका धार्मिक दंगा जस्ता समस्या हुन सक्छन्। भारत धर्मनिरपेक्ष छ भन्नुको अर्थ धर्मप्रति उदासीन छ भन्ने होइन, धार्मिक सन्तुलन राख्नका लागि ऊ धर्मनिरपेक्ष वनेको हो। हामीलाई धार्मिक सन्तुलनको समस्या होइन, धर्मपरिवर्तनको समस्या वढी हुन सक्छ। चीन पनि त्यस्तै समस्यावाट पीडित छ ।

चीनमा पनि, भारतमा पनि र नेपालमा पनि धार्मिक स्वतन्त्रता छ। यसको अर्थ चीन पनि धर्मप्रति उदासीन छ भन्ने होइन र भारत पनि उदासीन छैन। भारतमा धार्मिक दंगा हुन नदिन मन्दिर-मन्दिरमा सुरक्षाको करोडौं खर्चको प्रवन्ध गरिन्छ। त्यसलाई धर्मप्रति उदासीन भन्न मिल्दैन। चीनमा पनि धर्मलाई लिएर अझै समय-समयमा अन्तरराष्ट्रिय विवादसमेत उठिरहेका छन्। त्यसैले चीन पनि धर्मवाट विमुख भएर ढुक्कसँग वस्न सक्तैन। उनीहरूले आफ्ना देशका धार्मिक समस्या हल गर्न धर्मनिरपेक्ष र धार्मिक स्वतन्त्रताको घोषणा गरेका छन्। हामीकहाँ न भारतका जस्ता समस्या छन् न त चीनका जस्ता। त्यसैले हामीले न धर्मनिरपेक्ष घोषणा गर्ने आवश्यकता थियो न धार्मिक स्वतन्त्रताको घोषणाको नै। हाम्रालागि हामीकहाँ भएका धर्म र धार्मिक समुदायको प्रवर्धन, संरक्षण र विकासको आवश्यकता थियो।

नेपालमा सवैभन्दा धेरै हिन्दूधर्मावलम्वी छँदै थिए र छन्। त्यसपछि वौद्ध, जैन, इसाई, मुस्लिम र अन्य प्राकृतिक धर्मावलम्वीहरू छन् जसलाई संरक्षण र स्वतन्त्रताको आवश्यकता छ। यसो गरेमा सवै प्रसन्न पनि हुन्छन्। त्यसै पनि नेपालमा वौद्ध, जैन, मुस्लिम, हिन्दूहरू आ-आफ्ना धर्मप्रति जति संलग्न छन् त्यति नै अर्को धर्मावलम्वी र धर्मको पनि आदर गर्ने एउटा समन्वयको परंपरा विकसित भएको छ। नेपालको यो परंपरालाई वुझेर राजतन्त्रले त्यस विषयलाई नै आफ्नो धार्मिक नीति वनाउँदैआएको छ। जसरी परराष्ट्र नीतिमा असंलग्न र तटस्थनीति नेपालको एउटा लामो परंपरा हो, त्यस्तै धार्मिक क्षेत्रमा पनि परम्परामा समन्वय नेपालको विशेषता हो। पृथ्वीनारायण शाहले यसै कुरालाई वुझेर आफू गोरखाली भए पनि

जीउँदो देवी कुमारीको टीका थापे। यसरी उनले उपत्यकाका देवी देवता मान्न थालेका थिए।

विचारणीय कुरा के हो भने नेपालको धार्मिक परंपरा राजाले स्थापना गरेको होइन। राजाले अंगीकार गरेको हो। त्यसलाई नबुझी धर्मनिरपेक्ष घोषणा गर्नु नेताहरुले समाजलाई नै बिथोल्न खोजेको प्रष्ट हुन्छ।

धर्मनिरपेक्ष घोषणा गर्दा धर्मको एउटा परंपरा मात्रै वुझिदिएको भए नेताहरूले यो विखण्डनको वीउ रोप्नैपर्ने थिएन। हाम्रो हिन्दूधर्मको विशेषता के हो, त्यसको पृष्ठभूमि र वर्तमानस्वरूपलाई विचार गरेको भए धर्मनिरपेक्षताको घोषणाको आवश्यकता नै पर्ने थिएन। हिन्दूधर्म कुनै खास सम्प्रदाय, कुनै विधि वा कुनै खास नाममा वाँधिएको धर्म होइन।

आफूलाई इसाई, मुसलमान वा अन्य कुनै धर्मको अनुयायी भनेर घोषणा गर्नुहुन्न तवसम्म तपाईं जुनसुकै विधिमा वाँच्नोस्, जुनसुकै स्वतन्त्रता उपभोग गर्नुहोस्- हिन्दू नै रहनुहुन्छ।

विचार गर्नुपर्ने कुरा के हो भने रजनीश (ओशो) ले भनेझैं जीवनलाई माथि उठाउने जे जति सिद्धान्त छन्, तिनको एकठ्ठा नाम नै धर्म हो। जव जीवनलाई आदर्शमय वनाउनु धर्म हो भने धर्मनिरपेक्षको अर्थ के हो त ! जीवनलाई अधोपतनतिर लैजानु होइन ?

धर्मको व्याख्या साधु सन्तले आफ्नै ढंगले गर्छन्। महन्तहरूको आफ्नै परिभाषा होला। राजा र नेताहरूको धर्मको नाम अर्कै अर्थ होला। धर्मको नाममा यहाँ करोडौं-अरवौंको कमाइ पनि होला तर त्यस्ताहरूसँगको धर्मको के लेनादेना छ ? धर्म त स्वयं एक नैतिकता हो, संस्कृति हो र हो मूल्यवान् परंपरा हो। फेरि त्यसप्रति निरपेक्षको अर्थ के हुन्छ ? सधैं अधोपतन, विनास र वर्वरता ! धर्मनिरपेक्षताको घोषणा धर्मप्रतिको भय पनि हुन सक्छ। त्यसो हो भने धर्मप्रति भय किन ? किन धर्मसँग डराउँछौ ? तिमीले कहीं कतै पाप गरेको हुनुपर्छ अर्थात् वाटो विराएको हुनुपर्छ। तिम्रो मनमा कतै अपराधवोध हुनुपर्छ तव न तिमीले धर्म फरक भनेका छौ। त्यसो हो भने धर्मनिरपेक्ष घोषणावाट होइन, आफ्ना गल्तीलाई सुधारेर धर्मसम्वन्धी समस्याको हल गर्न सकिन्छ। धर्मलाई दोष दिएर उम्कन सकिदैन। धर्म भनेको आम जनताको गहिरो आस्था र विश्वास हो। त्यसलाई तिमी छुने कोसिस नगर। त्यो आस्था भत्कियो भने तिम्रा सुन्दर सम्भावनाहरू पनि सवै ढल्दै जानेछन्। ✡

हिन्दूराष्ट्रले एकता नै हुनेछ



सलिमखान 'धौंस'
अध्यक्ष, नेपाल मुस्लिमसंघ

नेपालको वर्तमान राजनीतिक अवस्थालाई र धर्मनिरपेक्षको विषयलाई तपाईले कसरी मूल्यांकन गर्नुभएको छ ?

वर्तमान राजनीति अत्यन्तै संक्रमणकालीन अवस्थामा छ र धर्मनिरपेक्षताको सवालमा पहिला हिन्दूराष्ट्र भए तापनि कुनै धर्मलाई केही पनि असर परेको थिएन । सबै धर्मका बीचमा एकता थियो र अहिले पनि हिन्दूराष्ट्रले एकता नै हुनेछ ।

अर्को कुरा देश र जनताको लागि कसैले सोचेन । सत्ताको हानाथापमा मात्र सबैजना कुदिरहेका छन् । लोकतन्त्रको कुरा छ, अब यो लोकतन्त्र आएको किनभने देश बनाउन हो । तर, सबै पार्टीहरू पदकै लागि लडिरहेका छन् । मूलतः तीनवटा कुरालाई ख्याल गरेर अगाडि बढ्नु पर्दछ - शान्ति, एकता र विकास ।

नेपालमा एकताको प्रतीक भनेर मानिने राजसंस्थालाई हेर्ने दृष्टिकोण अहिलेका ठूला पार्टीहरुमा अलि भिन्न पाएका छौं, नेपालमा अहिले राजसंस्थाको अवस्था कस्तो छ भन्ने ठान्नुहुन्छ ?

कसैको हक कसैले मास्न सक्दैन र मास्न पनि हुँदैन, राजा भनेको राजसंस्था हो । राजसंस्थाको यति लामो इतिहास छ । राजा वीरेन्द्रले २०४६ सालमा जनतालाई सत्ता सुम्पिएर उदाहरण देखाइबक्स्यो र अहिले पनि राजा ज्ञानेन्द्रले सत्ता सुम्पिएर देशलाई, जनतालाई क्षति पुग्न दिइबक्सेन । त्यससकारण नेपालमा जहिले पनि राजसंस्थाले देश र जनताको भलो हुने काम गरेको छ । राजसंस्थाका केही सल्लाहकारहरू गलत निस्किए, गद्धार निस्किए र यो अवस्था आएको हो ।

अब राष्ट्रलाई बचाउन र बहुदलीय प्रजातन्त्रसहितको राजतन्त्र जीवित राख्न अहिले हामी नेपालीको भूमिका के हुनुपर्छ ?

राजसंस्था नेपालमा रहिरहनुपर्दछ । स्थापित भैसकेको जनआस्था बोकेको संस्थालाई उठाउने खेल खेलियो भने त्यसबेला ठूलो अराजकता उत्पन्न हुन्छ । अहिले राजाका सल्लाहकारहरू गलत भएको कारण यस्तो अवस्था उत्पन्न भएको हो ।

अब हुने संविधानसभामा मुस्लिम समुदायको भूमिका के हुनुपर्दछ भन्ने लाग्दछ ?

हेर्नोस् संविधानसभामा हाम्रो पनि भूमिका हुनुपर्दछ । नेपाल अधिराज्यमा ४० लाख मुस्लिम छन् । अब बन्ने संविधानमा मुस्लिमको भूमिका भएन भने ठूलो विद्रोह हुन्छ । हामीलाई इण्डियाबाट आएको भनिन्छ तर हामी पनि भन्छौं बाहुन क्षेत्री कहाँबाट आए ? त्यसकारण अब यो समुदायलाई पनि उचित ठाउँ दिनुपर्दछ ।

सबै पार्टीहरु पदकै लागि लडिरहेका छन् । मूलतः तीनवटा कुरालाई ख्याल गरेर अगाडि बढ्नु पर्दछ - शान्ति, एकता र विकास ।

अहिले संविधानसभा बढीमा एक वर्षभित्र गरिसक्ने भनिएको छ के त्यो सम्भव होला ?

संविधानसभा व्यापक छलफलबाट गर्नुपर्दछ, तसर्थ नेपालमा सबै क्षेत्रको सहभागिता रहने गरी सबैलाई समेटेर देशलाई बचाउनेको लागि संविधानसभालाई प्रयोग गर्नुपर्छ र यो तीनवर्ष जति छलफल र बहस गरेरमात्र संविधानसभामा जानु उपयुक्त हुन्छ ।

अब तपाईहरुको कार्यक्रम के छ ?

अब शान्तिबहाली र राजतन्त्रसहितको प्रजातन्त्रलाई मजबुत बनाउन जनताको बीचमा जाने कार्यक्रम तयार पारेर अगाडि बढ्ने सोंच छ । ✡

हिन्दू र बौद्ध एक हौं



श्रीमती शोभा लामा
ककनी, नुवाकोट

पुनर्स्थापित प्रतिनिधिसभाले गरेका घोषणामा अरु विषयमा म आफू केही वोल्दिँन । तर, हिन्दू अधिराज्य नेपालका सट्टा धर्मनिरपेक्ष राज्य भनी गरेको घोषणामा म पूर्णरुपले आपत्ति जनाउँछु । वुद्धिष्ट नागरिक समाजकी म केन्द्रीय सदस्य हुँ । यसैले हिन्दू हटाउँदा वुद्धवादीको गरिमा वढ्छ भन्ने भ्रम कतिपय वुद्धशिक्षा ग्रहण गर्नेलाई हुन सक्ला, मलाई त्यस्तो भ्रम छैन । वुद्धिष्ट नागरिक समाजको केन्द्रीय सदस्यसम्म भएकी हुनाले वौद्ध शिक्षा पढ्ने, संगत गर्ने र धम्मपद, त्रिपिटक सुत्तपिटकको दीघनिकाय हेर्ने या सुन्ने मौकाको उपयोग गरें ।

मनु, वृहस्पति, कणाद, गौतम, भृगु आदि धर्मका व्याख्याताले गरेका शैली र भावनासँग नवाझ्ने तर स्पष्ट गर्ने, व्यावहारिक वनाउने र धर्मको रक्षा हुने, धार्मिक जनसमुदायलाई सजग, सचेष्ट र संगठित राख्ने वातावरण पनि सिद्धार्थ गौतमले निर्माण गर्नुभयो । गौतम वुद्धले ठूलो तपस्याले प्राप्त गरेको ज्ञान र निर्वाणका लागि प्रयोग गरेका चिन्तन एवं साधन या अंग उनै हुन्, जे जस्ता साधन मनुले, कृष्णले, रामले, वशिष्ठले ज्ञान दिने वा लिने काममा सुझाए । इन्द्रियलाई वशमा राख्ने कुरा, सात्विक भोजनका कुरा, निर्भय विषयक कुरा, प्राणायाम अर्थात् श्वास-प्रश्वासमा होश राखेर वस्ने कुरा, धैर्य, क्षमा र सत्यका कुरा सनातन धर्मकै विषय हुन् । वास्तवमा महात्मा गौतम वुद्ध सनातन धर्मका व्याख्याता हुनुभएको हो । उहाँले दिएका युक्तियुक्त शिक्षा-उपदेश ग्रहणीय छन् । उहाँले छुट्टै धर्मस्थापना गरेको दावी गर्नुभएको पनि त छैन । सनातनधर्म भने पनि वुद्धधर्म भने पनि हिन्दूधर्म भने पनि अहिंसा, सत्य, प्रेम र करुणामा आधारित मानवधर्म नै हुन् । उज्यालोमा पुग्ने, उज्यालोमा

पुऱ्याउने आफू रक्षित हुने र अरुको पनि रक्षा गर्ने गराउने कामको कुशलता नै योग हो, तपस्या हो। योगीको चरित्र र भिक्षुको चरित्रलाई शैव, वैष्णव र वौद्धहरुले अध्ययन, चिन्तन र व्याख्याको विषय वनाएका छन्। ध्यान गर्ने विषय र ऋषि मुनिका कुरा र व्राह्मणको महत्ववारे महात्मा वुद्धले जुन व्याख्या गर्नुभएको छ, कतिपय त्यस्ता विषय गीता आदि उपनिषदका सारसँग मिल्छन्। कर्म र गुणलाई त्यस्मा महत्व दिइएको छ।

मलाई वुद्धिष्ट हुँ भन्न वा हिन्दू हूँ भन्न कुनै आपत्ति छैन। वुद्धका मन्दिरमा गणेश र विष्णुका मूर्ति पनि देखिन्छन्। देवी देवताका मूर्ति देख्न पाइन्छ। शिव, विष्णु र गणेशका मन्दिरमा पनि वुद्धका मूर्तिहरु पूजिएका हुन्छन्। भगवान् हृदयमा वस्छन्, मूर्तिपूजा उत्तम कोटीको पूजा होइन भन्ने कुरा श्रीकृष्ण परमात्माले पनि भन्नुभएको छ, महात्मा गौतम वुद्धले पनि भन्नुभएको छ।

धर्मनिरपेक्ष राज्यको घोषणा अर्थान्तरमा साम्प्रदायिक झगडाको घोषणा हो। ॐकार परिवारभित्र अनेकौं सम्प्रदाय पर्छन्। वैष्णव, शैव, शाक्त, गाणपत्य, कृष्णप्रणामी, श्रीवैष्णव, निम्वार्क, व्रह्मकुमारी, शिख, जैन जस्तै वौद्धमार्गी पनि एउटा सम्प्रदायमा पर्छन्। यी सवै वुझाउने एउटा रुढ या कुट नाम हिन्दू भनिएको हो भन्ने मलाई लाग्छ। वडामहाराज श्री ५ पृथ्वीनारायण शाहले नेपाललाई ४ जात छत्तीसवर्णको साझा फूलवारी पनि भन्नुभएको थियो। नेपाललाई असली हिन्दूस्थान पनि भन्नुभएको थियो। हिन्दूस्थान भन्ने शव्द हिन्दू वसोवास गर्ने पवित्र ठाउँ हो। प्राचीन गौरवको भारत एउटा संस्कृतिसँग सम्वन्धित छ। इण्डिया राजनीतिसँग सम्वन्धित छ। नेपाल सार्वभौम सत्तासम्पन्न स्वतन्त्र, शान्ति प्रिय हिन्दूराज्य हो। नेपालको परिचयमा हिन्दूत्व अभिन्न भएर गाँसिएको छ। नेपालमा इसाई, मुसलवान र अन्य आस्थामा विश्वास गर्ने सम्प्रदाय पनि निर्विघ्न रुपले आफ्ना आस्था, विश्वास र पुजाविधि पूरा गरेर स्वतन्त्रतापूर्वक रहने, वस्ने डुल्ने र घुम्नेलगायतका सवै धार्मिक अधिकार उपभोग गरेर वस्न पाएका छन्। त्यसरी वस्न पाउनु पनि पर्छ। धर्मनिरपेक्षतामा त्यो मर्यादा हुँदैन।

म नेपाल हिन्दू राज्य या हिन्दू अधिराज्य रहनुपर्छ भन्ने पक्षमा छु। जनसंख्या गणनामा मैले आफ्नो धर्म हिन्दू उल्लेख गरेकी छु। मलाई

मेरा मान्यजन, गुरुजनले हिन्दू स्वीकार गर्नुभयो। मैले आफूलाई हिन्दू भनेकी छु। हामी लामा जन्मना हिन्दू हौं भन्ने मेरो विश्वास छ।

म पहिला अहिन्दू भएर पछि हिन्दूकृत भएको होइन। हिन्दूहरु जवर्जस्ती धर्मपरिवर्तनमा विश्वास गर्दैनन्। मैले यो कुरा किन कोटयाएँ भने केही जनजातिका व्यक्तिलाई हिन्दूइतर भन्ने विवाद उठाउने र झगडा मच्चाएर आफ्नो राजनैतिक स्वार्थपूर्ति गर्ने र दूनो सोझ्याउने काम गरेका व्यक्ति पनि होलान्। आर्य भनेको सभ्य हो। सभ्य हुन नचाहने कोही हुँदैन। वेद-पाठी व्राह्मणले विश्वभरिका मानिसलाई आर्य वनाउने संकल्प गरेका छन्।

हामी सनातनदेखि हिन्दू कहलिएका व्यक्ति हौं। खिस्टीय मतका अंग्रेजले "फुटाऊ र शासन गर" भन्ने नीतिअन्तर्गत गुरुङ, मगर, राई, लिम्वू, लामाहरुलाई गैरहिन्दू भन्ने षडयन्त्र गरेका हुन्। त्यसैमा कुनै-कुनै नेता भनाउँदा फसेका पनि होलान्। धर्मका नाममा चलेका कुरीति, अन्ध विश्वास र आडम्वर फ्याँक्नुपर्छ। रामायण, महाभारत उपनिषद्, धम्मपद, त्रिपिटक यस्ता धर्मग्रन्थ छन् जस्ले धर्मको मर्म स्पष्ट गर्दछन्।

हामीले वोलेका कुरा फरक पारेर छापिदिने या समाचारै नदिने पत्रकार अलपत्रकार हुन्। सातदलका नेता अल्मलिए, भ्रममा परे, धर्म चिन्तन भएन र धर्मनिरपेक्ष राज्य घोषणा गरे। पार्टीका कार्यकर्ता नेताप्रति वफादार छन्। आफ्ना गुरुजन, नेताजनप्रति आस्था-विश्वास राख्नु राम्रो गुण हो। नेता नै अल्मलिएर कुवाटो लागे भने कार्यकर्ताले यो वाटो होइन, त्यो हो, त्यता हो भनेर खतरावाट वचाउनुपर्छ। नेताले वोलेका कुरा ठीक भए पनि वेठीक भए पनि प्रशंसा गर्ने र पछि लाग्ने गर्दा नेतालाई, देशलाई र जनतालाई धोखा हुन्छ। कार्यकर्ताले आफ्ना अन्तस्करणले दिएको आवाज सुनेर वोल्नुपर्छ। नैतिक मापदण्डमा धर्ममा अडान राखेर कर्तव्यपूर्ण जीवन यापन गर्नुपर्छ। मानिसभित्रको मानवता वोलोस्। टेपसरह अथवा मशिनसरह वोल्ने होइन। हृदय र मस्तिष्क भएको प्राणी हुँ भनेर वुझेर वोल्ने हो। धर्मनिरपेक्ष राम्रो भएको भए २०४८, २०५२ र २०५६ का निर्वाचनमा दलका घोषणापत्रमा कार्यकर्ताका गुनासामा एवं सडकआन्दोलनका नारामा नेपाल धर्मनिरपेक्ष राज्य होस् भन्ने माग प्रस्तुत हुन्थ्यो। कार्यकर्ता कठपुतली नवन। जनमुखी, न्यायमुखी, सत्यमुखी वन। ✡



अशोकमान वैद्य

धर्मनिरपेक्षताले आमाको चित्त दुख्यो

कर्मकाण्डीहरू नेवारभित्र पनि छन्, नेवार वाहिर पनि । हामी नेवारहरू यतिखेर संस्कृत त्यति जान्दैनौं । संस्कृत पढ्ने-पढाउने वातावरण विग्रँदै गयो, कहाँवाट कसरी शिक्षापद्धति त्यस्तो भयो, हामीहरू धेरैजसोलाई थाहा थिएन । वुढापाका नेवारहरूका घर संस्कृतमा लेखिएका र छापिएका ग्रन्थहरू छन् । नवदुर्गा, व्रह्मा, विष्णु र महेश्वरका चित्र देखिन्छन् । विष्णु, शिव, गणेश, सूर्य र दुर्गाको पूजा गर्ने चलन छ । नेवारहरू आत्माको अमरतामा विश्वास गर्छन् । गणेशमानसिंह, तुलसीमहेहर श्रेष्ठ, शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ यस्तै अमर नाम हुन् ।

देवी देवता संझाउने नाम नेवारका नामका अगाडि या पछाडि जोडिएको देखिन्छ । गणेश मन्दिरमा वुद्धमूर्ति या प्रतिमा वा तस्वीर टाँगेको देखिन्छ । सनातन धर्ममा नेवारहरूले ठूलो आस्था देखाउँदैआएका हुन् । गाई, गंगा, गण्डकी, तुलसी र भगवद्‌गीताप्रति नेवारले आदर भाव देखाँउदै आएका हुन् । ज्ञानभक्ति भित्रीभाव हुन् जो पुरोहितले पनि नवुझ्लान् । हिजोका दिनमा नेवारहरूले पनि संस्कृत पढ्थे । अमरकोश पद्यमा लेखेको शव्दकोशमा नेवारकै योगदान हो । नेवारका आफ्ना व्राह्मण, आचार्य, उपाध्याय पनि छन् । यस्तो अर्थ गुण र कर्मले पद या वर्गको सिर्जना भएजस्तै लाग्छ । भीमसेनको पूजा गर्ने नेवारहरु हुन् । नेवारी भाषाका लागिमात्र होइन- नेपाली भाषा, व्याकरण र साहित्यसेवामा जीवन अर्पण गर्ने सिद्धिचरण श्रेष्ठ, पारसमणि प्रधान र हृदय चन्द्रसिंप्रधानहरु हुन् । नेपाल भाषामा रहेका पर्याप्त संस्कृत शव्दहरु तत्सम र तद्‌भवका रुपमा यथेष्ठ प्रयोग भएका छन् । नेवारी सतम् वर्गभित्रै परेर त होला 'सच्चि' भनेको सय भएको । व्राह्मणलाई आदर गर्नुपर्छ भन्ने संस्कार हामीहरूलाई दिइएको थियो । आमावावु र गुरुलाई ढोग गर्ने, आदर गर्ने तथा उनीहरूको आज्ञा पालन गर्ने र अतिथिपाहुनाहरूको स्वागत सत्कार गर्ने कुरा हाम्रा आमावावुले हामीलाई अर्थ्याउँदै आएका हुन् । कर्मकाण्डी त व्यापारी जस्ता लाग्छन् ।

हामीलाई हिन्दू र गैर हिन्दू भन्ने थाहा छैन । धर्मनिरपेक्ष धर्मसापेक्षवारे अहिले कुरा चलेको सुनियो । जिज्ञासा पनि वढ्यो । रुढ या कुट भाषा रहेछ हिन्दू भनिएको । यसले दिने अर्थ र भाव हेरेर हामीहरू हिन्दू हौं भन्न सकिन्छ । हामी हिन्दू भएको मात्र होइन, हिन्दूत्वको जगेर्ना गर्न हाम्रा पुर्खाले त्यागतपस्या गरेको हामीलाई लाग्छ । मूल थलो कुन हो नेवार कहाँवाट आए, युरोपवाट या भारतवाट या उत्तरवाट त्यो महत्वपूर्ण कुरा होइन । जुन आधारले वाहुन क्षेत्रीहरूले आफूलाई हिन्दू भन्छन्, हामी नेवारहरूको पनि आधार त्यही हो ।

'थथाने सेना मगुराली' भनेको धार्मिक या सांस्कृतिक पद होइन । जातजाति वुझाउने यी अक्षरसमूह राजनीतिक उद्देश्यका लागि प्रयुक्त हुन् । थकाली, थारु, नेवार, शेर्पा, तामाङ मगर, गुरुङ र लिम्वु यी सवै आर्यसंस्कृतिका अनुयायी हुन् । यी सभ्य जात हुन् । थकाली, शेर्पा, गुरुङ र तामाङ हिमाली तपोभूमिका निवासी हुन् भने मगर हिमाली-पहाडी दुवै भागमा वसेर देवी-देवताको आराधना पूजा गर्ने सेवाव्रती हुन् । थारु गौतम वुद्धको राज्यखण्ड तराईमा वस्दछन् । यी सवै पवित्रभूमि नेपालका वासिन्दा हुन् र मन, वचन र कर्ममा पवित्रता धारण गर्ने साधनामा लागेका छन् ।

हो, केही नेवारले धर्मान्तरण गरे होलान्, त्यसो त कैयन् व्राह्मण क्षेत्री र शुद्रहरूले पनि धर्मान्तरण गरेका छन् । धर्मान्तरण गरेको जातजातिले होइन, व्यक्तिले हो । त्यसलाई विशेषीकरण भन्न मिल्छ साधारणीकरण गर्न मिल्दैन । हिन्दूधर्मका आदर्शका शिक्षा दिने गुरुस्वामीले युरोप र अमेरिकामा ठूलो प्रभाव पार्नुभएको छ । स्वामी विवेकानन्द, श्रील प्रभुपाद र महर्षि महेशले युरोप र अमेरिकाका ठूला-ठूला विद्वानलाई चेला वनाउनुभएको छ ।

उनीहरू चेला वन्न राजी भए र पो चेला वने । हिन्दू-दर्शन र धर्मशास्त्रमा त्यो क्षमता रहेछ र पो गुरुहरू, स्वामीहरूले त्यो खुवी देखाउनुभयो । गीतामा के छ ? वेदमा के छ ? स्मृतिमा के छ, धम्मपदमा के छ ? त्रिपिटकमा के छ ? हामीलाई थाहा छैन तर हामीमा अगाध श्रद्धा छ । आस्था र भक्ति छ । स्कूलकलेजमा धर्मशास्त्रको शिक्षाको व्यवस्था भएको भए हामीले जान्ने थियौं । हाम्रा सन्तानले जान्ने थिए । वेदव्यासले सजिलो सूत्र दिए "परोपकार पुण्य हो, अर्कालाई दुःख दिने काम पाप हो ।"

मलाई लाग्छ, राजनेता र कर्मचारीले घुस खाने, घुस माग्ने पाप हो । राज्यको धर्म हुन्छ । अख्तियार दुरुपयोग गर्नु पाप हो । अहिले अर्थ

बुझियो। उचित मूल्याङ्कन नहुनु, जनतामाथि अर्घेलो कर थोपर्नु, नेता, मन्त्रीले वढी सुविधा लिनु, गरिव जनताको गास काटेर सरकारप्रमुख या राष्ट्रप्रमुखले वढी र अनावश्यक सुविधा लिनु पनि पाप हो। यसले पीडा दिन्छ भन्नुभएको होला वेदव्यासले। यसैले राज्यको धर्म हुन्छ। राज्यले धर्मको उपेक्षा गर्नु लुटखसोट, ठगी, जालसाजी, झुठफरेवलाइं मान्यता दिनु हो। धर्मनिरपेक्ष भनेको धार्मिक न्याय होइन। धार्मिक समानता पनि होइन। राजनैतिक कपटमात्र हो।

यी सवै कुरामा मेरो जिज्ञासा र रुचि त्यतिवेला वढ्यो जव मेरी आमा कृष्णवदन वैद्य एकदम चिन्तित मनस्थितिमा देखिनुभयो। आमा के भयो ? किन उदासीन हुनुहुन्छ ? मोहडा किन पहेंलो हुन थाल्यो ? मुख सोहोरिएजस्तो भनेर मैले नेवारी भाषामा सोधें। नेवारी भाषामैं आमाले जवाफ दिनुभयो- '२०६३ साल ज्येष्ठ ४ गते सिंहदरवारको अधिकार लिएको सभाले अव नेपालमा हिन्दूधर्म राज्यको धर्म नरहने भनेर घोषणा गरेछ। एकादशीका दिन खसी काट्न थाले। अगि काट्दैनथे। केही समयपछि गाई काट्लान्। गाईको पुच्छर समातेर वैतरणी पार गर्ने कल्पना गरेकी म वूढीले गोहत्या अनि मानिसमा काटामार वढ्ला। त्यस्तो देख्न र सुन्न सक्दिन'।

मानिसले धर्म-संस्कृतिमा जिज्ञासा छोड्ला, वैराग्य छोड्ला, अधर्मले भए पनि सम्पत्ति जोड्नतिर लाग्ला। हरे ! शिव के-के सुन्न र के-के देख्न परेको ? मेरी आमाको त्यो पीडा घरघडेरी गुमेको, वाढी पहिरो पीडित व्यक्तिको भन्दा चर्को थियो। यत्रो दुनियाँ छ, अरु चिन्तित छैनन्। हामीसँग खानेवस्ने कुराको सुविधा छ, कमी छैन। के को चिन्ता ? आमाले फेरि भन्नुभयो, "वाचुन्जेल के खाऊँला, कहाँ कसरी वँसूला भन्नेमात्र हाम्रो चिन्ता होइन, छोरा। हामीले परलोकमा के गरौंला, मरेपछि कहाँ जाउँला ? हामी मर्दा हाम्रो देश नमरोस्। हाम्रो भेष नमरोस्। हाम्रो आदर्श नमरोस्। हाम्रा सन्तती परम्पराले धर्म थामून्। विश्वशान्तिमा योगदान गरुन्। इमान राखून्" कसरी यी कुरा पुग्लान् भन्नेकुराले मलाई व्यथित तुल्याएको छ।" आमाका यी कुरापछि मलाई लाग्यो "नेपाल धर्मसापेक्ष राज्य हुनुपर्छ।" पृथ्वीका कैयन् देशमा इस्लाम राज्य छन् र मानवअधिकार भोगेका छन्। नेपालले हिन्दूराज्य रहिआएको परम्परामा केही दोष थिएन। धर्मका नाममा आडम्वर, विकृति र शास्त्रविरोधी चलन छन् भने जान्नेसुन्नेले सुधार गरुन्। धर्म फाल्ने पाप या राज्यलाई धर्मनिरपेक्ष घोषणा गर्ने भूल र पापवाट राज्यसञ्चालक मुक्त रहुन्।

राजनीतिक दुराग्रहले पुराना अप्रासंगिक कुरा कोट्याएर नेवारलाई भड्काउनेहरूवाट धर्मप्राण नेवार कदापि भडकिने छैनन्। ✡

नेपाली जनता धर्मका लागि समर्पित छन्

—कमल सार्की

धर्मलाई धारणासँग जोड्न मिल्छ । आचारपद्धति, जीवनपद्धति र अरुसँग सम्वन्धित हुने धारणाको पनि अर्थ बुझ्न सकिन्छ । संस्कृति र धर्मगत चिन्तनवाट राजनीतिले प्रेरणा लिन सक्छ । कुनै दलगुटको स्वार्थका लागि जनता र राज्यले मानिआएको धर्मलाई हठात् झिकेर जनतामा धर्मनिरपेक्षता लाद्न मिल्दैन ।

लोकतान्त्रिक नाम दिइएको यो सभामा सातदलको सहभागिता भए पनि विरोधी दल नभएवाट दलीय निरंकुशता व्याप्त छ । सार्वभौमजनताका नाममा शासनसत्ता चलाउने संस्थाका व्यक्तिहरूले जनतालाई सोध्दै-नसोधी, जनताको आदेश वेगर नेपालको हिन्दूअधिराज्य स्वरुप हटाएर नेपाललाई धर्मनिरपेक्ष राज्यघोषणा गरेका छन् । यी हिजोका प्रतिनिधिले हिजो आफूले वोल्न, उच्चारण गर्न नसकेको सम्वदेनशील विषयलाई आज कसरी के आधारमा कुन नैतिक वलमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरे ? राजनीतिकवाद चयन गर्ने राजनीतिक परिपाटी निर्माण गर्ने काम दलका नेता र कार्यकर्ताको हुन सक्छ । धर्म राजनीतिक पार्टीले स्थापना गरेको विषय होइन र धार्मिक आस्थामा चोट पुऱ्याउने तिनीहरूको हक छैन । लहडमा चलेर वा नेतातन्त्रको आडमा नेपाललाई धर्मनिरपेक्ष राज्य वनाउन मिल्दैन । सत्ता, शक्ति र पैसाको वलमा धर्ममाथि प्रहार गर्नु पनि निरंकुश चरित्र देखाउनु हो । निरंकुश राणा शासक र निर्दलीय पञ्चायती शासकले पनि धर्ममा आक्रमण गर्न सकेका थिएनन् । ९० प्रतिशत ॐकार

सत्ता, शक्ति र पैसाको बलमा धर्ममाथि प्रहार गर्नु पनि निरंकुश चरित्र देखाउनु हो । निरंकुश राणा शासक र निर्दलीय पञ्चायती शासकले पनि धर्ममा आक्रमण गर्न सकेका थिएनन् ।

परिवारले वसोवास गरिआएको धर्मराज्य नेपालमा धार्मिक सद्भाव एवं साम्प्रदायिक सद्भाव जोगाइराखेका थिए । नेपालको सृष्टि भएदेखि नेपाल आर्य सनातन धर्मवाट शासित छ। धर्मपूर्वक राजनीति गर्दा हुन्छ। राजनेताको पनि धर्मनिष्ठा र नैतिकता हुंनैपर्छ ।

ऋषिमुनि, तत्वद्रष्टा, नीतिप्रणेता, तपस्वी साधकको शुद्ध मनजस्तो पण्डा पुजारी र पुरोहितको हुन नसकेको कारणले धर्मका नाममा अन्धविश्वास, कुरीति र शोषण भएको हुन सक्छ । धर्मको मर्म यो हो, त्यो होइन भन्ने धर्मसुधारक गुरु र तत्वदर्शीको काम हो । विकृति, विसंगति, कुरीति मेट्न पाइन्छ र शास्त्रार्थ गर्न पाइन्छ । तर धर्मै भुटि दिने, जनताका हितमा चल्नुपर्ने राज्यले जनताले मानेको परम्परागत धर्म फ्याँकेर राज्यले धर्मका सम्वन्धमा वास्ता चासो राख्दैन भन्न मिल्दैन । नेपालमा अहिलेसम्म राजसंस्था छ र प्रत्येक मन्तव्य, वक्तव्य, सन्देश, घोषणामा राजाले 'श्री पुशपतिनाथले हामी सवैको रक्षा गरुन्' भनेकै हुन्छन् । हाम्रा रीति, संस्कार, ध्यान, धारणा र भावनाको हामी जनताले नै परामर्श गर्ने हो, राज्यले हस्तक्षेप गर्नुपर्दैन ।

नेपाल हिन्दूराष्ट्र भएकोमा २ अरवभन्दा वढी सनातन धर्मावलम्वी गौरवान्वित थिए । हिन्दूराष्ट्र पनि नेपालको एउटा गौरव रहिआएको परिचय थियो । हिन्दूले मानवता, सच्चरित्रता, राष्ट्रियता र दैवी गुणका विशेषता झल्काउँछ। त्यो दिव्यता ग्रहण गरेर जनक, सीता र गौतम वुद्ध नेपालमा अवतरित भएका हुन् । सनकादि मुनि अठासी हजार ऋषिमुनि, सनाकादि महर्षि तथा नैमिषारण्यको उपदेश हाम्रा लागि ग्राहय छ। नारद, भृगु, वशिष्ट र आर्य समाजी चेतनाले हाम्रो मार्गदर्शन गर्छ । यसैले उपेक्षित, उत्पीडित र गरिवको कल्याण गर्ने निर्देशनसहितको हिन्दूराष्ट्र या हिन्दूराज्य हुनै पर्छ । जनादेशवेगर वा जनमतवेगर नेपाललाई धर्मनिरपेक्ष भन्नु र त्यस्तो घोषणा गर्नु घोर अन्याय हो । ✡

हिन्दूव्यवस्थामा राजतन्त्र

राप्रउ पोखेल

हिन्दूराजतन्त्रको कुरा गर्दा हाम्रा सम्मुख निरङकुश राजतन्त्रको चित्र प्रस्तुत हुँदै आएको छ । निरङकुश राजतन्त्रको विकल्पमा संवैधानिक राजतन्त्रको थालनी पश्चिम युरोपवाट सत्रौं शताव्दीदेखि भएको इतिहासले पुष्टि दिन्छ । हिन्दूराजतन्त्रवारे आजसम्म जेजति अध्ययनहरु भए तीमध्ये धेरैजसो आफ्ना मौलिक रुपमा नभई युरोपेली विद्वान्हरुले निकालेका निष्कर्षलाई जस्ताको तस्तै स्वीकार गर्ने क्रममा नै विकास हुँदैआएको देखियो । प्रस्तुत लेख हिन्दूसंस्कृतिअन्तर्गत राजतन्त्रवारे ओझेल भएका तर यससित सन्निहित मौलिक चरित्रलाई उद्घाटित गर्ने अल्प प्रयास हो ।

राजतन्त्रको अभ्युदय राज्यको सँगसँगै भएको पाइन्छ । राजतन्त्रका उत्पत्ति र यसको ऐतिहासिक विकासक्रममा देखापरेका समयानुकूल चरित्रगत परिवर्तन यस हिमाली उपमहादेशमा विशिष्ट रुपको देखिन्छ । युरोपेली भूमिमा राज्य उत्पत्तिका दैवी सिद्धान्त, शक्ति सिद्धान्त, सामाजिक संझौता अनि पछिल्लो समयमा विकासवादी सिद्धान्त प्रतिपादित गरिए । त्यहाँ सुरुमा राजतन्त्र गोत्र-समाज, गण सङ्घ हुँदै लोक आधारमा अभ्युदय भएको निष्कर्ष उन्नाइसौं शताव्दीको उत्तरार्द्धमा फ्रेड्रिक एन्गेल्सले (सन् १८८४) आफ्नो प्रसिद्ध पुस्तक 'परिवार, निजी सम्पत्ति तथा राजसत्ताको उत्पत्ति'मा निष्कर्ष निकालेका छन् । ई.पू. छैटौं-पाँचौं शताव्दीमा इरानी साम्राज्यको विस्तार र पछि रोमन साम्राज्यले राजसंस्थाको निङ्कुशतालाई सँगसँगै स्थापित गरेको पाइन्छ । लोककल्याणभन्दा आफ्नो ऐश्वर्य र समृद्धिनिम्ति प्रजामा शासन गर्ने निरङ्कुश राजतन्त्रलाई सुदृढ पार्न मजहव वा रिलिजनमा आधारित सामाजिक संरचनालाई प्रश्रय दिन थालिएको थियो । रिलिजनको नाममा यहुदीवादले खडा गरेको मानवताविरोधी निरङ्कुश राज्यशासनअन्तर्गत सामान्य जनउत्पीडनमा थिचिन पुगे । यसै पृष्ठभूमिमा प्रेम, करुणा जस्ता मानवीय मूल्यका व्यवहारद्वारा ती उत्पीडनलाई मलम लगाउने

क्रिश्चियानिटीको अभ्युदय भएको थियो । यहुदीवादलाई असहनीय हुन गयो र यशुखिष्ट सलीवमा भुण्ड्याइए ।

क्रिष्टियनिटी (धर्म ?) मध्यपूर्व र युरोप भूमिमा इसाको प्रथम शताव्दीदेखि एउटा आन्दोलनकै रुपमा चल्यो । तर ईसाको सातौं/आठौं शताव्दीदेखि इस्लामको जेहाद (धर्मयुद्ध ?) ले क्रिष्ट्यनिटीलाई मध्यपूर्वमा त विस्थापित गऱ्यो नै, युरोपका केही भागमा पनि यसले सङ्कटयुक्त चुनौती दियो । यो नयाँ परिस्थितिसित जुझ्न क्रिष्टियनिटी रक्षात्मक स्थितिमा पुग्यो । त्यसनिम्ति (ईसाइमठ) ले आवश्यक संरक्षण र सहयोग प्राप्त गर्न राजसत्तालाई आफ्नो प्रभावमा लिई यसलाई व्यापक प्रयोगमा ल्याउन थाल्यो ।

मुस्लिम साम्राज्यको विस्तार र त्यसलाई स्थायित्व दिने आधार मजहव (धर्म ?) देखिन्छ । यसै तथ्यवाट सिको लिई पोर्चुगाली, फ्रान्सेली र अङ्ग्रेजहरुले आ-आफ्ना उपनिवेश कायम गर्न र त्यसलाई स्थायित्व दिन चर्चको सहयोग लिन पुग्छन् । यसको पुष्टयाइँ व्रिटिस साम्राज्यले भारत र अफ्रिकामा शासन गर्दा चर्चले खेलेको भूमिकाले दिन्छ । यसरी क्रिश्ट्यन मठले राजसत्तासित जोरिएर दुई प्रमुख भूमिकानिर्वाह गरेको देखिन्छ ।

१. इस्लामको 'जेहाद' वाट क्रिष्ट्यनिटीको रक्षानिम्ति राजसत्ताको प्रयोग गर्नु तथा
२. राजसत्तालाई साम्राज्यविस्तार र स्थायित्वनिम्ति क्रिष्ट्यनिटीको प्रचार-प्रसार र अन्य क्रियाकलापद्वारा सहयोग पुऱ्याउनु ।

चर्चको यस दोहोरो भूमिकाले कालान्तरमा अन्याय, शोषण र उत्पीडनलाई वढाउन मद्दत गऱ्यो । साथै, यो प्रगतिवाधकसमेत हुन पुग्यो । मानव-कल्याण र समुन्नतिनिम्ति गरिने वैज्ञानिक अनुसन्धान र चिन्तनहरु चर्चलाई असह्य हुन गए । पूर्वकालमा जिससले युहदीवादको शिकार हुनु परी सूलीमा चढ्नुपरेको पुनरावृत्ति यहाँ क्रिष्ट्यन चर्चको कोपभाजन यसपटक कपर्निकसका अनुयायी वैज्ञानिक ज्योरदानो व्रुनोले स्टेकमा जिउँदै अग्निदाहको दण्ड वेहोर्नुपऱ्यो । ग्यालिलियो ग्यालिलिजस्ता युगा निर्माता वैज्ञानिकले आफ्नो नवीन अनुसन्धानवापत मृत्युदण्डवाट जोगिन वैटिकन (धर्म र राज्य दुवैका प्रमुख) समक्ष क्षमायाचना माग्नुपऱ्यो । यी

केहीमात्र उदाहरण हुन्। क्रिष्ट्यनिटीमा अर्थोडक्स र क्याथोलिक पन्थको मठवाद त्यसैका संस्थागत रुप हुन्।

अठारौं शताब्दीको पूर्वार्द्धदेखि थालनी भएको औद्योगिक क्रान्ति अघिल्लो दुई शताब्दीको पुनर्जागरणले खडा गरेको वैचारिक एवं भौतिक पूर्वाधारहरुकै परिणाम थियो। स्वतन्त्रता, समानता र भ्रातृत्वको अवधारणा राजनीतिक-सामाजिक नाराको रुपमा ठाउँ लिन पुग्यो। 'रिलिजन' क्षेत्रमा समेत क्रिष्ट्यनिटीको अर्थोडक्सन र क्याथोलिक पन्थविरुद्ध प्रोटेष्टेण्टपन्थ विद्रोहीको रुपमा देखापर्‍यो। यस पन्थले रिलिजनलाई राजनीति र राजसत्तावाट छुट्याउने सेक्युलर कन्सेप्ट (धर्मनिरपेक्ष ?) को वकालत गर्‍थ्यो। यति हुँदाहुँदै पनि क्रिष्ट्यन राज्यको रुपमा संयुक्त अधिराज्य (व्रिटेन) र रोम (इटली) अद्यापि रहेका छन्। सराहनीय कुरा के छ भने यी राज्यहरुमा अन्य धर्मावलम्वीप्रति सहिष्णु रही राज्यले भेदभावरहित व्यवहार भने गर्दै आएको छ। तर अर्कोतिर युरोप र अमेरिकी महादेशवाहेकका खास गरी एसियाली मुलुकहरुमा उपनिवेशको अन्त्य भैसक्दा पनि यस शताब्दीको अन्तिम दशकसम्म चर्चहरु ती पश्चिमी नवउपनिवेशवादीहरुको स्वार्थसिद्ध गर्न सक्रिय रहँदैआएको यत्रतत्र देखिन्छ। आज धर्मनिरपेक्षताको जुन स्वर तिनीहरुवाट सुनिदै छ, त्यसको यौटै अभिप्राय पिछडिएका जनसमुदायलाई अनेक थरीको प्रलोभन देखाई क्रिष्ट्यन मतमा धर्मपरिवर्तन गराउनु हो र यसद्वारा तिनलाई पश्चिमी प्रभावप्रति अभिभूत गराई नव-साम्राज्यवादलाई आरोपित गर्नु हो।

अव यस हिमालीय उपमहादेशमा राजतन्त्रको अभ्युदय र यसका मौलिक चरित्रलाई हेरौं। हिन्दू राजतन्त्रको उत्पत्ति र यसको स्वरुपवारे वैदिक वाङमय र पौराणिक साहित्यहरुमा स्पष्ट र राम्रै गरी उल्लेख गरिएको पाइन्छ। राजाको उत्पत्तिवारे महाभारतले जुन उल्लेख गरेको छ, यो यथार्थपरक देखिन्छ नै साथै यसले यी भूभागको प्राक इतिहासको महत्वपूर्ण तथ्यलाई पनि उद्घाटित गर्छ। यो तलको उद्धरण हेरौं।

न वै राज्यम् न राजाऽसिन्न च दण्डको न दण्डिक:
धर्मेणैव प्रजा सर्वा रक्षन्ति स्म परस्परम्।

(महाभारत शा.प. ५८/१४) जसको भावार्थ हुन्छ- कृत युग वा त्योभन्दा पनि पहिले कोही राजा थिएन, कुनै राज्य थिएन, कोही दण्ड दिने

थिएन र कोही दण्डित थिएन। केवल धर्म (आफ्नो अस्तित्वको नियम !) द्वारा एक-अर्कावाट रक्षित हुन्थे।

व्यवस्थित कृषि-कार्यको थालनीवाट समाजमा सम्पत्ति सङग्रह गर्ने प्रचलनले पनि सँगसगै ठाउँ लिन पुग्छ। यसले लोभवश अर्काको धन खोस्ने, वलियोले निर्धामाथि प्रभुत्व जमाउने व्यहार देखिन थाल्यो, जसले मत्स्यन्याय अर्थात् शासनविहीनताको स्थिति देखापऱ्यो। यसले त्यस कुल वा गणको आपसमै कहल भै विनाश हुने भयो। त्यस सङ्कटपूर्ण अवस्थालाई वुझेर ती कुल वा गणका सवै सदस्यहरु भेला भई समाजलाई व्यवस्थित रुप दिई गतिशील वनाउन आपसमा नियम र आचारसंहिता तैयार गरी स्थिति वसाले। उक्त दण्डसंहिताअनुसार समाज-व्यवस्था चल्न थाल्यो। यसरी गणराज्यका नागरिक राज्यको गुप्तचर वा दूतको काम गर्ने, राज्यको लागि गुप्तमन्त्रणा गर्ने विधान वनाउने तथा राज्यको कोषसङ्ग्रह गर्ने जस्ता काममा सदा उद्यत रहने हुंदा सवैतिरवाट तिनको उन्नति भैरहने देखियो। (म.भा. शाप १०७/१९)

समाजमा जहाँ उत्पादन र वितरण प्रणाली व्यवस्थाजन्य छ। त्यहाँ दण्ड अर्थात् शासनव्यवस्था आवश्यक छ, अन्यथा अराजकता भई त्यो समाज नै नष्ट हुने कुरा अनुभवले नै अङ्गीकार गरी राजाको स्थापना गरेको र उसको अधिकार एवं कर्तव्य प्रचलित धर्मानुकूल निर्धारण गरेको देखिन्छ। ऋग्वेदको अङ्ग ऐतरेय व्राह्मणले यसको पुष्टि गर्दछ (देवासुर सङ्ग्रामको सन्दर्भमा) ती देवहरुले परस्परमा भने हामीहरुका राजा नभएका कारण असुरहरुले हामीलाई पराजित गर्छन्। त्यसर्थ हामी आफ्नो राजा वनाऔं। सवै (देवहरु) ले भने- यस्तै होस्। तिनीहरुले सोमलाई आफ्ना राजा वनाए। ऐ.व्रा ३/३/१४ यसै पृष्ठभूमिमा महाभारतले वेनकुमार पृथुको आख्यान (द्रोणपर्व ६९) प्रस्तुत गरेको छ। भागवत पुराणले पृथुलाई आदिराजा मानेको छ। आदि राजा पृथुले लोकको कल्याण र समुन्नतिनिम्ति प्रचलित सामाजिक व्यवस्थालाई नै नयाँ दिशा प्रदान गरेको उपर्युक्त पुराणले (भा.पु. ४/११,१२) विस्तारमा उल्लेख गरेको छ। त्यस प्राचीनकालको समाजमा जव सामाजिक व्यवस्था र यसको मूल्य-मान्यता परिवर्तन भैरहेको अवस्थामा संगठित शासन नहुँदा जुन विनाश तिनले देखे, त्यसवाट एउटा शक्तिशाली शासकको आवश्यकता अनुभव गरियो। शासक (राजा)

को प्रभावकारितालाई कायम राख्न, त्यसको औचित्यलाई अनेक आलंकारिक भाषामा उल्लेख गरिएको पाइन्छ। ऐतरेय ब्राह्मणको राज्याभिषेक प्रकरणले यसको पुष्टि गर्दछ।

"यस (वेदमयी) आसन्दीमा आसीन राजाप्रति राजा वनाउने पुरोहितहरुले भनून्- 'गुणाख्यानको घोषणाले रहित क्षत्रीय पराक्रम गर्ने योग्य हुन सक्तैन' (त्यसर्थ) यी राजाका गुणहरुको हामी सवै कीर्तन गरौं। यस्तै गरौं भनी ती सवैले राजाको यसरी गुणगान गर्दछन्-

'हे मनुष्यहरु, हामी सवैजना यी राजाका गुणहरुको कीर्तन गर्दछौं जो सम्राटस्वरुप र साम्राज्य गर्ने योग्य छन्, जो भोक्ता, भोक्ताहरुका पालक, स्वराजस्वरुप, स्वराज्य गर्ने योग्य, विराटस्वरुप प्रभुत्व प्राप्त गर्न योग्य, प्रजापति स्वरुप, प्रजापतिको पदको अनुभव गर्ने योग्य, राजा र राजाहरुका पालक। (ऐ.ब्रा. ३९./३/१७)

प्रजापति मनु भन्छन्- समस्त संसार दण्डको वशीभूत छ। पवित्र तथा साधुपुरुष विरलै हुन्छन्। दण्डको भयले नै संसारका सवै प्राणीहरु आ-आफ्ना भोग भोग्न समर्थ हुन्छन् (मनुस्मृति, ७/२२)। देव, दानव, गन्धर्व, राक्षस, पक्षी तथा नाग गण (यी सवै देवयोनिका देखिन्छन्) ले पनि दण्ड-भयले पीडित भएर नै सांसारिक शुद्ध नियमहरुको पालना गर्दै रहन्छन्। (मनु ६/२३)। यदि दण्डको उपयोग भएन भने सवै वर्ण दूषित हुनेछन्। सवै वन्धन टुट्नेछन् र सवै जनहरुमा लडाइँ हुन जानेछ। (मनु ६/२४) दण्ड यौटा महान् तेज हो। शास्त्रको ज्ञान राख्ने साधारण मनुष्यको लागि यसलाई धारण गर्न कठिन पर्छ। यसले विधर्मी राजालाई आफ्ना भाइवन्धुसमेत नष्ट गर्छ। वेन, नहुष, पिजवानका छोरा सुदास, सुमुख तथा निमी यी सवै अविनयले नष्ट भए (मनु ७/२८/४१)

माथिका विश्लेषण र उद्धरणहरुवाट के देखियो भने राजाको उत्पत्ति सामाजिक विकासको क्रममा यसका आफ्नै आवश्यकताले भएको थियो। मनुष्य समाजको थिति र गतिशीलतालाई कायम राख्न सामाजिक युगअनुसारको आर्थिक, राजनीतिक प्रणाली र त्यसलाई नेतृत्व दिने शासक वा शासनव्यवस्था आवश्यक पर्ने शर्त रहेको आजसम्मको मनुष्य समाजको इतिहासले देखाउँछ। अव राजाको स्थापना हुँदा त्यससित के-कस्ता कर्तव्यहरु समाजले निरुपित गरेको

रहेछ र राजा ती कर्तव्य पालना गर्ने धर्मअन्तर्गत कसरी वाँधिएका छन्, त्यसतर्फ विचार गरौं ।

हिन्दूसमाजमा राजा वा शासकको स्थिति सुरुदेखि अधिनायक तर धर्मद्वारा (आजको अर्थमा संवैधानिक स्थिति) नियन्त्रित गरिएको छ । त्यसर्थ निरङ्कुश अधिनायकको स्थान यस समाजमा छैन । यसको पुष्ट्याइँमा तलका उद्धरणहरु छन् । आदिराजा पृथु भन्छन्-

अहं दण्डधरो राजा प्रजानामिह योजितः ।
रक्षिता वृत्तृदः श्वेषु सेतुषु स्थापिता पृथक् ।। (भा. पु. ४/२/२२)

जसको भावार्थ हुन्छ- यस लोकमा मलाई प्रजाजनको शासन, तिनको रक्षा, तिनको आजीविकाको प्रवन्ध तथा तिनलाई अलग-अलग मर्यादामा (कानुनी राज्यको अवधारणाले) राख्नका लागि राजा वनाइएको हो ।

राजा शव्दको उत्पत्ति नै प्रजालाई रञ्जना गर्ने अर्थमा भएको देखिन्छ । आदिराजा पृथूले समस्त प्रजाको रञ्जन गरेका थिए, त्यसर्थ उनी राजा कहलिए, (म.भा.शा.प.५९/१२५) । राजाले कुनै कुरामा पनि स्वेच्छाचारी वनी निर्णय गर्न पाउँदैनन् । अतः गुरुजन र अमात्यवर्गले मर्यादालाई निर्धारण गरुन् (किनभने) तिनैले राजालाई अनर्थकारी कार्यवाट रोक्तछन्" (कौटिल्य अर्थशास्त्र १/३/६/२) । राजा धर्मद्वारा कसरी वाँधिएका छन्, कौटिल्य अगाडि भन्छन्- प्रजाको सुखमा राजाको सुख र प्रजाको हितमा राजाको हित छ । आफैंलाई राम्रो लाग्ने कार्य गर्न राजाको हित छैन तर राजाको हित त प्रजाजनलाई राम्रो लाग्ने कार्य गर्नमा छ (कौ.अ. १/१४/१८)

श्रीमद्‌भागवत पुराणले अझ एक पाइला अघि वढेर उल्लेख गर्छ- यौटा वेश्याले आफूकहाँ आउनेसित अव धन छैन भन्ने वुझेपछि जसरी फट्कारेर पठाउँछे त्यसरी नै प्रजाले जव राजाले हाम्रो पालन र रक्षा गर्न सक्तैन भन्ने देख्तछ, त्यसवेला उसले राजाको साथ छाड्छ अर्थात् उसलाई त्यस स्थानवाट निष्काशित गर्दछ (भा.पु.१०/४७/७) । सोही पुराणको एक अर्को ठाउँमा वसुदेव आफ्नो दुवै छोरा वलराम र कृष्णलाई भन्छन्- पृथ्वीको भारभूत (प्रजाको रक्षा र पालना नगर्ने) राजाहरुको नाशको लागि नै तिमीले अवतार ग्रहण गरेका हौ (भा.पु.१०/८५/१८) ।

कर्तव्यच्यूत राजा वा शासकलाई के संज्ञा दिने हो र त्यसलाई कसरी दण्डित गर्ने भन्ने विषयमा महाभारतले यस्तो निर्देश दिन्छ ।

अरक्षितार हर्तारं विलोप्तारमनायकम् ।

तं वै राजकलिं हुन्युः प्रजा सन्नह्य निर्धृणम् ।

म.भा/अनु.प. ६१/३२ अर्थात् जसले प्रजाको रक्षा गर्दैन केवल उसको धन लुट्ने काम गर्दछ तथा जससित कुनै नेतृत्व गर्ने मन्त्री छैन, त्यो राजा होइन कलियुग हो । समस्त प्रजाले उसलाई बाँधेर मार्नुपर्दछ ।

अहं वो रक्षितेत्युक्त्वा यो न रक्षति भूमिपः ।

स संहन्य निहन्तव्यः श्वेव सोन्माद आतुर ः।। (मभा।अनु.प.।६१।३३)

भावार्थ- जुन राजाले प्रजालाई म तिमीलाई रक्षा गर्दछु भन्दछ तर तिनको रक्षा गर्दैन, त्यो राजा बहुला र रोगी कुकुरझैं मारिने योग्य छ ।

हिन्दूसंस्कृतिका आदर्श चरित्र मर्यादा पुरुषोत्तम रामचन्द्रले प्रजाको इच्छाको पालनार्थ आफ्नी एकमात्र पत्नी प्राणप्यारी सीताको त्याग गर्नु त्यसै परम्पराको निर्वाह हो । नेपालमा पनि यहाँका शासकहरुले वैदिक र पुराणकालदेखिका ती परम्परा अनुकूल कर्तव्यहरु निर्वाह गर्दैआएको यदाकदा पाइन्छ । पृथ्वीनारायण शाह र प्रजातन्त्रको स्थापना २००७ को समयमा श्री ५ त्रिभूवनको शाही घोषणा त्यसै परम्पराका कडी हुन् । पृथ्वीनारायण शाहले कालु पाण्डेलाई कजाई (प्रधानमन्त्री) दिदा 'मेरा मनमा ता विराज वखेतीलाई कजाई दिन आँटेको थियो.... दुनियाँवाट पनि कालु पाण्डेको चाह रहेछ र कालु पाण्डेलाई कजाई दिनु भया हामी दुनियादारमा छहारी रहदा हो भन्या सल्लाह थिया वाइसी चौविसीवाट पनि कालु पाण्डेकै चाह रहेछ र कालु पाण्डेलाई कजात्रि भया" (पृथ्वीनारायण शाह दिव्य उपदेश)

हिन्दूराजतन्त्रको जुन चरित्र र स्वरुप आज देखिएको छ, यो मध्ययुगीन सामन्तीय आर्थिक, सामाजिक व्यवस्थाअन्तर्गतको सर्वसत्तावादी शासनले ल्याएका विकृतिहरु हुन् । मध्यकालीन भारतका अर्थात् मुस्लिम शासनकाल सामन्तीय प्रणालीको उत्तरार्द्धको काल थियो । यस व्यवस्थाले समयानुकूल गतिशील भूमिका पूरा गरिसकेको थियो । अव यस व्यवस्थामा समाजलाई विकासको गति दिने सम्भावनाहरु निखिसकेका थिए । त्यस परिप्रेक्ष्यमा यथास्थितिवादीहरु यस व्यवस्थालाई अड्याइराख्न हिन्दूधर्मलाई त्यसअनुरुप व्याख्या गर्ने, धर्मको नयाँ मानदण्ड कायम गर्ने कार्यहरु भए ।

धर्मशास्त्रका रुपमा रहेका स्मृतिग्रन्थहरु, पुराणहरु, महाभारतजस्ता ग्रन्थहरुमा उल्लिखित उद्देश्यलाई सघाउने किसिमले थपघट र संशोधनहरु गरिएको अनुमान हुन्छ । राजतन्त्र पनि लोकको कल्याण र रक्षाभन्दा आफ्नो ऐश्वर्य र भोगविलास वढाउनेतर्फ वढी प्रवृत्त हुन पुग्यो । यी कार्यहरुले राजतन्त्र निरङ्कुशतातर्फ वढ्न अवश्म्यभावी थियो । ती अधर्मयुक्त कार्यहरु आफ्नो स्वार्थसाधननिम्ति धर्मयुक्त ठहऱ्याउने किसिमका मनोविज्ञान जनमानसमा सृजना गर्न तदनुकूल प्रचार-प्रसारद्वारा धर्मको नाममा पाखण्ड फिंजाइयो ।

यसै परिप्रेक्षमा इस्लामको जेहाद (धर्म युद्ध ?) ले हिन्दूसंस्कृतिलाई तलवारको धारमा धर्मपरिवर्तन गराउने जस्ता कार्यहरुवाट सङ्कट आइलाग्दा आफ्नो अस्तित्वको रक्षार्थ धर्मले कट्टरवादको ठाउँ लिन सहजरुपले मलजल पाउनु थप ऐतिहासिक कारण हुन पुग्यो । परिणामतः यो संस्कृति र धर्म आफ्नो गतिशील एवं लोक कल्याणमुखी उच्चतम मानवीय मूल्यहरुवाट क्रमशः विमुख हुँदै गयो । यसको साटो उँचनीचमा आधारित जातिभेद, छुवाछुत, दलितमाथि थिचोमिचो, वालविवाह, सतीप्रथाजस्ता कुरीतिहरुले ठाउँ लिन पुगे । राजतन्त्रले पनि निरङ्कुश अधिनायकवादी चरित्रमा क्रमशः आफूलाई ढाल्दै लग्यो । यी सामाजिक कुरीति र पछिल्लो चरणको निरङ्कुश अधिनायकवादी राजतन्त्रको चरित्रलाई नै हिन्दूधर्म र संस्कृतिको मौलिकतासँग जोर्ने काम भयो । तथाकथित व्राम्हणवाद त्यही कुरीतियुक्त पर्यावरणको उप-उत्पादन थियो । पाश्चात्य विद्वान्हरुले यिनै दुर्गुण र विकृतितर्फ सङ्केत गर्दै हिन्दूराजतन्त्रको निरर्थकतालाई अघि सारे । यसै पृष्ठभूमिमा तिनले आफ्नो औपनिवेशिक शासनसत्ताको औचित्यलाई पनि प्रस्तुत गर्दै आए ।

भारतभूमि ठीक अर्थमा अठारौं शताव्दीको उत्तरार्द्धदेखि मात्र पराधीन हुन पुग्यो । नेपालले कहिल्यै विदेशीको अधीनमा रहनु परेन । तर वैचारिक वा मानसिक रुपमा यसलाई अंग्रेजी शासनले अत्यधिक प्रभाव पाऱ्यो । यस पाश्स्चात्य प्रभावी विचारले हिन्दूसंस्कृतिलाई अवैज्ञानिक, क्रुरतामा आधारित, मूर्तिपूजक, जातपातले कुलीन र नीच संस्कार लिएको निकृष्ट संस्कृतियुक्त सामाजिक व्यवस्थाको चित्रण गऱ्यो । यद्यपि मुस्लिमहरु पनि जातको आधारमा जुलहा, तेली, ठाकुर, शेख,

सैयद आदिद्वारा अजलाफ र शरीफ (नीच र कुलीन) मा विभाजित थिए जुन अद्यापि त्यस समाजमा देख्न सकिन्छ । यो विभाजन त्यस समाजको आफ्नै विसङ्गतिपूर्ण व्यवस्थाले जन्माएको थियो । मुस्लिम भाइचारा मस्जीदको हाताभित्र सीमित हुन पुग्यो । युरोपेली समाजमा पनि प्रच्छन्न रुपमा यो उँचनीचको भेद अद्यापि फाट्टफुट्ट देखिन्छ । यस हिमाली उपमहादेशीय संस्कृतिको वैज्ञानिक अध्ययनको थालनी पाश्चात्य विद्वान्हरुवाट नै भएको हो । आधुनिक ज्ञान-विज्ञानको अध्ययनको श्रेय त्यस अंग्रेजी शिक्षा पद्धतिलाई नै जान्छ । तर ती पाश्चात्य विद्वानहरुको निष्कर्षलाई त्यसै रुपमा स्वीकार गरिनु वैचारिक दासताकै परिणाम हो । यसले हिन्दूसंस्कृतिको रुढीलाई नकेलाई यसको विकृतिको तस्वीर प्रस्तुत गरेर भ्रम खडा गर्न ठूलो मद्दत पुऱ्यायो ।

अर्कोतिर यहाँका जडसुत्री विद्वान्हरुले पनि राजतन्त्रको मौलिक स्वरुपलाई विकृत पार्न जानी नजानी अहम् भूमिका खेलेका छन् । नियन्त्रित अधिनायक (वैधानिक राजतन्त्र) लाई तिनै शास्त्रीय प्रमाणहरुद्वारा गलत ढङ्गले निरङ्कुश अधिनायकको रुपमा सिद्ध गर्न पुगे । राजालाई इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र तथा कुवेर यी आठै देवताहरुका सारअंश लिएर प्रजापतिले वनाएको हो । (मनुस्मृति ७/४) राजा विष्णुका अवतार भनी चित्रण जुन परिप्रेक्षमा गरियो र जुन आवश्यकतालाई लिएर गरियो, यो राजतन्त्रको प्रारम्भिक काल थियो साथै प्रजाको रक्षा र पालन गर्ने हुँदा विष्णुसमान उपमा दिइयो । यस्तो मनोविज्ञान प्रजाजनमा नदिँदा प्रजामा प्रभावी शासन गर्न नसक्ने स्थिति थियो । अत: राजाको व्यक्तित्वलाई देवत्वको अंशको रुपमा भव्य चित्रण गरिएको थियो । वास्तविक रुपमा विष्णुकै अवतार भएदेखि ती अन्यायी हुने थिएनन् र मारिने कुरा पनि आउँदैनथ्यो । राजाको असामान्य व्यक्तित्वलाई मनु यसरी उल्लेख गर्छन्- राजाले सूर्यको भाँती, आँखा तथा मनलाई सन्तप्त गर्दछ । अतएव संसारमा कुनै पनि मनुष्य उसका सम्मुख आँखा ठाडो पारेर हेर्न सक्तैन, (मनुस्मृति ७/६) वासुदेव श्रीकृष्ण पनि ईश्वरावतार हुन् । श्रीकृष्णलाई अलौकिक मानी चित्रण नगरिएको भए उनका ती क्रान्तिकारी कार्यहरुले ठाउँ पाउनेमा शङ्का छ । श्रीकृष्णले जसरी कर्मवादको वकालत गरी

अन्धविश्वास र भाग्यवादको खण्डन गरे, त्यो आफैमा प्रकाण्डकारी कार्य हो । केही उदाहरण श्रीकृष्ण व्रजभूमिमा रहँदा इन्द्रयज्ञ त्यस समाजनिम्ति निरर्थक भैसकेको देखिन्छ । त्यसै तथ्यलाई हृदयङ्गम गरी इन्द्रयज्ञको साटो गोवर्द्धन (गोपालक समाज हुँदा गाईको वृद्धिनिम्ति) यसको अनुष्ठान सुरु गर्न नन्दवावालाई अनुरोध गर्छन्- शत्रुर्मित्रमुदासीनः कर्मैव गुरुरीश्वर (भा.पु. १०/२४/१७) अर्थात् आपनो कर्मको अनुसार नै यो शत्रु हो, यो मित्र हो र यो उदासीन छ र यस्तो व्यवहार गर्दछ । कतिसम्म भनूँ कर्म नै गुरु हो, कर्म नै ईश्वर । उनी अगाडि भन्दछन् । यदि कर्मलाई सवै कुरा नमानेर त्यसदेखि भिन्न जीवको कर्मफल दिने ईश्वर माने पनि उसले कर्म गर्ने व्यक्तिलाई उसको कर्मअनुसार नै फल दिन्छ, कर्म नगर्नेमाथि ईश्वरको सत्ता चल्न सक्तैन (भा.पु १०/२४/१७) अर्थात् कर्म नै गुरु हो, कर्म नै ईश्वर । उनी अगाडि भन्छन् । यदि कर्मलाई सवै कुरा नमानेर त्यसदेखि भिन्न जीवनको कर्मफल दिने ईश्वर माने पनि उसले कर्म गर्ने व्यक्तिलाई उसको कर्मअनुसार नै फल दिन्छ, व्यक्तिलाई उसको कर्मअनुसार नै फल दिन्छ, कर्म नगर्नेमाथि ईश्वरको सत्ता चल्न सक्तैन (भा.पु. १०/२४/१४) । नन्दवावालाई उनी पुनः स्पष्ट गर्छन्- यस संसारको स्थिति, उत्पत्ति र अन्तको कारण क्रमशः सत्वगुण, रजोगुण र तमोगुण छन् । यो विविध प्रकारको सम्पूर्ण जगत स्त्रीपुरुषको संयोगले रजोगुणद्वारा उत्पन्न हुन्छ । त्यस्तै रजोगुणको प्रेरणाले मेघगणले सवैतिर जल वर्साउँछ । त्यसैवाट अन्न र अन्नवाट जीवहरुको जीविका चल्दछ । यसमा इन्द्रको के सरोकार र लिनुदिन छ र ? उसले यसमा के गर्न सक्छ र ? (भा.पु.१०/२४/२२,२३)

श्रीकृष्णले सदा लोककल्याण र समुन्नतिलाई सत्य र धर्मको मानदण्ड माने । धर्मको नाममा अत्याचार र पाखण्ड गर्ने राजाहरुको उनले विनाश गरे । ईश्वरावतारको रुपमा कृष्णको वाललीलालाई अतिरञ्जित गरी अलौकिकता नदिएको भए कृष्णले ती युगान्तकारी कार्यहरु गर्न सम्भव थिएन र धर्मभीरु अन्धविश्वासी जनहरुवाट समर्थन मिल्ने थिएन । तर सङ्कीर्ण र अल्पदृष्टि राख्ने विद्वान्हरुले हिन्दूव्यवस्थाका यी पक्षहरु र राजतन्त्रका मौलिक स्वरुपलाई अलौकिकता प्रदान गरी यसलाई परोक्षरुपले

निकृष्ट सिद्ध तुल्याउनमा तिनै पाश्चात्य निष्कर्षहरुलाई अर्को किसिमले मद्दत पुऱ्याउँदै आएका छन् ।

कुनै पनि आर्थिक, राजनीतिक प्रणाली र सामाजिक व्यवस्था सधैको लागि नभई विकासको चरणअनुकूल तिनको ऐतिहासिक भूमिका रहने गरेको हुन्छ । सामन्तीय प्रणाली र पूँजीवादी अर्थतन्त्र पनि सामाजिक आवश्यकताले जन्माएका व्यवस्था हुन् । मार्क्सवादका प्रणेतामध्येका फ्रेडरिक एन्गेल्स भन्छन्: 'द्वन्द्वात्मक दर्शनको लागि कुनै व्यवस्था अन्तिम, निरपेक्ष तथा परमवस्तु हुँदैन । .... उत्कृष्ट समाज, उत्कृष्ट राज्य यी सवै कल्पनालोकमा मात्र अस्तित्ववान् हुन सक्छ । इतिहासका चरणहरुमा देखिने हरेक सामाजिक व्यवस्था निम्नावस्थावाट उच्चावस्था उक्लिने अन्तहीन विकासक्रमको केवल अल्पकालिक लक्ष्यहरु हुन् । प्रत्येक चरणको लक्ष्य आवश्यक हुन्छ । ......इत्यादि ।

(लुडविक फायरवाख एण्ड इण्ड अफ जर्मन क्लासिक फिलोसफी)

हिन्दूव्यवस्थामा राजतन्त्रको मूल चरित्र र गुण जसरी प्रतिक्रियावादी र निरङ्कुश अधिनायकवादको रुपमा चित्रित हुँदै आएको छ, त्यसभन्दा अत्यन्तै फरक यो लोकमुखी र सामाजिक न्यायमा आधारित व्यवस्थाको रुपमा यसको अभ्युदय र विकास भएको निष्कर्ष वैदिक वाङ्मय र पौराणिक साहित्यले दिन्छ । नेपालमा आज जनआन्दोनद्वारा स्थापित वैधानिक राजतन्त्र छ । देशको सार्वभौमसत्ता जनतामा निहित रहेको संविधानले यस मुलुकलाई हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य स्वीकार गरेको छ । यस अवस्थामा राजतन्त्रलाई विवादमा मुछ्ने हरवखत प्रयत्न गर्नु राष्ट्रहित अनुकूल छैन । सही अर्थमा राष्ट्रिय एकीकरण गर्नको लागि सवै क्षेत्र, समुदायलाई राज्यको नीति निर्माण गर्न, राज्य सञ्चालननिम्ति सवैलाई सकेसम्म समानुपातिक समावेश गरिनुपर्छ । वहुजातीय र अनेक समुदायहरुको सांस्कृतिक विशिष्टता र अन्तरावलम्वनको परिसीमाको यथार्थतालाई गम्भीरतासाथ वुझ्ने प्रयत्न गरी राष्ट्रनिर्माणनिम्ति राजतन्त्रको हुन सक्ने सकारात्मक भूमिकालाई स्वीकार गर्नु नै वैज्ञानिक दृष्टिकोण हो । आजको राजनीतिक शक्ति-सन्तुलन सधैंको लागि हो भन्ने सोच्नु समाज विकासको नियमलाई आँखा चिम्लिनु हो र गतिशीलतालाई अस्वीकार गर्नु हो ।

(स्रोत : जेठ, २०५१ गरिमा मासिक पत्रिका, साझा प्रकाशन ।)

परिशिष्ट १

(इतिहासकार ज्ञवालीको इतिहास-विचरण)

हिन्दूराज्य नेपाल



सूर्यविक्रम ज्ञवाली

पैराणिक युगका कुराको विचार नगरे गुप्त-साम्राज्यको युगलाई हिन्दू-स्वतन्त्रता तथा गौरवको चरम उत्कर्षको काल मान्नु उचित छ । गुप्तकालपछिका केही शताब्दीहरूमा उत्तर तथा दक्षिण भारतमा वेला वेलामा हिन्दू-राजवंशका राजाहरूको निकै प्रभुता-सम्पन्न शासन स्थापित भएका अनेक उदाहरण प्राप्त भए तापनि सम्पूर्ण भारतमाथि सार्वभौमसत्ता स्थापित गर्ने अर्को हिन्दूराज्य भएको कुरा चाल पाइएको छैन ।

अष्टम शताब्दीका आरम्भमा अरवका मुसलमानहरूले हाल पाकिस्तानमा पर्ने सिंध प्रदेश जितेको भए तापनि एघारौं शताब्दीका आरम्भदेखि मात्र भारतमाथि वास्तविक रूपले मुसलमान विजेताहरूको आक्रमण हुन थालेको हो । यसका २०० वर्ष जतिपछि शिहावुद्दीन गोरीको मृत्युउपरान्त उनैका सेनापति कुतुवुद्दीन ऐवक सुलतानको पदवी ग्रहण गरी दिल्लीका सिंहासनमा वसे । वहाँपछि सोह्रौं शताब्दीका प्रारम्भमा भारतमा मुगल-साम्राज्य स्थापित भयो । अठारौं शताब्दीमा अर्को विदेशी राज्य वृटिश साम्राज्यलाई स्थान छोडी विख्यात मुगल-साम्राज्य पनि विलीन भएर गयो । यसरी हेर्दा पञ्चम शताब्दीदेखि सम्पूर्ण भारतमा शासन गर्ने सार्वभौम हिन्दूराज्यको अभाव भएको कुरा चाल पाइन्छ ।

सम्पूर्ण भारतमा राज्य गर्ने सार्वभौम हिन्दूराज्यको अभाव भए तापनि भारतका विविध भागमा स्थापित भएका हिन्दूराज्यले आफ्ना साना-साना क्षेत्रमा अल्प समयका निम्ति भए तापनि स्वतन्त्र सार्वभौम सत्तासम्पन्न हिन्दूराज्यका रूपमा शासन गरेका कुराको आफ्नै महत्व छ । गजनीका महमूद तथा शिहावुद्दीन गोरीका आक्रमणद्वारा हिन्दूहरूको यो

प्रयास पनि असफल भयो औ १२०६ ई. मा दिल्लीका सिंहासनमा वस्ने प्रथम मुसलमान सुलतान कुतुवुद्दीन ऐवक भए । यो पछिको समयमा ता स्वतन्त्र हिन्दूराज्यको कुरा नै भारतवाट सत्रौं शताव्दीसम्म हराएजस्तो भयो । यो शताव्दीको द्वितीयार्धमा दक्षिण-भारतमा हिन्दूस्वतन्त्रताको प्रदीप फेरि प्रज्वलित गरियो औ सो गर्ने महापुरुष महाराष्ट्र-वीर शिवाजी थिए । अन्तिम शक्तिशाली मुगल वादशाह औरंगजेवका विरुद्ध उठी उनी हिन्दू स्वतन्त्रताको झंडा दक्षिण-भारतमा फेरि उभ्याउन समर्थ भए औं १६७४ ई. मा हिन्दू छत्रपति राजाका रूपमा उनको वैदिक विधिअनुसार राज्याभिषेक गरियो । शिवाजीद्वारा हिन्दू-गौरवको पुन: स्थापना भएको कुराले समस्त भारत गौरवान्वित भयो । कविहरूले यसका प्रशंसामा काव्य लेखे औ हिन्दू-गौरवको भाव भारतमा पुन: जागरित हुन थाल्यो ।

शिवाजी आफ्नो राज्यलाई स्वराज्य भन्थे तथा 'स्व' को अर्थ हिन्दू गरे स्वराज्य तथा हिन्दूराज्यको एउटै अर्थ हुन्छ । यो राज्यलाई समसामयिक कागतपत्रमा 'हिन्दवी स्वराज' भनेर पनि उल्लेख गरिएको छ । 'हिन्दवी स्वराज' को अर्थ हिन्दूहरूको आफ्नो राज्य हो भन्नेकुरा स्पष्ट छ । शिवाजीको प्रशस्तिमा उनलाई 'महाराज छत्रपति' भनिएको छ । प्राचीन हिन्दू विश्वासअनुसार प्रभुसत्तासम्पन्न राजाको चिन्ह छत्र हो । यसै गरी उनका प्रशस्तिमा उनलाई 'क्षत्रियकुलावतंस' तथा 'सिंहासनाधीश्वर' पनि लेखिएको छ । क्षत्रिय कुलका भूषण तथा सिंहासनमा विराजमान राजाहरूका राजा भनिएका कुरावाट उनका प्रशस्तिद्वारा हिन्दूत्वको गौरव प्रदर्शित गरिएको छ ।

भारतमा झंडै पाँच सय वर्षको अवधिपछि दिल्लीका सिंहासनमा स्थित मुसलमान राजालाई नमान्ने स्वतन्त्र हिन्दूराज्यको उदयले सम्पूर्ण हिन्दू जगत् गौरवान्वित भएको थियो औ सर्वत्र यसको चर्चा हुनु स्वाभाविक थियो ।

छत्रपति शिवाजीको राज्याभिषेक भएको समयभन्दा ५वर्षअघि अर्थात् १६६९ ई. मा हिन्दूभावनालाई ठूलो आघात पुऱ्याउने एउटा घटना भएको थियो औ त्यसको प्रतिध्वनि समस्त हिन्दू-जगत्मा पुगेको थियो । नेपालका उपत्यकामा पनि त्यो समाचार आइपुगेको थियो । पर्वतले घेरिएको यो उपत्यकाका निवासी हिन्दूहरूको हृदयमा त्यसले कम्प उत्पन्न गराएको थियो । औरंगजेवको वल्दो शक्तिद्वारा स्वभावत: त्रस्त भएका यहाँका

हिन्दूहरूले यो घटनाको उल्लेखमात्र आफ्ना वंशावलीमा गरी त्यसलाई विर्सन नसकिने कुरा तुल्याएका थिए। वंशावलीकारका शब्द किञ्चित् मैले गरेको संशोधनसहित यिनै हुन् :-

"सं. ७८८ भाद्रकृष्णचतुर्थी श्री विश्वेश्वर काशीस
नवरंजेव पातसाहन कचिंगर थङ दिन जुरो।□

नेपालीमा यसको भावार्थ यस्तो हुन्छ-संवत् ७८०. भाद्रकृष्ण चतुर्थीका दिन औरंगजेवले काशीका विश्वेश्वरका निमित्त झगडा थाले।

'नवरंजेव' 'नौरंगजेव' को विकृत रूप हो। 'औरंग' को 'नौरंग' मा परिवर्तन गरिने कुरा मैले आफ्ना वाल्यावस्थामा नै चाल पाएको छु। काशीमा एउटा 'औरंगावाद' भन्ने टोल छ, त्यसलाई वहाँका केही मानिस 'नौरंगावाद' भन्थे। पछि हिन्दी कोश हेर्दा 'औरंग' को हिन्दीमा 'नौरंग' हुन्छ भन्ने कुरो चाल पाइयो। त्यसैले 'नौरंग' लाई नै नेपालको वंशावलीमा 'नवरं' लेखेको हो भन्ने निश्चय गर्न गाह्रौं परेन।

अव संवत् ७८०. भाद्रलाई इसवी सन्मा परिवर्तन गरी यो सम्वन्धमा केही विचार गरौं। नेपाल संवत् ७८०. इसवी सन् १६६०. हुन्छ तथा भाद्र मासमा इसवी सन्को अगस्ट-सेप्टेम्वर महिना पर्छ। यो हिसावसित विन्सेट स्मिथले लेखेको निम्नलिखित वाक्यलाई दाँजेर हेरौं:-

We are Informed by a credible author that on 18th April 1669 the emperor was shocked by the receipt of reports that in the provinces of thatha, Multan and Benares, but more specially in the last named, Brahmins dared to give public lectures on their scriptures which even attracted muslim students from distant places......
Accordingly commands were issued "to all the governors of provinces to destroy with a milling hand, the schools and temples of the infidels ......" Five months later the local offices reported that in accordance with the imperial command the temple of Bishannath at Benares had been destroyed.■

उपर्युक्त अवतरणवाट विद्यालय तथा मन्दिरहरू नाश गर्ने आज्ञा मार्च-एप्रिल- (वैशाख) मा पठाइयो औ अगष्ट-सेप्टेम्वर (भाद्र) मा विश्वनाथको मन्दिर ध्वस्त गरिसकिएको सूचना पठाइयो। यतावाट हाम्रो

□Medieval Nepal- Part III.D.R. Regmi, Appendix III-P 80
■ Oxford History of India, 3rd. ed-V.A. Smith page 416

वंशावलीमा उल्लिखित भाद्रकृष्ण चतुर्थी प्रायः मिल्छ । नेपाली वंशावली कारले नेपाली वंशावलीमा विदेशमा भएको यो घटनाको उल्लेख गर्न उचित ठानेको कुरावाट यो घटनाद्वारा नेपाली हिन्दू-हृदयमा कस्तो प्रभाव पारेको रहेछ, त्यसको कल्पना सहजै गर्न सकिन्छ ।

यो घटना भएको केही महिनापछि अर्थात् संवत् ७९० (ख,ग्रह,मुनि) माघको पूर्णिमाका दिन काठमाडौंका राजा प्रताप मल्लले रानीपोखरीका तटमा माधवको प्रतिमा स्थापित गरे । सो प्रतिमा स्थापित गरेको कुराको वर्णन गरी राखिएको शिलालेखमा वंशावलीकारको उपर्युक्त उल्लेखलाई राजसिक कविले कसरी काव्यका रीतिले वर्णन गरी दुःखित हिन्दू-हृदयलाई सान्त्वना प्रदान गर्ने चेष्टा गरे, त्यसको विलक्षण उदाहरण प्राप्त हुन्छ । सो श्लोक उद्धृत गर्नुभन्दा अघि संवत ७९० माघ शुक्ललाई इसवी सन्मा परिवर्तित गरौं । यो इसवी सन्को १६७० ई. जनवरी फेव्रुअरी हुन्छ अर्थात् १६६९ अगस्ट-सेप्टेम्वरभन्दा ५।६ महिनापछिको यो समय हो ।
अव माथि मैले भनेको प्रताप मल्लको कविता भन्छु -

जातो वैकुण्ठनाथः सकलसुरगणैस्सार्धमागन्तुकामः
किं ब्रूमो विश्वनाथो झटिति समगमत्काशिकां त्यज्य हर्षात् ॥

यसको भावार्थ यस्तो हुन्छ-वैकुण्ठनाथविष्णु वा माधवको सवै देवताहरूसँग यहाँ प्रादुर्भाव भयो । यहाँ आउन इच्छुक विश्वनाथ ता हर्षले काशी छोडी यहाँ झट्ट आइपुगे ।✡

औरंगजेवको वल्दो प्रतापसित स्वभावतः भयभीत काठमाडौंका हिन्दू राजा प्रताप मल्ल विश्वनाथको मन्दिर ध्वस्त गरिएको कुराको विरोध गरी हाकाहाकी केही भन्न असमर्थ थिए । तर काशीका विश्वनाथ काशी छोडी अव रानीपोखरीको तटमा अर्थात् काठमाडौंमा निवास गर्न आए भनी काव्यका रीतिले उनले नेपाली हिन्दूहरूलाई आश्वासन दिएको यो कुरालाई विधर्मीद्वारा ध्वस्त हुन लाग्दा विश्वनाथले नजीकको ज्ञानवापीमा हाम्फाली आफूलाई सुरक्षित तुल्याए भनी वाल्यावस्थामा मैले सुनेको किम्वदन्तीसँग तुलना गर्दा ठूलो रोचकता प्राप्त गर्छ ।

वंशावलीकारले आफ्नो वाटो छोडी विदेशमा भएका घटनाको आफ्नो वंशावलीमा उल्लेख गर्न पर्ने आवश्यकता ठानेको तथा काठमाडौंका राजाले विश्वनाथलाई रानीपोखरीका तटमा आफ्नो राज्यमा ल्याई राखेको

✡अभिलेख संग्रह-तेस्रो भाग, संपादक-गौतमबज्र बज्राचार्य-महेशराज पन्त, पृष्ठ-२५

कुरावाट हिन्दूधर्मप्रति नेपाली हिन्दूहरूको कस्तो आदरपूर्ण विचार रहेछ, त्यसको सहजै कल्पना गर्न सकिन्छ ।

मुगल-साम्राज्यको उत्तरपूर्व सीमा पुरनियाँ जिल्लामा थियो । यो जिल्लाको उत्तरमा पर्ने मोरंगमा सत्रौं शताव्दीमा सेन क्षत्रियहरूको राज्य थियो । यिनीहरूको राज्य मकवानपुरदेखि मोरङ्गसम्म विस्तृत तराई तथा भित्री मधेशमा स्थापित हुनुभन्दा अघि यो सवै भूमि सिमरौनगढमा नान्यदेवले एघारौं शताव्दीमा स्थापित गरेका राज्यको अधीन थियो । सिमरौनगढमा नान्यदेवको वंशका अन्तिम राजा हरिसिंहदेव १३२४ ई. तिर मुसलमानहरूद्वारा पराजित भै देश छोडी पहाड पसेपछि यो राज्य अनेक साना-साना रजौटामा विभाजित भएको चाल पाइएको छ । यिनै साना-साना राज्यलाई पराजित गरी यो सम्पूर्ण इलाका तथा पहाडमा समेत सेनहरूले आफ्नो शासन शत्रौं शताव्दीमा कायम गरेका थिए । यो सेन वंशमा हरिहर सेननामक एकजना प्रतापी राजा भए । यिनको राज्यकाल १६६१ ई. देखि १६८४ ई. सम्म थियो भन्ने मत प्रतिपादित गरिएको छ । सेनहरूका प्रकाशित वंशावलीमा यिनको प्रशस्ति तल लेखेवमोजिम लेखिएको छ । "श्रीरूपनारायणेत्यादि विविधविरुदावलीविराजमानमानोन्नत महाराजाधिराज पर्वतैकपातशाह हिन्दूपति राजराजेश्वर मकवानी कुलावतंश श्री हरिहर इन्द्रदेव ।"

हरिहर सेनको यो प्रशस्तिका सम्वन्धमा केही विचार गर्नुभन्दा अघि यिनका सम्वन्धमा १८०२ तथा १८०३ ई. मा कप्तान नक्ससित काठमाडौं जाने तथा पुरनियाँसमेत अनेक जिल्लाहरूको सर्वेक्षण गरी तिनको वहुमूल्य विवरण लेख्ने फ्राँसिज एफ. व्रुकानेनले आफ्नो नेपालसम्वन्धी पुस्तकमा यिनका विषयमा लेखेका कुराको पनि उल्लेख गर्नु उचित छ । फ्रांसिज व्रुकानेनले यिनका सम्वन्धमा निम्नलिखित कुरा भनेका छन् -

Harihar, the son of Raghava, extended his dominition to Gondwara, and took the little of Hindupati, or chief of the Hindus.

हरिहरका प्रशस्तिमा प्रयोग भएको 'हिन्दूपति' को विरुद हरिहरले गोंडवारासम्म आफ्नो राज्य पुऱ्याएपछि धारण गरेको रहेछ भन्नेकुरा ता हेमिल्टनका भनाइवाट स्पष्ट भयो तर गोंडवारासम्म आफ्नो राज्यको

सीमा पुऱ्याउँदैमा आफूलाई हरिहरले हिन्दूपति भन्ने कारण स्पष्ट हुँदैन र अव त्यसको अलिकता विचार गर्नु उचित छ ।

मुगल राज्यको सीमाप्रान्त पुरनियाँ जिल्लाको उत्तरमा मोरंगस्थित छ । उत्तर पहाडवाट वग्दै सप्तकोशीका विविध हाँगा वाराह क्षेत्रमा संगालिएर एक भई पुरनियाँ जिल्लाको दक्षिणमा गङ्गामा मिसिएको छ । उत्तर पूर्व रेलवेको प्रसिद्ध जंकशन कटिहारको समीपस्थ कुरसैलानामक स्टेशननेर कोशीमाथि वनाइएको एउटा लामो पुलमाथि रेल दगुर्छ । यहींनेर कोशी तथा गङ्गाको सङ्गम पनि छ अर्थात् यहाँ कोशी गङ्गामा मिसिन्छ । पुरनियाँको दक्षिणमा पर्ने यो भागलाई गोंडवारा भन्छन् । हाल कटिहार पुरनियाँ जिल्लाको एउटा सव-डिभिजन हो । कटिहार सव-डिभिजनलाई दुई भागमा वाँडिएको छ । एउटा भाग कटिहार औ अर्को भाग गोंडवारा हो । यो गोंडवारालाई कोरवा पनि भन्छन् । हेमिल्टनको कथनको प्रमाणवाट हरिहर सेन कोशीको किनारै किनार उत्तरवाट वढ्दै आई गङ्गाका तटमा पुगेको कुरा वुभिन्छ । मुगल-साम्राज्यको सीमास्थित एउटा भाग जिती गङ्गासम्म आफ्नो राज्यविस्तार गर्दा गौरवान्वित भएका हरिहर सेनले धारण गरेको कुरा त्यो समयमा उत्तर भारतमा शिवाजीले हिन्दू-स्वातन्त्रचको जो भाव आफ्नो वहादुरीले स्थापित गरेका थिए, त्यसको अनुकूल छ ।

हरिहर सेनको यो पराक्रमको परिणामस्वरूप 'हिन्दूपति' को उपाधि उनका वंशजहरूले पनि ग्रहण गरे औ साहित्यमा वा वार्तालापमा सेनहरूको राज्य वुभाउन मानिस हिन्दूपतिको राज्य भनी भन्न लागे । यसरी यो हिन्दूपति शव्द नेपालमा निकै लोकप्रिय भयो । नेपालमा आफ्नै ढाँचाले हरिहर सेनले शिवाजीको विंडो थामेको कुरा हाम्रो इतिहासको निश्चय पनि एउटा रोचक कुरा छ ।

हरिहरले धारण गरेको यो हिन्दूपतिको विरुद पछिका मकवानपुरे सेनहरूले पनि धारणा गरेको कुरा उनीहरूका प्रशस्तिवाट चाल पाइन्छ । मकवानपुरवाहिरका ठाउँहरूमा ता सेनहरूको राज्यलाई हिन्दूपतिको राज्य भन्ने चलन पनि चलेको थियो भन्नेकुरा दिव्य उपदेशका प्रारम्भिक वर्णनवाट उद्धृत गरिएको यो वाक्यांशवाट चाल पाइन्छ :-

"श्री श्री श्री ५ वुढा महाराजाले तीन शहर नेपाल र हिन्दूपतिको राज्यलिया पछि........।" नेवारी भाषामा लिखित वंशावलीमा पनि उनका नातिको उल्लेख 'हिन्दूपतिया छय्' भनी गरिएको छ ।

हरिहर सेनका आश्रित एकजना कविले यसको उपयोग गरेको एउटा अर्को घतलाग्दो उदाहरण उपस्थित गर्नु अप्रासंगिक नठहरिएला। मैथिली भाषामा उमापतिनामक कविद्वारा लिखित पारिजातहरणनामक एउटा नाटक निकै लोकप्रिय छ। त्यो नाटकको समयका विषयमा विद्वान्हरूमा निकै मतभेद छ तथा त्यसको एउटा संस्करण पं. चेतनाथ झाद्वारा प्रकाशित भएको छ औ त्यसमा विद्वान् सम्पादकले हरिहरदेव भनेका मकवानपुरका हरिहर सेन हुन् भनी भन्नुभएको छ। मैथिली साहित्यपरिषद्, विराटनगरवाट प्रकाशित मैथिलीनामक पत्रिकाको अंक ६ मा -फाल्गुन २०२८) श्री प्रफुल्लकुमार मौनले पारिजातहरणका सम्वन्धमा चर्चा गर्नुभएको छ औ त्यसमा उल्लिखित हरिहरदेव हिन्दूपति हरिहर सेन नै हुन् भन्नुभएको छ। त्यो लेख पढेपछि यो प्रश्नतिर मेरो पनि दृष्टि आकर्षित भयो र मैले पनि यो विषयका मतमतान्तर हेरें। परिणामस्वरूप पारिजातहरणमा उल्लिखित हरिहरदेव हरिहर सेन नै हुन् भन्ने मेरो पनि विचार भयो।

अव त्यसको त्यो प्रारम्भिक अंश पढी यहाँहरूलाई सुनाउँछु। सो नाटक लेखेको कसका आज्ञाले हो भनी वर्णन गर्दा कवि भन्छन्-

आदिष्टोस्मि यवनच्छेदनकरालकरवालेन, विच्छेदगतचतुर्वेदपथ प्रकाशकप्रतापेन भगवतः श्रीविष्णोर्दशमावतारेण हिन्दूपतिश्रीहरिहरदेवेन॥

यसको भावार्थ यस्तो हुन्छ-यवनलाई नाश पार्ने डरलाग्दो तरवार धारण गर्ने, चार वेदको विलुप्त भएको वाटो पुनः आफ्ना प्रतापले स्थापित गर्ने तथा भगवान् विष्णुका दशौं अवतारस्वरूप हिन्दूपति हरिहर देवद्वारा मैले आज्ञा प्राप्त गरें।

हरिहर सेनका निमित्त कविलेप्रयोग गरेका प्रशंसात्मक वाक्यांशहरूको विचार गर्दा कविले भनेका कुरा मकवानी हिन्दूपति हरिहर सेनसित ठ्याक्क मिल्छन्। मुसलमान नाश पार्ने तरवारको उपमा मुगल वादशाहका पुरनियाका प्रतिनिधि नवावलाई हराई गोंडवारा पुगी गंगामा खाँडो पखाल्ने हरिहर सेनलाई चरितार्थ हुन्छ। गङ्गाका तटसम्म मोरंगको राज्यविस्तार गरी वैदिक धर्म स्थापित गर्ने हरिहरसेन हुन् भनी कविले भनेको कुरालाई वास्तविक वर्णन भनी स्वीकार गर्नेपर्छ तथा भगवान्का दशौं अवतार कल्की अवतार यिनै हुन् भनी हरिहर सेनलाई कविले भनेको

कुरा हामी हिन्दूहरूलाई वुझ्न गाहारो छैन किनभने जयदेवले गीतगोविन्दमा हामीलाई यो अवतारका विषयमा यस्तो निर्देश गरेको छ-

म्लेच्छ-निवह-निधने कलयसि करवालम्
धूमकेतुमिव किमपि करालम्
केशवधृतकल्किशरीरम्

मकवानपुरदेखि विजयपुरसम्म पहाड तथा मधेशमा विस्तृत राज्य गर्ने तथा हेमिल्टनका कथनानुसार कुचविहारको राज्यमाथि आक्रमण गरी वहाँका दुई राजकुमारीसित विवाह गर्ने हरिहर सेनलाई हिन्दूपतिको उपाधि अशोभनीय थियो भनी कल्पना कोही गर्छ भने उसलाई हरिहर सेनका राज्यको इयत्ता थाहा रहेनछ भनी भन्नुपर्छ। यस्ता प्रसिद्ध हिन्दूपति हरिहर सेनलाई छोडी तथा उनका सन्तान दरसन्तानले उपयोग गरेको यो पदवीको महत्व नवुझी यो पदवी कुनै अरू नै वलवान् राजालाई उपयोग गरिएको होला भनी कल्पना गर्नुपर्ने कारण पनि छैन। हरिहर सेनले धारण गरेको हिन्दूपति पदवी कविले गरेको क्षणिक प्रशंसा होइन, तर दुई-तीन पुस्तासम्म सेनहरूद्वारा आफ्ना स्वीकृत प्रशस्तिमा उपयोग गरिएको विरुद हो भन्नेकुरामा सन्देह छैन।

स्वनामधन्य पृथ्वीनारायण शाहले राई औ लिम्वूका गोष्ठीसहित सेनहरूको अधिकांश राज्य औ मल्लराज्यहरूको एकीकरण गरी सार्वभौमसत्तासम्पन्न स्वतन्त्र नेपालको राज्यलाई जन्म दिए। स्वतन्त्र हिन्दूराज्यका विचारसित उनी परिचित भएको तथा त्यसले उनी गौरवान्वित भएका कुरा उनको प्राप्त वाणीवाट सहजै अनुमान हुन्छ।

पृथ्वीनारायण शाहले नेपाली राष्ट्रनिर्माण गर्दा भारतमा अङ्ग्रेजहरू आइसकेका थिए औ उनीहरू वहाँ आफ्नो साम्राज्य स्थापित गर्ने कार्यमा लागिसकेका थिए। यो पृष्ठभूमिलाई मनमा राखी हामीले उनका वाणीको विचार गर्नुपर्छ।

पृथ्वीनारायण शाहको एउटा वाणीमा उनले अङ्ग्रेजलाई भारतमा गाहारो-साँगुरो पर्न सक्ने सम्भावनाको उल्लेख गरी चुरेका डाँडामा नै लडाइँ गरी उसलाई पहाडभित्र पस्न नदिने कुरा भनी "श्री गंगाजीको साँध पनि लाग्न्यै छ" भनेको छ। गङ्गाको साँध लाउने कुरा उनका मनमा कसरी उत्पन्न भयो सो विचारणीय कुरो छ। मोरङ्गको राज्यको एकीकरण गरे

पछि हिन्दूपति हरिहर सेनले आफ्नो राज्यको सीमा गङ्गाको तटसम्म पुऱ्याएको उनले थाहा पाएपछि सेन राजाको पुरानो राज्यको साँध गङ्गासम्म आफ्नो राज्यको सीमा पुऱ्याउने उनको विचार भएको कुरा यतावाट अवगत हुन्छ ।

नेपाली वीरताको आदर्श नै उन्नाईसौं शताव्दीमा गङ्गाको साँध लाउने कुरा भएको थियो । वीरहरूको यो विचार कविहरू पनि आफ्ना कवितामा व्यक्त गर्न लागेका थिए । उन्नाईसौं शताव्दीको थालनीमा नै नेपाली वीरताको भेल गङ्गाकै एउटा धारा अलकनन्दासम्म पुगिसकेको थियो । त्यसैले उन्नाईसौं शताव्दीको चतुर्थ दशकका एउटा कवि सुगौलीको सन्धि भैसकेको कुरा जान्दा जान्दै पनि नेपालीहरूले लाएको गङ्गाको साँध लाई सम्झेर भन्छन् :-

फिरंगी हटाई लुटी पीटि चाँडो ।

पुगी आज गङ्गा पखाल्नू छ खाँडो ।।

गङ्गालाई साँध लाउने कुराको पृथ्वीनारायण शाहका वाणीका सम्वन्धमा प्रसङ्गवश यति विचार गरी अव उनको अर्को महत्वपूर्ण वाणीको विचार गरौं । उनले भनेका छन्, "सवैलाई चेतना भया यो फूलवारिको छोटा वडा चारै वर्ण छत्तिसै जातले यो असली हिन्दूस्थाना हो ।" पृथ्वीनारायण शाहको यो सारगर्भित वाणीको विस्तारपूर्वक विश्लेषण गर्ने लोभ संवरण गरी उनले प्रयोग गरेको "असली हिन्दूस्थाना" तिर मात्र अहिले तपाईहरूको ध्यान आकृष्ट गर्ने मेरो अभिप्राय छ । पृथ्वीनारायण शाहले 'हिन्दूस्थाना' भनेको हिन्दूहरूको देशलाई हो भन्नेकुरा स्पष्ट छ । तर 'हिन्दूस्थाना' को 'असिल' भन्ने जो विशेषण छ, त्यसले जे कुरालाई अचेल हामी 'असल' को अर्थ 'विशुद्ध' हुन्छ । अव यो अर्थ मनमा लिएर उनको 'असिल हिन्दूस्थाना' भन्ने भनाइलाई वुझ्ने चेष्टा गरौं । हिन्दूस्थानमा विधर्मी अङ्ग्रेजहरूको राज्य स्थापित हुन लागेको त्यो वेला थियो औ या अघिका अनेक शताव्दीहरूमा पनि हिन्दूस्थानमा स्वतन्त्र हिन्दूराज्यको अभाव थियो । सार्वभौमसत्ता-सम्पन्न स्वतन्त्र हिन्दूराज्यको गौरव उनले भरखर स्थापित गरेको नयाँ नेपाल राज्यलाई प्राप्त भएको थियो । यो राज्य स्वतन्त्र थियो औं यहाँ अवाधित रुपले वर्णाश्रम धर्मको पालन औ गौ-व्राह्मणको प्रतिपालन हुन्थ्यो । यिनै कारणले नै उनीद्वारा स्थापित राज्य नै वास्तविक हिन्दूराज्य

हो भन्ने उनको भित्री भाव अव राम्ररी वुझिन्छ । पृथ्वीनारायण शाहको यो विचार शिवाजीका 'हिन्दवी स्वराज' तथा सेनहरूको 'हिन्दूपति' भित्र भएको विचारसँग तादात्म्य प्राप्त गर्छ यद्यपि यिनका शव्दविन्यास पृथक छन् । पृथ्वीनारायण शाहका पौत्र रणवहादुर शाहका समयको एउटा उदाहरण अव उपस्थित गर्छु ।

पृथ्वीनारायणशाहका नावालिक पौत्र रणवहादुर शाह १७७७ ई. मा नेपालका सिंहासनारुढ भए । उनका पालामा १७०४ ई. लेखिएको 'सुवर्ण-प्रभास' नामक एउटा पुस्तकमा उनको प्रशस्ति तल लेखेवमोजिम लेखिएको छ - "नेपालेश्वर श्रीमन्महाराज हिन्दूपति वातशाह श्री श्री श्री रणवहादुर शाह वहादुर संसेर जङ्ग देवानाम् ।" यो रणवहादुर शाहको स्वीकृत प्रशस्ति नभए तापनि यसले समसामयिक विद्वान्हरूका मनमा भएको धारणालाई स्पष्ट पार्छ । नेपालका राजा नै वास्तविक 'हिन्दूपति' अर्थात् हिन्दूहरूका स्वतन्त्र राजा हुन् तथा स्वतन्त्र नेपाल नै वास्तविक हिन्दूराज्य हो भन्ने त्यो वेलाका हिन्दू विद्वान्हरूको विचार भएको कुरा उपर्युक्त प्रशस्तिवाट अनुमान हुन्छ ।

प्रसङ्गवश यहाँ एउटा अर्को कुराको अलिकता विचार गर्नु अनुपयुक्त नहोला । पृथ्वीनारायणले स्थापित गरेको नवीन स्वतन्त्र हिन्दूराज्य नेपालका गौरवले नेपाली तथा अरु हिन्दूहरूका हृदयमा ठूलो प्रभाव पार्नु स्वाभाविक थियो । यसैले उनीहरू नेपालका आफ्ना राजालाई कस्तो विरुदले विभूषित गर्नु भन्नेकुराको विचार गर्न लागेको वुझिन्छ । स्वयं पृथ्वीनारायण शाहका मनमा पनि यो कुरा खेलेको वुझिन्छ । स्वतन्त्र नेपाल राज्यको स्थापना भैसकेपछि उनले तिव्वतका पांचेन लामालाई लेखेको पत्रमा आफ्नो विरुद 'पर्वतैकपादशाह' लेखेका थिए । सेन वंशावलीमा यो विरुद सेन राजाहरूका नामसित उपयोग गरिएको छ उस्तै रणवहादुर शाहका नामसित 'सुवर्ण-प्रभास' मा उपयोग गरिएको 'हिन्दूपति' को विरुद पनि सेनहरूको स्वीकृत विरुद थियो । पृथ्वीनारायण शाह तथा उनीपछिको केही समयमा स्वयं पृथ्वीनारायण शाह तथा अरु विद्वान्द्वारा थरी-थरीका विरुद समय-समयमा उपयोग गरिएका कुरावाट पृथ्वीनारायण शाहद्वारा स्थापित नयाँ नेपाल राज्य स्वतन्त्र हिन्दूराज्य भएको कुरा विद्वान्हरूद्वारा स्वीकृत थियो भन्नेकुरा वुझाउँछ । अर्काको नक्कल गर्नु गौरवको कुरा नहुने हुनाले स्वतन्त्र

हिन्दूराज्य नेपालले आफ्ना राजालाई आफ्नै प्रचलित सरल प्रशस्ति स्वीकार गरी आफैले आफ्नै विषयमा विशेष केही नभनी अरुले आफै हिन्दू-गौरवको कुरा वुझुन् भन्ने नीति लिएको यतावाट वुझिन्छ। यी नीति स्वतन्त्र हिन्दूराज्य नेपाललाई शोभा प्रदान गर्ने नीति थियो भन्नेकुरामा केही सन्देश छैन।

हाम्रो साहित्यका क्षेत्रका महान् विभूति मोतीराम भट्टको युवावस्था काशीमा व्यतीत भएको कुरा हामीलाई विदित छ। भानुभक्तको जीवनी लेखी उनले काशीमा उन्नाईसौं शताव्दीको अन्तिम दशकमा प्रकाशित गराएका थिए। त्यसको आरम्भमा उनले "श्री ५ गोरखा सरकारको यश कीर्ति सारा भारतवर्षमा प्रख्यात छ" भनी नेपाली कविताको रत्नजस्तो निम्नलिखित श्लोक लेखेका छन् :

अचल् झंडा फर्कोस् फरफर गरी कान्तिपुरिमा
रिपुको मन् थर्कोस् थरथर गरी छीनघरिमा।
यवन्ले राज् गर्दा कति पतित हिन्दू स्थल भयो।
फकत् यो नेपाल्को मुलुक वचि कञ्चन रहिगयो॥

हिन्दूधर्मको केन्द्रस्थल काशीमा वसी वहाँको विचार वुझेका मोतीराम भट्टको यो श्लोकमा पनि हिन्दूराज्यको भाव परोक्ष रीतिले व्यक्त गरिएको छ। साँचो भन्ने हो भने उन्नाईसौं शताव्दीमा के भारत के नेपाल सर्वत्र नेपाल हिन्दूराज्य भएको कुरा प्रायः सर्वमान्य थियो।

वीसौं शताव्दीका द्वितीयार्द्धमा प्रदत्त जुन संविधानमा आधारित हाम्रो शासन हाल चलिरहेछ त्यो १९६१ ई. मा स्वीकृत भयो। त्यसको धारा ३ मा नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्ता-सम्पन्न राजतन्त्रात्मक हिन्दूराज्य हो भन्ने लेखिएको छ। स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहद्वारा प्रदत्त यो संविधानद्वारा श्री ५ महेन्द्रका हृदयमा नेपाली राष्ट्रका निर्माता पृथ्वीनारायण शाहका हृदयमा झैं हिन्दूत्वको गौरव पूर्णरुपले अंकित भएको कुरा चाल पाउँछौं। पृथ्वीनारायण शाहले आफ्नो राज्यलाई जुन अर्थमा 'असिल हिन्दूस्थान' भनेका थिए सोही अर्थमा श्री ५ महेन्द्रले नेपाललाई 'हिन्दूराज्य' घोषित गरिवक्सेको छ। स्वर्गवासी श्री ५ महेन्द्रलाई एकीकरण हुनुभन्दा अघिदेखिको

नेपाली राष्ट्रको इतिहास पूर्णतया विदित थियो औ हिन्दूहरूको ऐतिहासिक विकासको कुरा पनि थाहा थियो। यसैले श्री ५ महेन्द्रवाट नेपाली इतिहास तथा हिन्दूहरूको इतिहासका परम्पराअनुसार स्वीकृत तथ्यवमोजिम नेपाललाई हिन्दू राज्य घोषित गरी संविधान प्रदान गरिवक्सियो। यतावाट श्री ५ महेन्द्रलाई ऐतिहासिक ज्ञान सँगसँगै ऐतिहासिक परम्पराको पनि महान् ज्ञान भएको कुरा चाल पाइन्छ औ यो यथार्थ ज्ञान सँगसँगै श्री ५ महेन्द्रका दूरदर्शिताको प्रशंसा जति गरे पनि थोरै प्रमाणित हुन्छ।

अव आफ्नो आजको वक्तव्य शेष गर्नुभन्दा अघि यौटा प्रश्न औ त्यसको उत्तर उपस्थित गर्छु। प्रश्न यस्तो छ-उसो भए के नेपाल धर्मविशेषलाई पक्षपात गर्ने राज्य हो ? के नेपालमा हिन्दूधर्म मान्ने मान्छेलाई विशेष अधिकार प्राप्त छ वा हिन्दूधर्म नमान्ने मान्छेसित नेपाल अर्कै व्यवहार गर्छ ? संक्षेपमा के नेपाल कुनै धर्मलाई काख औ कुनैलाई पाखा गर्छ ?

उत्तरमा मेरो के भनाइ छ भने हिन्दूराज्यका नामवाट मात्र यस्तो शङ्का गर्नु सर्वथा अनुचित हो। जुन संविधानले नेपाललाई हिन्दूराज्य घोषित गरेको छ, उसैले प्रत्येक व्यक्तिलाई परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्वन र आफ्नो धार्मिक कृत्य गर्ने हक पनि प्रदान गरेको छ। साथै सोही संविधानमा सवै नागरिकले कानूनको समान संरक्षण पाउने औ धर्म, वर्ण, लिङ्ग, जात, जातिका, आधारमा भेदभाव नगरिने कुरा पनि घोषित गरिएको छ। यतावाट हिन्दूराज्य भनेर नेपालले आफ्नो ऐतिहासिक परम्पराको मात्र रक्षा गरेको रहेछ भन्ने कुरा चाल पाइन्छ। नेपालमा धर्म, वर्ण, लिङ्ग, जात वा जातिका आधारमा जीवनका कुनै क्षेत्रमा भेदभाव नगर्ने व्यवस्था संविधानद्वारा गरिएको छ। जहाँ नागरिकमा कुनै भेदभाव छैन वहाँ धार्मिक पक्षपातको कुरै उठ्दैन।

धार्मिक पक्षपात नगर्ने सिद्धान्त पनि यहाँ हिन्दूत्वका भावना सँगसँगै स्थापित भएको थियो। नेपाली राष्ट्रका निर्माता पृथ्वीनारायण शाहले एकीकरण गर्नेवित्तिकै आफ्ना-आफ्ना परम्पराअनुसार धर्मपालन गर्ने अधिकार नेपाल अधिराज्यका प्रत्येक नागरिकलाई प्रदान गरेको कुरा हाम्रा इतिहासको एउटा गौरवपूर्ण कुरा छ।

स्वर्गीय श्री ५ महेन्द्रवाट प्रदान गरिएको संविधानमा हाम्रो सामाजिक तथा राजनीतिक जीवनमा जो असंगति वा नमिलेका कुरा थिए, तिनलाई सच्याएर आधुनिक युग तथा संसारले स्वीकार गरेका प्रजातान्त्रिक सिद्धान्तका आधारमा संविधान प्रदान गरिवक्सियो । सभ्य संसारले जुन रुपमा समानताको सिद्धान्त स्वीकार गरेको छ, सोही रुपमा समानताको अधिकार नेपाली राष्ट्रलाई प्रदान गरी श्री ५ महेन्द्रले आफ्ना विचारको उदारताको परिचयमात्र वक्सिएन किन्तु यो कार्यले नेपाललाई संसारका आधुनिक राष्ट्रका पंक्तिमा उभ्याइवक्सियो । यसैले हाम्रो संविधानमा नेपाल हिन्दूराज्य घोषित गरिएको कुरोलाई हाम्रो ऐतिहासिक परम्परा, हाम्रा आदर्शको अभिव्यक्ति वा हाम्रा विकासको मार्गदर्शक चिन्हका रुपमा हामीले वुझ्नुपर्छ भन्नेकुरा प्रमाणित गर्ने चेष्टा मैले आज गरेको हुं ।

यो छलफल टुंग्याउनुभन्दा अघि यो सम्वन्धमा राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेववाट मौसुफ सरकारको शुभ राज्याभिषेकका दिन वक्सेको सम्वोधनवाट निम्नलिखित विलक्षणता तथा विचक्षणताले युक्त वाणी उद्धरण गर्ने लोभ संवरण गर्न म असमर्थ छु, किनभने यो महान् वाणीवाट हाम्रो नेपाली राष्ट्रको धार्मिक तथा सांस्कृतिक आधार के रहेछ सो चाल पाइन्छ औ समन्वयवादी राष्ट्र धार्मिक पक्षपातको कुरो गर्न असमर्थ भएको कुरा प्रमाणित हुन्छ ।

'अनेक विविधता र विषमतालाई सँगाली समन्वयको रुप दिन सक्ने हामी नेपालीको सीप र महान् परम्परा यस देशमा रहिआएको छ । के वैष्णव, के शाक्त, के शैव, के वौद्ध दर्शन नेपालीको दैनिक जीवनमा व्यावहारिक र उपयोगी ठहरिएका विभिन्न सम्प्रदाय र विचारहरूको मन्थनवाट समन्वयमा अडेको संस्कृतिको संरचना भएको छ । गहिरिएर हेर्दा नेपालको विशेषता ने विषमता र विविधताको वीच साझा (समन्वयको आदर्श वसाल्ने परम्परा रहिआएको छ ।'*

* श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेववाट मौसूफको शुभराज्याभिषेकको दिन (विक्रम-संवत् २०३१ साल फागुन १२ गते सोमवार) अधिराज्यको राजधानी काठमाडौंको टुंडीखेलमा आयोजित दरवार मन्दिरमा राष्ट्रको नाममा वक्सेको सम्वोधन ।

केही सहायक ग्रन्थहरु
१) फ्रान्सिस बुकानेन हेमिल्टन-एन् एकाउन्ट अफ किङ्डम अफ नेपाल मञ्जुश्री पब्लिसिङ हाउस -१९७१
२) फ्रान्सिस बुकानेर -एन् एकाउन्ट अफ दि डिस्ट्रिक्ट अफ पुर्नियां इन १८०९-१०-पटना-१९२८
३) पी.सी. राय चौधरी-बिहार डिस्ट्रिक्ट ग्याजेटियर्स पुर्निया-बिहार-पटना-१९६३।
४) सर जदुनाथ सर्कार-शिवाजी-हिन्दी ग्रन्थ रत्नाकर कार्यालय गिरगांव बम्बई-१९४०
५) डी आर.रेग्मी- मेडिभल नेपाल पार्ट III- फर्मा के.एल. मुखोपाध्या, कलकत्ता-१९६६
६) भिन्सेन्ट ए. स्मीथ-दि अक्सफोर्ड हिस्ट्री अफ इन्डिया, थर्ड एडिसन -अक्सफोर्ड युनिभर्सिटी प्रेस-१९६४
७) शङ्करमान राजवंशी-सेन वंशावली-श्री ५ को सरकार, पुरातत्व र संस्कृति विभाग-२० २०
८) गौतमवज्र वज्राचार्य महेशराज पन्त-अभिलेख-संग्रह, तेस्रो भाग-संशोधन मण्डल, काठमाडौं-२०१८
९) जयकान्त मिश्र -अ हिस्ट्री अफ मैथिली लिटरेचर, भाग १- इलाहाबाद- १९५१
१०) प्रो. प्रफुल्लकुमार मोन- नेपालको मैथिली साहित्यिक इतिहास-मैथिली साहित्य सकलन ६ -मैथिली साहित्य-परिषद्, विराटनगर-२०२८
११) पुरातत्व विभाग-दिव्य उपदेश-१९६९
१२) बाबुराम आचार्य -पुराना कवि र कविता -ने.भा.प्र.स. नेपाल - २०१७
१३) सूर्यविक्रम ज्ञवाली-पृथ्वीनारायण शाह-ने.सा.स. दार्जीलिङ्ग -१९९३

परिशिष्ट२ हिन्दू धर्ममामा महिला र पुरुष बराबर छन्

- राष्ट्रगुरु योगी नरहरिनाथ


प्रश्नः तपाइं महिलाहरूको व्रतबन्ध गराइरहनु भएको छ। यसमा कतिपय हिन्दूधर्मशास्त्रीहरूके आपत्ति छ। यस सम्बन्धमा तपाईंको शास्त्रीय तर्क के छ ?

योगी नरहरिनाथ : महिलाहरूको ब्रतबन्ध। यदा कल्पे कुमारीणां मन्दी बन्धनमिष्यते, उपदेशश्च वेदानां गायत्रीवाचनं तथा। पुरा कल्पे, हिन्दूकल्पे ....। वि.सं. १२ औं सम्म, १२८९ सम्म, जबसम्म पृथ्वीराजको भारतमा शिक्षा छ, यहां मल्ल राजाको शिक्षा छ। त्यो बेलामा यहां नारी जातिको र पुरुष जातिको धर्म, कर्तव्य अधिकार एउटै थियो। छोरीको, छोराको शिक्षा-दीक्षा र रक्षा बराबर थियो। छोरीको पनि राज्य गर्ने अधिकार। छोराको पनि अधिकार। छोरा भएन भने छोरीले राज्य गर्ने। छोरीको शिक्षा-दीक्षा र व्रतबन्ध गर्ने। व्रतबन्ध गरेर मातापिताको सम्पूर्ण उत्तराधिकार लिने। माता पिताको राज्य गर्ने। माता पिताको राज्य सिंहासनमा बस्ने। माता-पिताको संघ शक्तिको जसरी बुद्धकालमा "प्रितमेस: चर्तुविध संघ:" भनेर चार प्रकारका संघको निर्माण गरियो। "संघे शक्ति: कलौ युगे" भनेर संघको शक्ति थियो। त्यो शक्तिमा नरनारीको बराबर अधिकार कर्तव्य, धर्म थियो। बल, बुद्धि बराबर थियो।

त्यो आज शिक्षा विकारे सकलो विकार:। शिक्षामा विकार आयो। हिन्दू नारीलाई वेदको शिक्षा नदिनु, गायत्री शिक्षा नदिनु, धनुर्वेदको शिक्षा नदिनु, शिक्षाको विकार हो। हिन्दू नारीलाई शिक्षा दिएपछि हिन्दूहरू बलिया हुन्छन, हिन्दूहरू बलिया भएपछि यिनीहरू माथि हामी शासन गर्न सक्तैनौं भनेर अहिन्दूहरूले कुटनीति गरे। हिन्दू जातिमा, हिन्दू राष्ट्रमा, हिन्दू नरनारीमा फूट पारे। नारीलाई शक्तिहीन अधिकारहीन गरिदिए। एक अंग लुलो हुन्छ, पंगु हुन्छ। एक हात पंगु। एउटा खुट्टा पंगु। एउटा पुरुष मात्रले के गर्न सक्छ ? दुई पांग्राले रथ चल्छ। दुई पैयाले साइकल चल्छ। त्यस्तै गरी नारी र पुरुष दुई जातिको बराबर बल भयो भने समाज बलियो रहन्छ। जहां समाज बलियो रहन्छ त्यहां बाहिरबाट शासन गर्न पाइदैन भनेर हिन्दू नर-नारीमा फूट पार्न अहिन्दूहरूले हिन्दू नारीको व्रतबन्ध रोके। उनीहरूलाई वेद पढ्न रोके। गायत्री पढ्न रोके। धनुर्विद्या सिक्न रोके।

परिशिष्ट ३

विश्व-हिन्दू-एकता नै किन



स्व: योगी नरहरिनाथ

समग्र विश्वका हिन्दूहरुको हित गर्नको लागि विश्व हिन्दू महासभाको जन्म भएको छ। ॐकारको मूल मन्त्रवाला, गौलाई माता मान्नेवाला, संस्कृत भाषामा नाम राख्नेवाला, वेदलाई आदि ज्ञानराशि मान्ने, विश्वका समस्त मानव हिन्दू हुन्। हिन्दू धर्म मानवधर्म हो। हिन्दू हित साधनाद्वारा मानवमात्र होइन, अपितु समस्त प्राणीहरुको कल्याण गर्ने विश्व हिन्दू महासभाको मूल उद्देश्य हो

कृण्वन्तो विश्वमार्यम, कुर्वन्तो विश्वम् आर्यम्, गर्दै ती पनि विश्वलाई आर्य, जस्तै अठासी हजार महर्षिगण विश्वको यात्रा गरेका थिए। तेस्तै आज पनि यात्रा गर्नु, अनिवार्यछ। गतिशील त्रिकालदर्शी महर्षिहरुको सभ्यता संस्कृति अरु धर्मको आर्यता अथवा हिन्दूता भनिन्छ। त्रिकालदर्शी गतिशील ज्ञानीलाई ऋषिमुनि भन्छन्। महान् ऋषिलाई महर्षि भनिन्छ। मनज्ञाने मनु अववोधनेवाट मनु र मुनिवन्छ। मननशील वेदका तत्वज्ञ सर्वज्ञ ज्ञानीजनहरुलाई मुनि र मनु भनिन्छ। मुनिवाट मौन वन्छ। मानववाट मानवता वन्छन्। ऋषिमुनि महर्षि महामुनि, मनु, मानव, मानवता प्रभृतिहरुकी उत्पत्ति यस्तै हुन्छिन्। यस कुराको जान्ने जनाउने मान्ने मनाउने प्रत्येक मानवका प्रथम कर्तव्य हो।

विद्ज्ञानेवाट विद्या, वेद, वेदी, विद्वान्, विद्यार्थी, विद्यार्थिनी, विद्यालय र विश्वविद्यालय आदि वन्छन्। महाकुल कुलीन आर्य सभ्य सज्जन साधुको सिन्धु अथवा हिन्दू भनिन्छ। हिन्दू ऋषिमुनिहरुका सन्तति हुन्। हिन्दूको धर्म, संस्कृति, सभ्यता र भावना प्रभृति हिन्दूत्व कहलाउँछ। हिन्दूमा हिन्दूत्व हुन्छ। हिमालयमा विश्वका मेरुदण्ड

अरुका मानदण्ड हो। हिमालयको हिं कन्याकुमारीको इन्दु सरोवरको इन्दुको मेलवाट हिन्दूवाट हिन्दू हुन्छ। हिन्दूहरुका स्थान हिन्दूस्थान कहलाउँछ। हिन्दूस्थानमा वस्नेपस्नेवाला सवै हिन्दूहरुका स्थान हिन्दूस्थान कहलाउँछ। हिन्दूस्थानमा वस्नेपस्ने वाला सवै हिन्दूस्थानी कहलाउँछन्। हिन्दूस्थान हिन्दूदेश हिन्दूराज्य हिन्दूराष्ट्र हो। हिन्दूस्थानवाट हिन्दूत्व लियेर विश्वको कुनै देशमा वस्ने हो, सवै देश हिन्दूवन्धुवर्ग हिन्दू हो। विश्वभरका हिन्दूहरुका हित गर्ने विश्व हिन्दूहरुका स्वाभाविक धर्म हो। संहिता र सङ्गतिमा सवैका हित निहित छ। अतः विश्वकल्याणकारी परमपिता परत्माका विश्वास वेद भनिन्छ। नेपाल विश्वको एकमात्र हिन्दू अधिराज्य हो। विश्वका हिन्दूहरुको एकमात्र आस्थाको केन्द्र हो।

विश्वभरका मानवहरुवीच सङ्गठन गरौं। संवाद गरौं, भद्रभाषामा प्रश्न उत्तर शङ्का समाधान गरौं, विवाद नगरौं। तव तिम्रो मनमा सत्यं शिवं सुन्दरम् सत्यं ज्ञानं अनन्त व्रह्मको वोध हुन्छ। ज्ञानी त परमात्माको आत्मा हो। अज्ञानीहरु लड्छन्। ज्ञानीहरु लड्दैनन्। सिन्धुका समान असंख्य शिवं सुन्दर सत्य ज्ञान अनन्त व्रह्मको वोध हुन्छ। ज्ञानी त परमात्माका आत्मा हो। अज्ञानीहरु लडछन्। ज्ञानीहरु लड्दैनन्। सिन्धुका समान असंख्य गुणरत्नहरुका अखण्ड भण्डारलाई हिन्दू भनिन्छ। हिन्दूको भावना यस्तो छ।

संसारका समस्त चौरासीलाख जातिका चराचर प्राणीगण सर्वथा सर्वत्र सुखी रहुन्, सवै निरोगी रहुन्, कसैलाई कुनै प्रकारको कुनै पनि रोग नहोस्, सवैको भलो होस्। भलो गर्ने, भलो देख्ने कुनै प्राणीको पनि दुःख देख्न नपरोस्। सवै सुखी होस्, दुःखी यौटा पनि नहोस्। यी हिन्दूभावना हुन। हिन्दूधर्म नै मानवधर्म हो। विश्वमा मानवधर्मको प्रचार-प्रसार गरेर विश्वलाई सर्वथा सर्वदा सर्वत्र स्वस्थ राख्ने विश्वभरिका हिन्दूहरुको मूल उद्देश्य हो। यसवाट सहमत समस्त हिन्दू विश्वहिन्दू महासभाका सदस्य वनेर काम गर्नुपर्दछ। धन्यवाद !

सहना-ववतु। सहनौ भुनक्तु। सहवीर्य करवावहै तेजस्विनावधतिमस्तु मा विद्विषावहै ॥

परिशिष्ट ४

सनातनदेखि हिन्दूराष्ट्र रहिआएको छ नेपाल



–योगी बलभद्रनाथ

गोरक्षक हिन्दूराष्ट्र गोर्खा (नेपाल) पुराण इतिहासको थालनीभन्दा अगाडि आदि वैदिककालदेखि नै महादेववाट सञ्चालित मनु हुँदैआएको छ मानवतावादी गोरक्षक-हिन्दू धर्मकै अखण्ड रूपले । राज्यसत्ताको अदलवदल भए पनि देवसंस्कृतिअनुरूप गोरक्ष हिन्दूधर्म रहिआएको छ । यसै धर्मको रक्षार्थ समय-समयमा ठूला-ठूला संघर्ष भएको देवीभागवत्, रामायण, महाभारत आदि पुराण र इतिहासले तथ्य प्रमाण दिएका छन् ।

तत्रासुरैर्महावीर्यै देवसैन्यं पराजितम् ।
जित्वा च सकला देवानिन्द्रोभून् महिषासुरः"। राज्य

हामी ॐकारपरिवाले 'मा हिंस्यात् सर्वा भूतानिः'देखि धर्मको सुरु भई 'हन्त्रे च हनिष्य'सम्म आइपुग्दा तत्तत् समयमा कारण, कार्य एवं पात्रहरूको चरित्रचित्रंणलाई गम्भीर रूपले नियाल्दा धर्मलाई निरपेक्ष गरी मानवमर्यादाको उल्लङ्घन गर्दै महिषासुर, धूम्रलोचन, रावण र कंसादिहरूले आसुरी वलका भरमा भूमण्डलमा उधुम मच्चाएका थिए । ती असुरहरूको आफ्नै आसुरी कारणले पराजय भई पुनः धर्मसापेक्षताले नै अखण्ड शान्ति र मानव अधिकारलाई कायम गरेको थियो । धर्म यस्तो विषय हो जो परमात्मा अलखले रचना गर्नुभएको सम्पूर्ण चराचर स्थावर-जंगम, जरायुज, अण्डज, श्वेदज, उद्भिज एवं भौतिकजीव जगतभित्र सापेक्षता नै हुन्छ । यसैलाई "वस्तु स्वभावोधर्म" भन्दछन् । मानवधर्म मूलमा एउटै हो । विश्वमा सवैभन्दा प्राचीन धर्मग्रन्थ विश्वका सम्पूर्ण धर्मावलम्वीहरूले स्वीकारेको वेद नै हो ।

हाम्रो गोरक्षक हिन्दूधर्म वेदप्रणीत छ । अहिंसा, सत्य, अस्तेय, व्रह्मचर्य र अपरिग्रह, यम तथा शौच, सन्तोष, तपस्या, स्वाध्याय र इश्वरप्रणिधान, यी नियमको पालना गरी "आत्मखलु विश्वमूलम्" भन्ने धर्मसापेक्षता र हाम्रा पूर्वइतिहासले जव-जव धर्मनिरपेक्षहरूले धर्ममा आघात पुऱ्याएका छन् र असत्यलाई प्रवल गराएका छन् तव-तव धर्मसापेक्ष र धर्मनिरपेक्षको वीचमा भीषण घर्षण भएको र "सत्यमेव जयते, धर्मो रक्षति रक्षित": सत्यको जय र असत्यको क्षय नै भएको छ । अत: 'धर्मसापेक्षताले' नरसंहार निम्त्याउँदैन । वरु सद्भाव र सामन्जस्यताको भाव प्रकट गर्छ ।

किन्तु हाम्रो धर्मले सत्य, प्रेम, अहिंसा, "ममैवांसो जीवलोके जीवभूंत: सनातन:,"को दैवी आस्था, "आत्मवत्सर्वभूतेषु य: पश्यति स पश्यति" को मर्यादाले विश्वलाई धारण गर्ने सवै मानवतावादी मानवको साझा यौटै गोरक्षक वैदिक धर्मले छहारी प्रदान गरेको छ । अज्ञानतावश प्राणीमात्रको रक्षक देवसंस्कृतिअन्तर्गत रहेको गोरक्षक हिन्दूधर्म र संस्कृतिको उन्मूलन गर्ने दुस्प्रयास कतैवाट भएमा विश्वशान्तिको सूत्र नै विलीन भई आतङ्कवादी निरपेक्षताको चपेटामा परी विश्वसमुदाय तरुण भौतिक विज्ञानको मुखग्रास वन्न अधुरो हुनेछैन । कुनै पनि वस्तुस्थितिमा विकृति र विकार आउनु प्राकृतिक स्वभाव हो । दोष-दुर्गण-विकृति-विकार पन्छाउनु मानवकर्तव्य हो "तातस्य कुपोयमिति व्रुवाणो क्षारं जलंका पुरुषा पिवन्ति" पानी नै न पिउनु भनेको छैन । पुराणतिहास प्रमाणका मानवधर्म निरपेक्षी भूमण्डलका कुनामा लुकेर वसेका पूर्वाग्रही मानवसन्ततीहरू नाना परिवेशमा शताब्दियौंदेखि प्रयास गर्दै आज यस संस्कृतिको इतिहास, धर्म, संस्कृति भेषभूषा र भाषामा मधुर विषप्रयोग गरी "फुट पार राज गर" भन्ने कूट मन्त्रको समेत यो प्रष्ट लक्षण हो । धर्म, संस्कृति, भाषा र भेषभूषा मानवसभ्यताको अमूल्य पहिचान हो, उक्त कुराहरू लोप भएमा त्यस समुदायलाई विलीन गराउन अस्त्र र शस्त्रको आवश्यकता रहँदैन, स्वत: सदा-सदाको लागि विलीन हुन्छ ।

हाम्रो मानवसभ्यतामाथि भाषा, भेष, भूषादेखि आक्रमण शुरु भएको छ । वर्तमान पिंढीका वालवालिकाहरूलाई मातृभाषाको २५

प्रतिशतभन्दा पनि धेरै परिवर्तन गराई आफ्ना मातृभाषा लोप गराइसकेका छन्। आफ्ना स्वदेशी वल्कल, ऊन, रुईवाट निर्मित यस पवित्र देशको वातावरण अनुकूल मुकुट, टोपी, भोटो, दुइवन्दी, चौवन्दी, कछाड, दौरा, सुरुवाल, पटुका, जामा, गुन्यूचोली, मज्यात्रो, घल्याक, खास्टो, भेगुवा, लेहेङ्गा आदि हिमालदेखि तराईसम्मका पोसाकको पहिचान प्रायः समाप्त भैसकेको छ। विचरा, अवोध आफ्ना राष्ट्र-राष्ट्रियता धर्म संस्कृतिका उत्तराधिकारी कर्णाधार वालवालिकाहरूलाई जुन पश्चिमी मुलुकको फेसन टाइ भनेर घाँटीमा भुषित गरेका छन् जो कि आफ्ना हिमाली दिव्यौंऔषधि जडीवुटीलाई सुन चाँदीका यन्त्रमा भरेर सर्ववाधा सामक जन्त्र, शिव शक्तिका प्रसाद धजा लगाउन विर्सी सके। यस्तै अवस्थाले हाल केही मुठ्ठीभर पश्चिमी सभ्यताका हिमायतीहरूले हाम्रो मातृसंस्कृति र आदि वैदिक हिन्दू संस्कृतिमाथि चोट पुऱ्याई हिन्दू जगतका हामी ॐकार परिवारलाई महत्वहीन वनाउने कार्य गरेका छन्। मेरो करजोरी विश्वका मानवतावादी गोरक्ष धर्मसापेक्ष "आत्मा खलू विश्वमूलम्" भन्ने हिन्दूसन्ततिहरूमा अनुरोध छ कि आफ्नो व्यक्तिगत सुखको निमित्त लड्ने दानव हो। वहुजन हितकारी आफ्नो राष्ट्रधर्म संस्कृति रक्षाको निमित्त लड्नेलाई नै "हतो वा प्राप्यसि स्वर्गम्" भनेर अमर कीर्तिका धनी अमर शहीद हुन्छन् न कि विधर्मी-विजाती विदेशीहरूको सिकोमा लाग्ने।

अर्का विधर्मी विदेशीका वुंइमा चढेर विघटित असंवैधानिक केही सांसदहरूले लोकतन्त्र र गणतन्त्रका नाउँमा सिधासाधा जनतालाई हुँदै नभएको कृत्रिम जाल वुनेर भ्रम खडा गरेका छन् र समाजलाई राष्ट्रिय रसायनवाट फुटाइराखेका छन्।

ब्रह्मलीन राष्ट्रगुरु योगीनरहरिनाथको-

'यसैमा जन्म्यौं यसैमा हुर्क्यौं यसैमा बिलाऊँ।
फुटेका भाइ जुटेर सबै छुटेको मिलाऊँ ॥'


भन्ने महावाक्यको उल्लंघन गरी गोरक्षक राष्ट्रजननी विशाल गोरक्षराष्ट्रको अवशेष भूभाग वर्तमान नेपाललाई पनि नेपालीको

विवेक नखुलेमा निरपेक्षताको नाउँमा राष्ट्रमातालाई टुक्रा-टुक्रा वनाइ वीरगोर्खा जाति र गोरक्ष जननीको इज्जत लुटाउने काम गरिराखेका छन् । यस मुलुकका केही लेण्डुपहरूले सिक्किमको सपना पनि देख्न थालेका छन् । भुटानी शरणार्थीहरूले नेपालमा ठाउँ पायो भने गोर्खाली नेपालीले काहाँ ठाउँ पाउने ? यसै विषयलाई केही जसो व्राह्मणहरू हामीलाई विधर्मीहरूले धर्म नाश गरी हिन्दूत्व समाप्त गर्न खोज्दा धर्म वचाउन उत्तराखण्ड हिमालतिर पसेका हुँ भन्दछन् । किन्तु यसदेशका स्कन्दपुराणका हिमवत्खण्डअन्तर्गत जडान, खसान, मगरांते, किरांतका शिवशक्तिका ॐकारमूलक उपासक चारैवर्ण छत्तिसैथरीका गोर्खाजातिहरू भगुवा, भतुवा, गासे, शरणार्थी नभईकन थरी, थानी र रैथानी थानियै छौं । सवैजन ध्रुवसत्य र दृढ निश्चयका साथ अर्वौ वैदिक गोरक्षक हिन्दूधर्मको छाहारीमा-

"नडगी डरले नलत्री करले नगरी कसैको आश ।
समुद्र गम्भीर हिमालधीर भएर कर्मै गर कर्म वीर" ।।

भन्ने महामंत्रानुकूल श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायणशाह र सम्पूर्ण गोर्खाली जातिहरूको एकत्वमा स्वधर्म वचाउन विदेशी विधर्मीहरूसँग ठूलो वहादुरीका साथ लडे र हाम्रो हिन्दूराष्ट्र र हिन्दूसंस्कृतिको पूर्ण संरक्षण गरे । आजसम्म विश्वसमक्ष हिन्दूवीर सैनिक ज़ातिगोर्खाको उज्ज्वल छवि रहेको र विश्वमानवजातिको मूलस्थल जगत् पितामहादेव शिव र जगन्माता पार्वती शक्तिको उत्पत्तिस्थल गौरीशंकरको छवि विश्वमा उच्च रहेको छ र सवै थरिको फूल फूलिरहेको छ। यो राष्ट्र गोरक्षधर्म सापेक्ष रहेको छ। विश्वमा एकमात्र धर्मसापेक्ष हिन्दूराष्ट्र र वैदिक गोरक्षक धर्म सनातन धर्म मूल हो। "छिन्ने मूले नैवशाखा न पत्रम्" यस धर्म र अधिराज्य निर्मूल भयो भने विश्वका जीवसमुदायकै यस कल्पको अस्त हुनेछ । यसकारण गोरक्षक हिन्दूधर्म सापेक्ष हिन्दू अधिराज्यनै कायम हुनुपर्छ।

तथास्तु शिवम् ।



भगवती, तानसेन, पाल्पा

Bhagawati, Palpa, Nepal

Printed at … Shantipath, Kathmandu …

Photo: S K प्रकाशक:

परिशिष्ट ५

अमूल्य कर्म हिन्दुधर्म



शशिकला (कोइराला) अर्याल

भूमिका

जस्का पिता पूर्खाको जे प्रचलन र संस्कार छ, त्यसका सन्ततिले त्यही नै प्रचलन गर्दै आउँछन् अनि त्यस्तै संस्कार वन्छ । पितापूर्खाले त्यो प्रचलन-संस्कार त्योभन्दा अघिका पिढींवाट प्राप्त गरेका हुन्छन् । त्योभन्दा अघिकाले फेरि त्यसभन्दा पनि अघिका पिढीवाट प्राप्त गरेका हुन्छन् । यसै क्रमवाट लामो समयसम्म अवलम्वन गर्दै धर्म गर्दै आउँछन्, पछि त्यो धर्मसंस्कार र प्रचलन साँस्कृतिक व्यवहार वन्दै आउँछ । यसै क्रममा व्यावहारिक रूप दिँदा समाजमा तथा त्यो ग्रहण गर्ने व्यक्तिमा कु-प्रभाव पर्ने भए त्यो क्रम त्यहीँ रोकिन्छ । राम्रो भए अवलम्वन हुँदै आउँछ । हामीले ग्रहण गरेको धर्मसंस्कार हामीलाई कति राम्रो गरेको छ र कति प्रिय छ यो सवैलाई अनुभूति नै छ । सनातन धर्म त्यसैले भनिएको पनि छ ।

> राजनीतिकज्ञहरू अब धर्ममा रहेका धर्मभिरुको तपस्या र धार्मिक कार्यमा बाधा गर्न तम्सिएको देखापरिरहेको छ जसले गर्दा धर्मको नैतिक डरमा अडेको सकलसमाज आज विचलनको धुरीमा पुऱ्याउने कार्य जनताको राजनीति गर्ने राजनीतिककर्मीबाट भएको जगजाहेरै छ ।

धर्म एउटै हुन्छ

धर्म एउटै हुन्छ । यो सवैले मानेकै छन् तापनि आ-आफ्नो मार्गअनुसार कसैले हिन्दू, कुनैले मुसाई र कुनैले इसाई र कुनैले अन्य धर्म अवलम्वन गरेका छन् तापनि त्यसको लक्ष्य हो भगवान् वा खुदा वा God, प्राप्त गर्नु । त्यसैले धर्म मार्गलाई कसैले अवरुद्ध गराउने प्रयास गर्न हुँदैन । गऱ्यो भने त्यो

हिरण्यकश्यपको व्यवहार गरेको हुन्छ । हिरण्यकश्यपले विष्णु नाम लिंदा प्रल्हादलाई सयौंपटक मुत्युको मुखमा पठाएको थियो । आखिरी आफू नै मृत्युको मुखमा गयो । त्यसैले धर्मप्रति कसैले आक्रमण गर्नुहुँदैन । सद्ग्रन्थवाट यो कुरा पुस्टि हुन्छ ।

हामीले अवलम्बन गरेको हिन्दूधर्म

पूर्खाले जान्दै-मान्दै आएको र कतै कसैवाट यसको नकारात्मक पक्ष नभेट्‌एको धर्म हिन्दुधर्म हो । कसैले धर्मअवलम्वन नै नगरी धर्मविरोधी हुनु त्यो त मुर्खता नै हो । एकपटक हिन्दूधर्मको पक्ष व्यवहारमा उतारीकन त हेर्नुस्, यसले कस्तो संस्कारको जन्म दिन्छ । यसले सु-संस्कार प्रदान गर्दछ ।

वैदिक धर्मअन्तर्गत परमेश्वर-ईश्वर-देवी देवताको पूजाआजा गर्नाले तत्‌त् ठाउँवाट कल्याणमय कार्य भूर्ति-पूर्ति प्राप्त हुनाले नै र त्यसको अनुभूति त्यस्तो भक्तले गरेकाले यो धर्म जनमानसको नैसर्गिक अंग वनेको हो ।

हाम्रो राज्यले समेत अपनाएको

राज्यले सदैव राम्रो पक्ष जनतामा राज्यमा लागू गर्दछ । हिन्दूराज्य भनी राज्यले आफूलाई नामाकरण गरेको कुनै पागलपन थिएन । २०४६ सालको जनआन्दोलन पागलपन हैन, त्यो आनदोलनवाट समेत स्थापित हिन्दूअधिराज्य नेपाल आज अनायासै पछाडिवाट छुरा रोपेको जस्तो अकस्मात फ्यांकी निरपेक्ष भन्नु धर्मविरोधीको शासनको पहिचान हो ।

हिन्दूकै छोरा (२०५ सांसदहरू)ले घात गरे

आज हाम्रो देशको धार्मिक अडानमा विचलन आएको छ । राजनीतिक गर्ने मान्छेवाटै यसो भएको छ । राजनीतिकज्ञहरू अव धर्ममा रहेका धर्मभिरुको तपस्या र धार्मिक कार्यमा वाधा गर्न तम्सिएको देखापरिरहेको छ जसले गर्दा धर्मको नैतिक डरमा अडेको सकलसमाज आज विचलनको

धुरीमा पुऱ्याउने कार्य जनताको राजनीति गर्ने राजनीनिककर्मीवाट भएको जगजाहेरै छ। यसवाट व्यक्ति, समाज-देश विदेशमा प्रत्यक्षत: कुप्रभाव पर्दछ साथै धर्मको यथार्थ मर्म जान्ने हो भने यसले मानवको दैनिक दिनचर्यादेखि परमार्थसम्मको वाटो अवरुद्ध गरेको छ वर्तमान संसदको निर्णयले, व्यवहारले।

धर्मका स्थिति नजान्नू अज्ञानता हो

जव धर्मवारेमा वास्तविक स्थिति जानिँदैन तवसम्म धर्मविरुद्ध प्रहार भै नै रहन्छ। मानिसले धर्म पनि छोड्छ जसले गर्दा मानव विनासको घडीमा पुग्दछ। धर्मवारे वास्तविकता थाहा नहुँदा, हिन्दूधर्ममा अनपेक्षित र नियोजित प्रहार भएको छ। यसले के पनि प्रष्ट पारेको छ भने धार्मिक ज्ञान र धर्मप्रभाव हाम्रा जनप्रतिनिधिलाई रहेनछ भन्ने पुष्टि भएको छ। कोही पनि यस्तो मानिस यस धर्तीमा छैन जसले सत्य र धर्म र न्यायको क्षेत्रभित्र आफू नहोस्। जव सत्य-धर्म न्यायमा ऊ रहँदैन तव ऊ एकप्रकारको संकटकालमा गुज्रिएको हुन्छ। छटपटिमा रहेको हुन्छ। मान्छेलाई मान्छे भन्ने र गराउने कार्य नै सत्य-धर्म कै कार्यमा पर्दछ।

हामी सोझा सज्जनको भरोसा धर्ममा मात्र

कुनै मुर्ख वा कामिनी-काञ्चनग्रस्त तथा पद र धनले अहम्मा भोरिएर अन्यायी वनेको अर्कालाई अन्याय गर्ने गरेको वा अन्यायी ऊ धर्ममा निरपेक्ष होला किनकि धनवाला धनमा सापेक्ष होला। पदवाला पदमा। मूर्खलाई त कसको के मतलव! त्यस्तै अन्यायी त उसको कार्य नै त्यस्तै होला। हामी सोझासाझा नेपालीको लागि धर्म नै सहारा हो। हाम्रा लागि अन्य कुनै केही सहारा छैन। जे भए पनि मेरो भाग्य यस्तै रहेछ भन्ने हामी धर्म र भाग्यमा विश्वास गर्नेलाई हाम्रै सांसदहरूले हाम्रो धर्म हिन्दूधर्म उठिवास लगाएका छन्। ती सांसद-नेतालाई तिनकै स्वास्नी र छोराछोरीले आफ्नो घरवाट निकाला गरी खान नदिई घरवाट कुटी निकालेमा अन्यथा मानिँनेछैन किनकि धर्मघाती नै राष्ट्रघानी हो, राष्ट्रघाती नै धर्मघाती हो। ✡

परिशिष्ट ६

गिर्जाघर अभियान

शीलनिधि चन्द

मलाई अरु धर्मका बारेमा धेरै थाहा छैन तर हिन्दूधर्मको कुरा छ, यसमा ३३ कोटी देवताको अस्तित्व रहेको सुनेको छु। त्यसैले पर्वतको कैलाशदेखि समुद्र तलको द्वारिकासम्म विभिन्न देवताहरूका पूजास्थलहरू पाइन्छन्। तर एकेश्वरवादी हौं भन्नेहरूले हालै शिवजी विचरण गर्ने क्षेत्रमा गिर्जाघरको संख्या वढाउन गोप्य गोष्ठी गरेको समाचारले आश्चर्यचकित पारेको छ। गिर्जाघर हाम्रा मन्दिरहरू जस्ता होइनन्, किन कि मन्दिरमा त देवताहरू वस्छन् भने गिर्जाघरमा यीशुका अनुयायीहरू प्रार्थना गर्छन्। हाम्रा अराध्य देवताहरूले सुकुम्वासी वन्नु नपरोस् भन्नका लागि यत्रत मन्दिरहरू स्थापना गरिन्छन्। तर गिर्जाघरमा प्रभु शिशु वस्ने होइन वरु यिशुका अनुयायीले प्रार्थना गर्ने गर्छन्। अव यस्तो अवस्थामा मन्दिरजस्तै यत्रतत्र गिर्जाघर वनाउनेको औचित्य के हुनसक्छ। त्यो पनि प्रार्थना गर्नेहरू नै नभएको ठाउँमा। क्या गजवको आइडिया निकाल्नु भएको छ! यिशुका चेलाहरूले। प्राथना गर्नेहरू भएपछि सर्वव्यापी भगवान्को प्राथना जुनठाउँमा पनि गर्न सकिन्छ, तर यहाँ त पहिले गिर्जाघर पनि भक्त! 'पेटमा छोरा, हातका कन्धनी', त्यो पनि हाम्रो देशमा हिंसा र गरिवी वदै गए पछि त्यसवाट भाग्ने जनताहरूमा जाल हान्ने र भक्त वनाउने।

तराई अथवा मोरङ्गतिर गिर्जाघर वनाउने भनेको भए पनि कोइराला निवासको विकल्प हो कि भन्न हुन्थ्यो। वुढेसकालमा गिरिजावावु वास वस्न हिमालतिर लाग्नु होला भन्ने मलाई त कति पनि विश्वास छैन। तर पनि हिमाली क्षेत्रमा गिर्जाघरको संख्या वढाइने छ भने पछि अवश्य पनि संख्या वढ्ने छ किनभने उनीहरूसित पैसाको पोको पनि छ, धर्मानान्तरणको धोको पनि। अलिअलि वाँड्लान्, अलिअलि भाँड्लान्,

रोग, भोक र हिंसाले छटपटिएकाहरूले कतिन्जेल टुप्पी र जनैको सुरक्षा गर्न सक्लान् र ? आखिरमा लोभ र विवशताको अगाडि जहिले पनि मान्छे वामपुड्के रहँदै आएको छ। 'उनीहरूसित' पोको र धोको मात्रै छैन वरु वुद्धि र चाकडीको डोको पनि छ। त्यसकारण हतियार छनौट गर्दा यही लोभ र विवशतालाई छाने। अव हिमालवासीहरूलाई पोको, धोका र डोकोको प्रयोगले वलिको वोको हुनवाट सायद ३३ कोटी देवताले पनि वचाउन नसक्लान्। फलामलाई इच्छाअनुसार मोड्न तातेपछि मात्र प्रहार गर्नुपर्छ। गरिवी त उहिल्यैदेखि थियो, २०५२ सालदेखि हिंसाको खलाँतमा 'फलाम' निकै तातेको छ। अव त्यसमा प्रहार गर्नेवेला भएको होला, त्यसैले गिर्जाघर अभियान सुरु भयो होला।

'उनीहरू'का पनि अनेकरूप छन्, कहिल्यै वाइवल च्यापेर पस्छन् भने कहिले वन्दूक अनि कहिले तराजु लिएर त कहिले समाजसेवाको मुखौटा। कहिले गुलाम वनाउँछन् भने कहिले स्वतन्त्रता दिएको नाटक गर्छन्। लक्ष्य एउटै हुन्छ, गिर्जाघरको संख्या वढाउनु। गिर्जाघरको संख्या वढाएर मात्र भएन, त्यहाँ प्रथना गर्नेहरू पनि चाहियो। थुनेर होस् कि किनेर जसरी भए पनि भगवान्लाई भक्तको कमी हुनदिनु भएन। क्या गजवको 'मार्केटिङ्ग पोलिसी' छ उनीहरूका भगवान्को। संसारमा सवभन्दा वढी भक्त भएर पनि भक्तको चाहना कहिल्यै पुरा नहुने, भक्तप्रेमी भगवान्लाई मेरो पनि छड्के सलाम।

हिंसा, हत्या र गरिवीको जाँतोमा हैन यसपालि आन्दोलनको ओखलमा पनि कुटिएका छन्। उनीहरू र वाढीपहिरोको नाङ्लामा निफनिएका पनि छन्। त्यसकारण 'परमेश्वरको पोलिसी'मा आँच नआउने भएमा घरवारविहीनहरूलाई केवल घरमात्र वनाइदि पुग्छ। गिर्जावावु त हामीसित छँदैछन् अत हामीलाई 'गिर्जा'को होइन 'घर'को खाँचो छ। जावो हिमालको सुख्खा डाँडामा गिर्जाघर वनाउनुभन्दा त दिपसुम, सुम्देल र म्याङलुङमा घरमात्रै वनाइदिए हुन्थ्यो। प्रभुको प्लान यिनीहरूका उजडिएको संसार आवाद गर्ने कुरा राखे कुनै अप्ठ्यारो त हुँदैन। गाँस, वास, कपास भए प्राथना जता गरे पनि खासै फरक नपर्ला।

- *महेन्द्रनगर*

गोरक्ष जागरण अभियानको

संक्षिप्त परिचय

वैदिक, सनातन, बौद्ध र हिमाली धर्म-संस्कृति र व्यवहारबाट अनुप्राणित नेपाली समाजमा परम्परादेखि नै पशुपतिनाथ, आदिनाथ, मच्छेन्द्रनाथ, गोरखनाथ र विभिन्न देवीदेवताहरूको पूजा, अनुष्ठान आदि हुँदैआएको परिप्रेक्ष्यमा आ-आफना परम्परागत रीति, स्थिति, रिवाज, चालचलन, जात्रा, तीर्थस्थल व्यवस्थापन, मन्दिर, गुठी आदिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी गराई नेपाललाई विश्वके एक सांस्कृतिकरूपले गौरवशाली, शान्तिपूर्ण र सम्पन्न राष्ट्र बनाउने उद्देश्यले नेपालीमात्रको सक्रिय सहभागितामा एक महान् पुनर्जागरण अभियान सञ्चालन गर्नुपर्ने अपरिहार्यतालाई महसुस गरी राष्ट्रियस्तरमा गोरक्ष जागरण अभियानको विधान-२०६० अनुसार गोरक्ष जागरण अभियानको स्थापना गरिएको हो ।

१. संस्थाको नाम :- गोरक्ष जागरण अभियान

२. संस्थाका उद्देश्यहरु :- नेपालको ऐन, प्रचलित नियम, कानुनको परिधिभित्र रही यस संस्थाको निम्नानुसारका उद्देश्यहरू हुनेछन् :-

१. नेपालको राष्ट्रिय गौरव, सांस्कृतिक गौरव, राष्ट्रिय एकता र राष्ट्रिय अखण्डताको सम्वर्द्धन गर्दै नेपालको शान्ति र उन्नतिका लागि व्यापक जनसहभागितामूलक गोरक्ष जागरण अभियान सञ्चालन गर्ने ।

२. नेपालको धर्म, संस्कृति, कला, साहित्यको सम्वर्द्धन र प्रवर्द्धन गर्ने ।

३. नेपाललाई वैदिक, सनातन, बौद्ध र मानवतावादी धर्म-संस्कृतिको केन्द्रविन्दु बनाई विश्वका मानवजातिको तीर्थस्थल बनाउने ।

४. नेपालको महान् एकीकरण अभियानमा रहेको गोरक्ष जागरणको महत्वपूर्ण भूमिकाको अनुशरण गर्दै उपत्यकाभित्र र बाहिर रहेका गोरक्षपीठ, आदिनाथ, मच्छेन्द्रनाथलगायतका श्रीनाथहरूले संस्थापन गरेका र निजहरू संलग्न रहँदै आएका अन्य मन्दिर, शक्तिपीठहरूका गुठीको संरक्षण र पूजा, जात्रा र परम्पराहरूको संरक्षण र सम्वर्द्धन गर्ने ।

५. गोरक्षपीठ, अन्य मन्दिर र शक्तिपीठहरूमा कार्यरत र संलग्न पीर, महन्त, योगी, सन्यासी, पुजारी, पुरोहित र अन्य सहयोगीहरूको हक, हित, कल्याण र उचित सम्मानको व्यवस्था गर्दै उनीहरूको चाल-चलन, आचरण, पूजाविधि, काम, कर्तव्य, प्रशिक्षण, उत्तरदायित्व आदिको सुव्यवस्था मिलाउने ।

६. नेपालभित्र रहेका मन्दिर, शक्तिपीठ, गुम्बाहरू र धार्मिक तीर्थस्थलहरूलाई राष्ट्रिय गौरव एवं सांस्कृतिक गौरवको प्रवर्द्धन गर्नुका साथै जनताको शिक्षा, स्वास्थ्य, सरसफाई, मनोरञ्जन र समाजको अग्रगामी विकासका लागि केन्द्रविन्दु बनाउने ।

७. नेपालको प्राकृतिक सम्पदा हिमाल, पहाड, वनजंगल, नदीनाला, जीवजन्तु, कीटपतङ्ग, वनस्पति, जडीबुटी आदिको संरक्षणका लागि जनसहभागिता जुटाई प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा र पर्यटकीय सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने गराउने ।

८. स्थानीय निकायसँग समन्वय गरी जनसहभागिताका आधारमा महिला, बालबालिका, वृद्ध, असहाय र दलित वर्गको विकासका लागि उपयुक्त कार्यक्रम सञ्चालक गरी समतामूलक समाजको सिर्जना गर्न धार्मिक स्थलहरूलाई केन्द्र बनाउने ।

९. जनसहभागिता जुटाई मादक पदार्थ, लागूऔषध दुर्व्यसन, जुवातास, अश्लीलता, चेलीबेटी बेचबिखन जस्ता सामाजिक विकृतिविरुद्व जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

१०. स्थानीय निवासीहरूबीच आपसी सहयोग, सदभावना, समभदारी, भाइचारा र एकताको भावना विकास गर्ने ।

११. सार्वजनिक सम्पत्ति र सांस्कृतिक सम्पदाको संरक्षणका लागि सम्बन्धित निकायलाइं सहयोग गर्ने ।

१२. योग साधना, प्राकृतिक चिकित्सा, आयुर्वेदीय चिकित्सा पद्धतिलगायतका वैकल्पिक उपचार पद्धतिको सम्वर्द्धन र प्रवर्द्धन गरी मानसिक र शारीरिक दुवै स्वास्थ्य उपचार पद्धतिको प्रवर्द्धन गर्ने ।

१३. महान् राष्ट्रिय पुनर्जागरणका लागि गुरुकुलको सञ्चालन गर्ने ।

१४. राष्ट्रिय पुनर्जागरणका लागि प्रकाशनको व्यवस्था, पुस्तकालय, सभाकक्षको स्थापना, खेलकुद, धार्मिक मनोरञ्जनका लागि सार्वजनिक मैदानको व्यवस्थापन गर्ने र धार्मिक वनवाटिका, फूलवारी आदिको संरक्षण गर्ने ।

१५. नेपालको गौरव, शान्ति र उन्नतिका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, प्रवचन, अनुसन्धान र आपसी भ्रमणको व्यवस्था गर्ने ।

१६. जनसहभागितामा आधारित सांस्कृतिक सम्पदा र प्राकृतिक सम्पदाबाट सेवामूलकका साथै आयमूलक कार्यक्रमहरूको प्रवर्द्धन गर्ने ।

१७. संस्थाका उद्देश्यहरू पूरा गर्न, गराउन ऐन, नियम, कानुनको परिधिभित्र रही विभिन्न कार्यहरू गर्ने, गराउने ।

३. संस्थाका निर्देशक सिद्धान्तहरू :–

१. नेपालको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रताको रक्षा गर्दै नेपालको राष्ट्रिय गौरव, शान्ति र उन्नतिका लागि सर्वसाधारण जनतालाई अभिप्रेरित गर्ने ।

२. सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्म, भाषा, वर्ण र सम्प्रादायका बीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्न, गराउन प्रयत्नशील रहने ।

३. आत्मसत्ता, राजसत्ता, राष्ट्रसत्ता, धर्मसत्ता, जनसत्तालाई अझ सुदृढ, व्यापक, जनप्रिय एवं सर्वमान्य बनाउन प्रयत्नशील रहने ।

४. समाजलाई विशुद्ध आर्यधर्मअनुसार संगठन गरी अनावश्यक रुढि, मतभेद एवं विवाद हटाई विशुद्ध वर्णाश्रम व्यवस्थाअनुसार एवं सर्वसम्मत एवं सामर्थवान् मानव समाजको सिर्जना गर्ने ।

५. भौतिकवादबाट ग्रसित अकर्मण्य एवं अनुशासनन्यून पिंढीमा आध्यात्मिक चेतनाको सिर्जना, देशभक्ति, राजभक्ति, अनुशासनशील, कर्मण्य एवं देश र समाजका लागि सबै थोक अर्पण गर्न सक्ने नागरिकको सिर्जना गर्ने ।

६. आत्मिक भावनाको प्रचारद्वारा प्रत्येक नागरिकमा धैर्य, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिग्रह, धी, विद्या, सत्य, अक्रोधजस्ता आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक गुणहरूको विकास गर्ने ।

७. राष्ट्रिय वैदिक विभूति, राष्ट्रिय विभूति, गौरव, राष्ट्रिय नेतृत्व एवं राष्ट्रिय महत्वका विविध पक्षहरूलाई प्रकाशमा ल्याई सर्वसाधारणको जानकारीमा ल्याउने ।

८. आयुर्वेदको विकास गरी जीवनोपयोगी बनाई जनजीवनमा उतार्न आयुर्वेदसम्बन्धी अनुसन्धान गरी सुलभरूपमा औषधी सेवा उपलब्ध गराउने ।

९. अनाथ वालवालिका, असहाय महिला, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको व्यवस्थापन गर्न स्थानीय निकायलाइं सहयोग गर्ने ।

१०. बहुजनहित बहुजन सुखायको भावनामा आधारित विविध रचनात्मक कर्ममा स्थानीय जनताको सहभागिमूलक कार्यहरू गर्न, गराउन गुठी, मठ-मन्दिर, गुम्बा आदिलाई सक्रिय बनाउने ।

११. आधुनिक नेपालको पहिलो महान् जागरण अभियानको प्रारम्भ राष्ट्रनिर्माता वडामहाराजा श्री ५ पृथ्वीनारायण शाहद्वारा वि.सं. १८०० देखि प्रारम्भ भएको स्वीकार गर्दै मौसुफका उत्तराधिकारीहरूले वि.सं. १९७२ सालसम्म नेपालको पश्चिमी सिमाना रावीनदीदेखि पूर्वी सिमानामा भुटानसम्म पुऱ्याइएको महान् एकीकरण अभियानलाई नेपाली जातिको एक महान् गौरव, वीरता, स्वाभिमान एवं बलिदानको युगका रूपमा स्वीकार गर्दै मौसुफ सरकारको दिव्योपदेशलाई गोरक्ष जागरण अभियानको पनि मूलमन्त्रको रूपमा प्रचारप्रसार गर्ने ।

१२. आफ्नो राष्ट्रिय गौरव कायम गर्दै नेपाललाई सबभन्दा शान्तिपूर्ण र सम्पन्न मुलुक वनाउने स्पष्ट इच्छाशक्ति, योजनावद्ध प्रतिवद्धता, उचित प्रशासनिक क्षमता, स्वाधीन आर्थिक स्रोतको व्यवस्थापन गर्ने, गराउने एकतावद्व राष्ट्रिय संकल्प र अठोटका साथ गरिने संगठित प्रयासहरूको सञ्जाल नै 'महान् राष्ट्रिय पुनर्जागरण अभियान' भएको स्वीकार गर्दै नेपालीहरूमा 'गर वा मर' को भावनामा हरेक क्षण सचेत सक्रिय र सकारात्मक भावनाले भरिपूर्ण जीवनशैली विकास गर्न, गराउन सकारात्मक भूमिका निर्वाह गर्ने ।

४. सदस्यताको प्रकार

सदस्यताको प्रकार निम्नानुसार हुनेछ :–

(क) संस्थापक सदस्य :– (ख) आजीवन सदस्य :– संस्थालाई एकमुष्ट रु. ५,०००।- (पाँच हजार रूपैयाँ) वा सो वरावरको सहयोग प्रदान गर्ने व्यक्तिलाई कार्यसमितिले निर्णय गरी आजीवन सदस्यता प्रदान गर्न सक्नेछ । (ग) साधारण

(घ) मानार्थ सदस्य :– (ङ) स्वयंसेवक सदस्य :–

५.कार्यसमितिको गठन :– साधारण सदस्यहरूवाट निर्वाचित वर्तमान कार्यसमितिको नामावली निम्नानुसार छ :-

१) अध्यक्ष :-	बलभद्रनाथ योगी	२) प्रथम उपाध्यक्ष :-	मोहनवहादुर पाण्डे
३) उपाध्यक्ष :-	कृष्णमुरारि गौतम	४) महासचिव :-	नवराज [illegible]कारी
५) कोषाध्यक्ष :-	रामकुमार अधिकारी	६) सचिव :-	वामदेव
७) सदस्य :-	नारायणनाथ योगी	८) सदस्य :-	रामचन्द्र [illegible]ण्डारी
९) सदस्य :-	रामनाथ योगी	पदावधि तीन (३) वर्ष	

६. आर्थिक स्रोत :– संस्थाको आर्थिक स्रोत देहाय वमोजिम हुनेछ ।

क. सदस्यता प्रवेश शुल्क, नवीकरण शुल्क, बिलम्ब शुल्क र आजीवन सदस्यता शुल्क ।

ख. विभिन्न व्यक्ति, संघसंस्था, सरकारी तथा गैरसरकारी निकायहरूवाट प्राप्त दान, उपहार, सहयोग आदि ।

(ग) संस्थाको स्रोत जुटाउन प्रकाशन गरिएका, उत्पादन गरिएका विभिन्न सेवा वा बिक्रीवितरणवाट प्राप्त रकम ।

(घ) संस्थाको स्रोत संकलन गराउने उद्देश्यले आयोजित कार्यशाला, समारोह आदिवाट प्राप्त चल-अचल सम्पत्ति ।

(ङ) वैदेशिक सहायता वा अनुदान लिदा सरकारको पूर्व स्वीकृति लिइनेछ ।

बैंक खाता : बचत हिसाब नं. ९८०८३६, कृषि विकास बैंक, रत्नपार्क

७. कार्यालयको ठेगाना :- संस्थाको ठेगाना काठमाडौं महानगरपालिका, वडा नं. ३२, शान्तिगल्ली १/१५९ अनामनगर, काठमाडौं (हाल अन्तर्राष्ट्रिय मञ्चको कार्यालयमा रहनेछ । पोष्टवक्स नं. ३१३, काठमाडौं हुनेछ ।

फोन नं: २०३०३८२ (अध्यक्ष:- बलभद्रनाथ योगी) कार्यालय फोन नं: ४२२०७१३, ४२५४१९५

हिन्दूराष्ट्र जागरण अभियानको हार्दिक आव्हान

तपाईंलाई विश्वको एकमात्र हिन्दूराष्ट्रको नागरिक हुनुको गर्व हिजोसम्म प्राप्त थियो, आज छैन । ईश्लाम धर्म-संस्कृतिसापेक्ष देशहरू छन्, क्रिस्चियन धर्म-संस्कृतिसापेक्ष देशहरू छन्, वौद्ध धर्म-संस्कृतिसापेक्ष देशहरू छन् र त्यस्तै अरू धर्म-संस्कृतिसापेक्ष देशहरू पनि यो पृथ्वीमा छन् । तर, तपाईंका पुर्खाले तपाईंको जिम्मा छोडेको तपाईंको आफ्नै हक-अधिकारको तपाईंको आफ्नो धर्म-संस्कृतिसापेक्ष देशमा मात्रै यो पृथ्वीमा अव रहेन । तपाई जनताका नाममा, तपाईंको उपस्थितिमा, तपाईंकै धर्म-संस्कृति केही अविवेकीले विधर्मी र विदेशीलाई वेचिदिएका छन् । तपाईंको धर्म-संस्कृतिका लागि यो पृथ्वीमा एउटा छुट्टै देश थियो, अव छैन । आफ्नो पुर्ख्यौली सम्पत्तिको जग्गामा आफैं कमैया अथवा वँधुवा मजदुर वनेर श्री अनाथ चौधरीले खेती गरेजस्तै तपाई पनि अझै तीर्थ-व्रत गर्नुहुन्छ होला, पूजा-पाठ गर्नुहुन्छ होला, मन्दिर जानुहुन्छ होला, तिथि-चाड मान्नुहुन्छ होला, श्राद्ध-पितृपूजा गर्नुहुन्छ होला । कहिलेसम्म त्यसो गर्न पाउने तपाईंको अधिकार सुरक्षित रहला ? तपाईंपछिका पुस्तालाई आफ्नो धर्म-संस्कृतिअनुसार बाँच्ने अधिकार देलान् कि नदेलान् ? धर्म-संस्कृति लुटिएको कठै विचरा तपाई नेपाली !आफ्नो धर्म-संस्कृतिमाथिको आफ्नो राष्ट्रिय हक गुमाएको पीडा वोकेका हिन्दूहरूमाझ तपाई एक्लो हुनुहुन्न । तपाई "कठै विचरा" भनिने निरीह प्राणी पनि हुनुहुन्छ । व्यूँझनुहोस्, अर्को हिन्दूलाई व्यूँझाउनुहोस्, संगठित हुनुहोस् र आफ्नो गुमेको गौरव तथा पहिचानमाथिको आफ्नो हक फिर्ता लिनुहोस् । हिन्दूराष्ट्र जागरण अभियानमा सहभागी हुनुहोस् । तपाईंको धर्म-संस्कृतिका लागि यो पृथ्वीमा एउटा छुट्टै स्वतन्त्र देश रहने सुनिश्चित गर्नुहोस् ।

सहयोग र सहकार्यका लागि सम्पर्क ठेगाना :


योगी वलभद्रनाथ- २०३०३८२

भरत पीडित- ९८५१०८७१५३

ACC NO 15031

294.5
ग्रा३८७





बुढानीलकण्ठ


विष्णु विक्रान्त



गोसाईंकुण्ड



भगवान बुद्ध



भगवान् कृष्ण र अर्जुन

प्रकाशकः गोरक्ष जागरण अभियान
अनामनगर-शान्तिगल्ली १/१५९/१५, काठमाडौं, नेपाल, फोनः ४२५४१९५, ४२२०७१३